सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ जेठ २०८३, सोमबार (8 June 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ५६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

दोहोरो मारमा मकै किसान

उत्पादन हुने वेला हावाहुरी र वर्षाले क्षति पुऱ्यायो, बेच्न मूल्य पाएनन्



झापामा गत वर्ष प्रतिमन १३२० रुपैयाँसम्म बिक्री भएको मकै यसपटक भने प्रतिमन ११०० रुपैयाँसम्म मात्रै बिक्री भइरहेको छ

लामो खडेरी र फौजी किराले चिन्तामा किसान

(विस्तृत पृष्ठ ३)

तराईका दलितको सिप र संस्कृतिको सम्मान कहिले ?



अग्रलेख

तराईका दलितहरू ज्ञानका वाहक, संस्कृति निर्माणकर्ता, सिपका धनी र प्रकृतिसँगको सहअस्तित्वमा बाँच्ने समुदाय पनि हुन्

(पृष्ठ ४)

नेपाल-भारत ऋसबोर्डर डिजिटल भुक्तानी सम्झौता

सीमापार मोबाइलबाटै रकम 'ट्रान्सफर'

नेपालबाट भारतमा दैनिक १५ हजार र मासिक एक लाख भारुसम्म पठाउन सकिने, भारतबाट नेपालमा भने दैनिक २ लाख भारुसम्म पठाउन मिल्ने

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ स्वास्थ्यमा ३५ वर्षपछि थपियो ९७७ दरबन्दी

देशभर स्वास्थ्य संस्थामा एक लाख जनशक्ति आवश्यक, दरबन्दी बल्ल ३४ हजार ४५७

संघीय स्वास्थ्य संरचनामा कार्यरत विशेषज्ञ चिकित्सक १२ सय छन्, तीन सयलाई अस्पतालको प्रमुख बनाइएको छ। फिल्डमा काम गर्ने जनशक्ति नौ सय मात्रै छ। जनशक्ति अभावमा संघ, प्रदेश र स्थानीय तहले करारमा चिकित्सक राखेका छन्।

शिवहरि घिमिरे / नयाँ पत्रिका

सरकारले ३५ वर्षपछि स्वास्थ्य सेवामा ९७७ दरबन्दी थपेको छ। जबकि, नागरिकलाई सहज सेवा दिन देशभरका सरकारी अस्पताल तथा स्वास्थ्य संस्थामा एक लाख जनशक्ति आवश्यक छ। अहिले ०४८ को स्वास्थ्य नीतिअनुसार ३३ हजार ४८० दरबन्दी छ। जुन, आवश्यक जनशक्तिको एकतिहाइ मात्रै हो।

सरकारले संघीय पुलअन्तर्गत हालै ९७७ दरबन्दी थप्ने निर्णय गरेको छ। यसअघि पुलमा ८३१ दरबन्दी कायम छन्। थपिएका दरबन्दीमा लोकसेवामार्फत पूर्ति गर्ने सरकारको योजना छ। पछिल्लोपटक स्वीकृत दरबन्दीमा पदपूर्ति हुँदा पनि देशभर स्वास्थ्यको कुल दरबन्दी ३४ हजार ४५७ मात्रै पुग्छ। नयाँ दरबन्दीले ठुला अस्पतालहरूमा केही राहत दिए पनि समग्र स्वास्थ्य जनशक्ति अभावको ठुलो खाडल पुर्न सक्दैन।

स्वास्थ्य मन्त्रालयका अनुसार देशभरका ३३ हजार ४८० दरबन्दीमा संघअन्तर्गत तीन हजार ४८० मात्रै छन्। पुल दरबन्दीअन्तर्गत हालै थपिएको ९७७ समेत गर्दा संघअन्तर्गत चार हजार ४५७ दरबन्दी पुग्छ। पुल दरबन्दी भनेको स्वास्थ्य मन्त्रालयले आवश्यकताका आधारमा संघीय अस्पतालहरूमा खटाउन सक्ने जनशक्ति हो। त्यस्तै, प्रदेशमा सात हजार र स्थानीय तहमा २३ हजार दरबन्दी रहेको स्वास्थ्य मन्त्रालयको भनाइ छ।

हालै स्वीकृत दरबन्दी ठुला अस्पतालकेन्द्रित भएकाले त्यहाँ जनशक्ति वितरणमा राहत

» पृष्ठ २ मा क्रमशः

■ संघीय पुल दरबन्दी १८०८ पुग्यो

यसपटक स्टाफ नर्स ४८१ र मेडिकल अधिकृत १६४ थपिए

कोभिड महामारीका वेला संघीय स्वास्थ्य संरचनाअन्तर्गतको पुलमा जनशक्ति राख्ने व्यवस्था गरिएको थियो। त्यतिखेर सरकारले ८३१ दरबन्दी पुलमा राखेको थियो। हालै मात्र सरकारले पुलमा ९७७ दरबन्दी थप्ने निर्णय गरेको छ। संघअन्तर्गतका अस्पतालमा आवश्यकता हेरेर पुलबाट जनशक्ति खटाइन्छ।

पद	मौजुदा दरबन्दी	थप
अतिरिक्त स्वास्थ्यसचिव	१	-
सहसचिव	१	-
प्रमुख कन्सल्टेन्ट (प्र.क.) कार्डियोलोजिस्ट	१	१
प्र.क. इन्डोक्राइनोलोजिस्ट	१	-
प्र.क. चेस्ट डिजिट (फिजिसियन)	१	-
प्र.क. हेपाटोलोजिस्ट (फिजिसियन)	१	-
प्र.क. अर्थोपेडिक सर्जन	१	२
प्र.क. स्पाइनल सर्जन	१	१
प्र.क. युरो सर्जन	१	१
प्र.क. कार्डियोथोरासिक सर्जन	१	-
प्र.क. सर्जिकल ग्यास्ट्रो इन्टेरोलोजिस्ट	१	-
प्र.क. न्युरो सर्जन	१	१
प्र.क. डेन्टल सर्जन	१	-
प्रमुख अस्पताल नर्सिङ प्रशासक	१	-
प्रमुख औषधि व्यवस्थापक	-	१
प्र.क. सर्जन	-	२
प्र.क. अब्स्टेटिक्स एन्ड गाइनोकोलोजिस्ट	-	२
प्र.क. जनरल फिजिसियन	-	२
प्र.क. एनेस्थेसियोलोजिस्ट	-	१
प्र.क. मेडिकल जनरलिस्ट	-	१
प्र.क. रेडियोलोजिस्ट	-	१
प्र.क. पेडियाट्रिसियन	-	१
प्र.क. जनरल फिजिसियन	३	१०
ब./क. कार्डियोलोजिस्ट	१	३
ब./क. नेफ्रोलोजिस्ट	२	३
ब./क. ग्यास्टोइन्टेरोलोजिस्ट	३	१
ब./क. इन्डोक्राइनोलोजिस्ट	१	१
ब./क. चेस्ट डिजिज (फिजिसियन)	१	१
ब./क. जेरियाट्रिक फिजिसियन	२	-
ब./क. ऱ्युमाटोलोजिस्ट	२	-
ब./क. हेमाटोलोजिस्ट	२	-
ब./क. हेपाटोलोजिस्ट (फिजिसियन)	१	१
ब./क. सर्जन	३	१०
ब./क. अर्थोपेडिक सर्जन	२	७
ब./क. युरो सर्जन	१	२
ब./क. प्लास्टिक सर्जन	१	६
ब./क. कार्डियोथोरासिक सर्जन	२	१
ब./क. ग्यास्ट्रो इन्टेरोलोजिकल सर्जन	१	१
ब./क. न्युरो सर्जन	२	२
ब./क. लिभर ट्रान्सप्लान्ट सर्जन	२	१
ब./क. स्पाइनल सर्जन	२	
ब./क. रेडियोलोजिस्ट	५	५
ब./क. इन्टरभेन्सन रेडियोलोजिस्ट	२	१

» पृष्ठ २ मा क्रमशः

■ डब्लुएचओ भन्छ-

एक हजार जनसंख्याबराबर कम्तीमा एक डाक्टर आवश्यक

तर, नेपालमा एक डाक्टरले दुर्गमका सिंगो जिल्लालाई हेर्नुपर्छ

विश्व स्वास्थ्य संगठनका अनुसार स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न एक हजार जनसंख्याबराबर कम्तीमा एक डाक्टर चाहिन्छ। तर, नेपालमा भने एक डाक्टरले दुर्गममा सिंगो जिल्लाको जनसंख्यालाई हेर्नुपरेको छ। चिकित्सकहरू पनि सहरी क्षेत्रमा मात्र केन्द्रित छन्।

'दुर्गममा एक लाख जनसंख्याको भागमा एक मात्रै डाक्टर छन्, सहरमा कहीं १० हजारमा त कहीं १५ हजारमा एक डाक्टर छन्,' स्वास्थ्य मन्त्रालयका निवर्तमान प्रवक्ता तथा वीर अस्पतालका वरिष्ठ चिकित्सक डा. प्रकाश बुढाथोकीले भने, 'स्वास्थ्य मन्त्रालयले तीन करोड जनसंख्यामा एक लाख स्वास्थ्यकर्मी चाहिन्छ भनेर माग गरेको थियो, तर पूरा हुन सकेको छैन। अब चिकित्सकको विदेश पलायन रोक्ने हो भने हामीलाई जुन किसिमका विशेषज्ञ चिकित्सक चाहिन्छ सोहीअनुसार उत्पादन गर्नुपर्छ। वैज्ञानिक आधारमा जनशक्ति तयार गर्नुपर्छ।'



डा. प्रकाश बुढाथोकी

रविले बोलाए सर्वदलीय बैठक

सरकार र विपक्षी दलहरूको टकराव तथा लगातार सदन अवरोधका बिच रास्वपा सभापति रवि लामिछानेले डाके बैठक



नयाँ पत्रिका

संसद्मा सत्तापक्ष-प्रतिपक्षबिच टकराव र सांसदहरूबिच पनि छेडखानी तथा आरोप-प्रत्यारोप चलिरहेका वेला सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीले संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको सर्वदलीय बैठक आह्वान गरेको छ। सरकार र विपक्षी दलहरूको टकराव तथा लगातार सदन अवरोधका बिच रास्वपा सभापति

» पृष्ठ २ मा क्रमशः

संसद्मा प्रतिनिधित्व गर्ने दलका अध्यक्ष/सभापतिसहित दुईजना आमन्त्रण गरेका छौं

कवीन्द्र बुर्लाकोटी
महामन्त्री



पछिल्ला घटनाक्रमसहित समग्र समसामयिक विषयमा छलफलका लागि सभापतिज्यूले बैठक आह्वान गर्नुभएको हो। बैठक सोमबार बिहान ९ बजे सिंहदरबारस्थित संसद्को सार्वजनिक लेखा समितिको हलमा बोलाइएको छ। बैठकमा संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूबाट पार्टी अध्यक्ष-सभापतिसहित दुईजनालाई सहभागिताका लागि आमन्त्रण गरिएको छ।

सैनिक सेवा नियमावली संशोधन

भर्नादेखि निवृत्तिभरणसम्मका प्रावधान हेरफेर



● **मनोजकुमार आचार्य**
प्रवक्ता, रक्षा मन्त्रालय

नियमावली संशोधनका लागि दुई वर्षदेखि गृहकार्य हुँदै आएको थियो। द्वन्द्वकालमा घाइते सैनिकका सुविधालगायतका विषय सम्बोधन गर्नुपर्ने थियो। नियमावलीमा जटिल र संवेदनशील कामका खटिने सैनिकको जोखिम भत्ताजस्ता सुविधा थप गरिएको छ ।

नवराज मैनाली / नयाँ पत्रिका

सैनिक सेवा नियमावली, २०६९ संशोधन गर्दै नियमावली संशोधनमार्फत भर्नादेखि निवृत्तिभरणसम्मका प्रावधान हेरफेर गरिएको छ। ५ जेठमा बसेको मन्त्रिपरिषद्ले स्वीकृत गरेको नियमावली गत बिहीबार राजपत्रमा प्रकाशित भएसँगै कार्यान्वयनमा गएको छ।

रक्षा मन्त्रालयका प्रवक्ता मनोजकुमार आचार्यका अनुसार करिब दुई वर्षको गृहकार्यपछि नियमावली संशोधन गरिएको हो। 'नियमावलीमा जटिल र संवेदनशील कामका खटिने सैनिकको जोखिम भत्तालगायतका विषय उल्लेख छ,' उनले भने।

» पृष्ठ २ मा क्रमशः



■ पोसाक सामान हेरफेर

सैनिकले पाउने पोसाकको कोटा पनि हेरफेर भएको छ। यसअघि छालाको बुट दुई वर्षमा दिनेमा अब तीन वर्ष बनाइएको छ। फरेक्स क्याप यसअघि १० वर्षमा दिइनेमा अब ६ वर्षमा दिइने भएको छ।

झुल यसअघि सबै क्षेत्रमा काम गर्नेलाई पाँच वर्ष भएकोमा अब तराईमा काम गर्ने तीन र अन्य क्षेत्रमा काम गर्नेलाई पाँच वर्ष राखिएको छ। यसअघि दिइँदै आएको ऊनी मोजा हटाइएको छ। क्यामो भेस्ट यसअघि ६ वर्षमा एक सेट पाउँदै आएकामा अब तराईमा दुई वर्ष र अन्यत्र तीन वर्ष कायम गरिएको छ।

उलन भेस्ट पनि यसअघि ६ वर्षमा दिने गरिएकामा अब हिमाली क्षेत्रमा दुई वर्ष, तराई क्षेत्रमा चार वर्ष र अन्यत्र तीन वर्ष कायम गरिएको छ। उलन भेस्ट ट्राउजर हटाइएको छ भने पाँचवटा नयाँ पोसाक थप गरिएको छ। गोर्खा ह्याट, सिभिल मोजा, स्नो क्याप, म्याट्रेस, तकिया र तन्ना थपिएको छ। त्यस्तै, पुजारीको पोसाक, खेल पोसाक, फोटोग्राफर पोसाक तथा सेता एप्रोनजस्ता कपडा थप गरिएको छ।

१४ लाखको 'बोरा किन्न नसक्दा' गोदाममै नष्ट हुँदै ६ करोडको उदयपुर सिमेन्ट

प्याकिङ भइसकेको पाँच हजार बोरा नष्ट, प्याकिङ नभएको ५० हजार बोरा बिग्रिँदै, २७ हजार बोरा उत्पादन गर्न पुग्ने क्लिंकर प्रयोगविहीन

सिमेन्ट भर्ने बोरा प्रतिगोटा १७ रुपैयाँका दरले किन्दै आएको थियो उद्योगले

उदयपुरमा **विदुर कटुवाल**

शतप्रतिशत सरकारी लगानी रहेको उदयपुर सिमेन्ट उद्योगले १४ लाखको 'बोरा किन्न नसक्दा' ६ करोडबराबर मूल्यको सिमेन्ट र क्लिंकर गोदाममै नष्ट हुने अवस्थामा पुगेको छ। ५५ हजार बोरा प्याकिङ गर्न पुग्ने सिमेन्ट र २७ हजार बोरा सिमेन्ट उत्पादन गर्न पुग्ने क्लिंकर गोदाममै थन्किएको हो। उद्योग व्यवस्थापनका अनुसार पाँच हजार बोरा प्रयोग गर्ने नमिल्ने भएको र बाँकी पनि केही महिनामै नष्ट हुने हालतमा छ।

उद्योगका उत्पादन विभाग प्रमुख नगेन्द्रप्रसाद देवका अनुसार ८२ हजार बोरा सिमेन्ट नष्ट हुँदा उद्योगलाई ६ करोड ३५ लाख ५० हजार रुपैयाँ क्षति हुन्छ। यो मूल्य उद्योगले बिगतमा बिक्री गर्दै आएको प्रतिबोरा ७७५ रुपैयाँ दरको आधारमा हो। जबकि उद्योगले बिगतमा

» पृष्ठ २ मा क्रमशः



प्याकिङ हाउसमै नष्ट भइसकेको सिमेन्ट



नष्ट भइसकेको सिमेन्ट कोदालोले खनेर देखाउँदै उद्योगका एक कर्मचारी

■ चार महिनादेखि उद्योग बन्द, दायित्व सवा पाँच अर्ब नाघ्यो

एक समय देशकै प्रमुख सिमेन्ट उत्पादक उद्योगका रूपमा परिचित उदयपुर सिमेन्ट उद्योग पछिल्लोपटक फागुनदेखि बन्द छ। लामो समयदेखि उत्पादन रोकिँदा उद्योगका मेसिनहरू निष्क्रिय बनेका छन् भने केही उपकरणमा माकुराको जालो लाग्न थालेको कर्मचारीहरू बताउँछन्। उद्योगका मजदुर तथा कर्मचारीहरू १५ महिनादेखि तलब-भत्ता नपाएको भन्दै आन्दोलनमा उत्रिएका छन्। उद्योग प्रशासनका अनुसार हाल उद्योगमाथि पाँच अर्ब २९ करोड २४ लाख १३ हजार २८२ रुपैयाँ दायित्व छ। उदयपुर सिमेन्ट उद्योगमा हाल १७७ सरकारी कर्मचारी र ५९ करारका सुरक्षाकर्मी छन्। सुरक्षाकर्मीले सुरक्षा दिइरहेका छन् भने कर्मचारी कामविहीन भएका छन्।

दिल्लीबाट फर्किए परराष्ट्रमन्त्री

'भारत भ्रमण उपलब्धिमूलक'

पर्शुराम काफ्ले / नयाँ पत्रिका

भारतको औपचारिक भ्रमणमा गएका परराष्ट्रमन्त्री शिशिर खनाल समकक्षी डा. जयशंकरसँग दुई देशका सबै मुद्दामा सघन छलफल गरेर आइतबार स्वदेश फर्केका छन्। खनालले समकक्षी जयशंकर तथा भारतीय प्रधानमन्त्रीका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग बेग्लाबेग्लै छलफल गरेका थिए। स्वदेश फर्केपछि पत्रकारहरूसँग कुराकानी गर्दै परराष्ट्रमन्त्री खनालले भ्रमणमा उपलब्धिमूलक छलफल भएको बताए।

'नेपाल-भारत द्विपक्षीय सम्बन्धका सम्पूर्ण पक्षहरूमा हाम्रो व्यापक तथा उपलब्धिमूलक छलफल भयो,' समकक्षी जयशंकरसँग शनिबार भएको वार्ताबारे खनालले भने, 'वार्तामा व्यापार तथा आर्थिक सहकार्य, कनेक्टिभिटी, ऊर्जा साझेदारी, जलस्रोत व्यवस्थापन र खेलकुदलगायत जनस्तरीय सम्बन्ध

» पृष्ठ २ मा क्रमशः



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा परराष्ट्रमन्त्री शिशिर खनालले भने-

> छलफल र उच्चस्तरीय भेटघाटले नेपाल-भारतबिचको कूटनीतिक र आर्थिक सहकार्य नयाँ उचाइमा पुऱ्याउनुका साथै आगामी दिनमा आपसी हितका क्षेत्रहरूमा परिणाममुखी सहकार्य अघि बढाउन बलियो आधार तयार भएको छ। व्यापार तथा लगानी विस्तार गर्ने, ऊर्जा सहकार्य सुदृढ गर्ने, पर्यटन प्रवर्द्धन गर्ने तथा कनेक्टिभिटी र जनस्तरको सम्बन्ध अझ सशक्त बनाउने विषयहरूमा ठोस आधार तयार पारेको छ।

‘भारत भ्रमण...

पृष्ठ १ बाट क्रमशः

अभिवृद्धिजस्ता विषयहरूमा ठोस छलफल भयो। दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छौँ।’

परराष्ट्रमन्त्री खनालले द्विपक्षीय परियोजना तथा सहकार्यका पहलहरूको प्रगतिको समीक्षा गर्नुका साथै तिनलाई थप प्रभावकारी बनाउने उपायहरूबारे छलफल गरेको पनि बताए। ‘छलफल र उच्चस्तरीय भेटघाटले नेपाल-भारतबिचको कूटनीतिक र आर्थिक सहकार्य नयाँ उचाइमा पुऱ्याउनुका साथै आगामी दिनमा आपसी हितका क्षेत्रहरूमा परिणाममुखी सहकार्य अघि बढाउन बलियो आधार तयार भएको छ,’ परराष्ट्रमन्त्री खनालले भने, ‘हाम्रो सन्तुलित, स्वतन्त्र र बहुआयामिक परराष्ट्र नीतिलाई थप सशक्त ढंगले अभिव्यक्त गर्ने अवसर प्राप्त भएको छ। व्यापार तथा लगानी विस्तार गर्ने, ऊर्जा सहकार्य सुदृढ गर्ने, पर्यटन प्रवर्द्धन गर्ने तथा कनेक्टिभिटी र जनस्तरको सम्बन्ध अझ सशक्त बनाउने विषयहरूमा ठोस आधार तयार पारेको छ।’

मन्त्री खनालले क्षेत्रीय स्थायित्व, आपूर्ति शृंखला सुरक्षा तथा ऊर्जा साझेदारीजस्ता समसामयिक अन्तर्राष्ट्रिय मुद्दाहरूमा समेत कुराकानी भएको बताएका छन्। विगतमा भारतीय विदेश मन्त्रालय वा हैदराबाद हाउसमा हुने गरेको भए पनि यसपटक दुई देशका परराष्ट्रमन्त्रीहरूको औपचारिक वार्ता ताजमानसिंह होटेलमा भएको थियो। सोही होटेलमा परराष्ट्रमन्त्री खनाललाई बस्ने व्यवस्था थियो।

‘परराष्ट्रमन्त्री बसेकै होटेलमा भारतीय विदेश मन्त्रालयको पूरै संयन्त्र गएको थियो र औपचारिक वार्तादेखि रात्रिभोजसमेत त्यहीँ भयो। करिब तीन घण्टा दुई परराष्ट्रमन्त्रीहरू सँगै बसेर छलफल गर्ने वातावरण भयो,’ वार्ताबारे जानकार एक कूटनीतिक अधिकारीले भने, ‘भारतीय विदेश मन्त्रीले नयाँ सरकारसँग सहकार्यका विषयमा जुन तत्परता देखाए, यसले परराष्ट्रमन्त्रीदेखि हामी सबैलाई उत्साही बनाएको छ। करिब दश वर्षपछि भारतको सोच, बोली र व्यवहारमा बदलाव आएको स्पष्ट सन्देश हामीले पाएका छौँ।’

शुक्रबार साँझ उनले भारतीय प्रधानमन्त्रीका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग सुक्षा, सीमाबारे छलफल भएको पनि उनले बताए। ‘नेपाल र भारतका साझा सुरक्षा चासो, सीमा व्यवस्थापन तथा दुई देशबिचको रणनीतिक साझेदारीका विभिन्न पक्षहरूमा विचार आदान-प्रदान भयो,’ उनले भने। परराष्ट्रमन्त्री खनालले भारतमा नयाँ सरकारप्रति उत्साह आफूले पाएको बताए। ‘नेपालले स्थिर सरकार पाएकाले यसमार्फत नेपाल-भारतबिच सहयोगका परियोजनालगायतका विषयमा ढुक्क भएर काम गर्न सकिन्छ भन्ने विश्वास मैले पाएँ।’

उनले आफ्नो भ्रमणमार्फत दुई देशबिच उच्चस्तरीय औपचारिक भ्रमणको सुरुवात भएको पनि बताए। ‘अबका केही महिनामा यताबाट पनि उताबाट पनि उच्चस्तरीय भ्रमणहरूको अपेक्षा राख्न सक्छौँ,’ खनालले भने। भारतीय विदेशमन्त्री जयशंकरलाई उनले निमन्त्रणा दिइसकेका छन्। उनले दुई महिनामा काठमाडौं भ्रमण गर्ने नेपालको विश्वास छ।

‘बेलायतसँग मध्यस्थता होइन दस्ताबेज खोज्दै छौँ’

परराष्ट्रमन्त्री खनालले एक्सेस अफ डकुमेन्टका सन्दर्भमा नेपालले बेलायतसँग चासो राखेको भए पनि नेपाल-भारत सीमामा बेलायतको मध्यस्थताका पक्षमा नेपाल नरहेको स्पष्ट पारेका छन्। उनले नेपालको राष्ट्रिय अभिलेखालयमा भएका दस्ताबेज अध्ययनका क्रममा केही सक्कल कपीहरू नभएको उनको भनाइ थियो। ‘नेपालमा केही विषयको सक्कलै प्रमाणित कपी नभएकोजस्तो देखिन्छ। विभिन्न कालखण्डमा सिंहदरबारमा आगो लागेको कारणले हुन सक्छ,’ उनले भने, ‘कतिपय हामीसँग नभएका दस्ताबेजहरू वा भएका दस्ताबेजहरूलाई थप सहयोग गर्ने दस्ताबेजहरू, सन् १८१६ मा सुगौली सन्धि हुने वेलाका इस्ट इन्डिया कम्पनीका मानिसहरूले अध्ययन गरेका, लेखेका विषय, व्यक्तिगत नोटबुकहरू पनि ऐतिहासिक प्रमाणका रूपमा प्रयोग गर्न सकिन्छ। हाम्रो बेलायतसँग मित्रवत् सम्बन्ध छ र एक्सेस अफ डकुमेन्टका हिसाबले आवश्यक परेका वेला बेलायतका संग्रहालय, लाइब्रेरी, नेसनल आर्काइभहरूमा दस्ताबेज खोज्ने विषय हो।’

परराष्ट्रमन्त्री खनालले यो विषय आइतबार दिल्लीस्थित नेपाली दूतावासमा भारतीय पत्रकारहरूसँग पनि भनेका थिए। ‘धेरैजसो सीमा विवादहरू नेपाल र बेलायतबिच लामो ऐतिहासिक विरासतका हिस्सा हुन्, विशेष गरी नेपाल-भारतको वर्तमान सीमा १८१६ को सुगौली सन्धिबाट आउँछ,’ उनले भने, ‘हाम्रा प्रधानमन्त्रीले प्रस्ट रूपमा जोड दिएझैँ, हामी वार्ताको टेबलमा बस्छौँ, वार्ता र कूटनीतिक संयन्त्रका माध्यमबाट समाधान हुनेछ।’ उनले ऐतिहासिक प्रमाणका सन्दर्भमा बेलायत सरकारसँग भएका दस्ताबेजमा पहुँचको विषयमा नेपालले चासो राखेको सुनाए। उनले थपे, ‘हामी बेलायतका पुस्तकालय वा संग्रहालयहरूमा हुन सक्ने केही दस्ताबेजहरूमा पहुँच हुन सक्छ कि भनेर हेर्न मात्र चाहन्छौँ। यसको अर्थ हामीले मध्यस्थता मागेका हौँ भन्ने होइन, त्यो प्रधानमन्त्रीको आशय होइन।’

भारतीय पत्रकारलाई भने– लिपुलेक नेपालको

लिपुलेक पास भएर भारत र चीनबिच पछिल्लोपटक कैलाश मानसरोवरमा भारतीय तीर्थयात्री जाने सहमति कार्यान्वयनप्रति नेपालले दुवै देशलाई कूटनीतिक नोट पठाएको र त्यो भूभाग नेपालको रहेको परराष्ट्रमन्त्रीले स्पष्ट पारेका छन्। ‘हामीले भारत र चीन दुवैलाई औपचारिक कूटनीतिक माध्यमबाट हाम्रो धारणा व्यक्त गरिसकेका छौँ। त्यसैले यस दृष्टिकोणबाटै हामीले दुवै देशलाई स्पष्ट रूपमा त्यो भूमि हाम्रो हो भनेका छौँ,’ नयाँदिल्लीस्थित नेपाली राजदूतावासमा आयोजित पत्रकार सम्मेलनमा उनले भने।

कैलाश मानसरोवर यात्रामा नेपालको चासो नभएको, तर भारत र चीनबिच लिपुलेक र कालापानी क्षेत्रबारे भएको नयाँ सम्झौताप्रति मात्रै रहेको उनले बताए। ‘हामीले धेरै लामो समयदेखि ती भूमिहरू हाम्रा हुन् भनेर आफ्नो दाबी प्रस्तुत गर्दै आएका छौँ। र, हाम्रो सहमतिविना दुई देशले आफैँ सम्झौता गर्न सक्दैनन्। यो कुरा हामीले दुवै देशलाई कूटनीतिक नोटहरूसहित निकै प्रस्ट रूपमा जानकारी गराएका छौँ,’ परराष्ट्रमन्त्री खनालले भने। उनले गोर्खाभर्तीबारे भारतीय समकक्षीसँग छलफल नभएको बताए। ‘सरकारलाई जहिले आवश्यक लाग्छ, अन्य विषयहरूजस्तै यो विषयमा पनि हामी वार्ताको टेबुलमा बस्नेछौँ, बस्नुपर्छ,’ भारतीय पत्रकारहरूको प्रश्नमा उनले भने।

भर्नादेखि...

पृष्ठ १ बाट क्रमशः

नियमावलीमा भर्नाका प्रावधान पनि हेरफेर गरिएको छ। यसअघि सैनिक सेवामा भर्ना खुलाउँदा दरखास्त दिन एक महिनाको समय हुन्थ्यो। अब २१ दिन मात्र हुनेछ। पदपूर्ति प्रक्रिया छिटो बनाउन दरखास्त दिने अवधि घटाइएको रक्षा मन्त्रालयका प्रवक्ता आचार्य बताउँछन्।

प्रावधानअनुसार भर्नामा पदसंख्याभन्दा धेरै उत्तीर्ण भएमा योग्यताक्रमअनुसार उत्तीर्ण भएका सबै उम्मेदवारको सूची प्रकाशन गर्ने र वैकल्पिक उम्मेदवारको संख्यासमेत तय गरिएको छ।

त्यस्तै, बढुवा सिफारिस समिति पनि हेरफेर गरिएको छ। प्रमुख सेनानीदेखि सहायक रथीसम्मको पदमा बढुवाका लागि यसअघि प्रधानसेनापतिले तीन उपरथी तोक्न सक्थे भने संशोधनमा एकजना मात्र उपरथी तोक्ने व्यवस्था राखिएको छ। रथीको अध्यक्षतामा रहने यस्तो समिति यसअघि ११ सदस्यीय हुनेमा अब नौसदस्यीय हुनेछ। त्यस्तै, उपसेनानीबाट सहसेनानीमा बढुवा हुन महिला र ३४ वर्ष नाघेकाले कमान्डो तालिम गर्न नपर्ने नयाँ प्रावधान राखिएको छ।

नियमावलीमार्फत जोखिम भत्ताको व्यवस्था गरिएको छ। दफा ७४ मा यसअघि स्थानीय भत्ताको मात्र व्यवस्था थियो। सशस्त्र द्वन्द्वमा अशक्त पूर्वसैनिकलाई लक्षित गरी नयाँ प्रावधान थपिएको छ। त्यस्तै, शान्ति सेना तथा विपत् व्यवस्थापनका क्रममा मृत्यु हुने तथा घाइते हुने सैनिकको हकमा पनि नियमावलीले सम्बोधन गरेको छ।

रास्वपाको ५५ जिल्लामा नेतृत्व छनोट

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीको दुई दिनदेखि जारी जिल्ला अधिवेशनहरूबाट धमाधम नयाँ नेतृत्व चयन भइरहेका छन्। शनिबार र आइतबारसहित ५५ जिल्लामा अधिवेशनबाट नयाँ नेतृत्व चयन सम्पन्न भइसकेको रास्वपाले जनाएको छ। महाधिवेशनपूर्व ६७ र पछि १० जिल्लामा अधिवेशन गर्ने रास्वपाको योजना छ।

चयन भएकामध्ये धेरैजसो जिल्लामा सर्वसम्मत र कतिपय जिल्लामा चुनावी प्रक्रियाबाट नेतृत्व छनोट भएको छ। महामन्त्री कवीन्द्र बुर्लाकोटीले सोमबारसम्म उद्घाटन भएका सबैजसो जिल्लामा नयाँ नेतृत्व चयन भइसक्ने र यकिन तथ्यांक आउने बताए।

अधिवेशन स्थगित भएका जिल्लामा विवाद हल गरी अर्को मिति तय हुनेछ। मिति तय हुन बाँकी जिल्लाहरूको अधिवेशन महाधिवेशनपछि आयोजना गर्ने रास्वपाको तयारी छ।

रास्वपा केन्द्रीय कार्यालयका अनुसार आइतबारसम्म कोशी प्रदेशका १४ मध्ये आठ जिल्लामा नयाँ नेतृत्व चयन भएका छन्। मधेश प्रदेशमा महोत्तरी, धनुषा र रौतहटको अधिवेशन स्थगित छ। बागमतीमा काठमाडौंसहित नौ जिल्लामा नयाँ नेतृत्व चयन भएको छ। गण्डकी पाँच जिल्लामा नयाँ नेतृत्व चयन भएको छ। त्यस्तै, कर्णालीका तीन जिल्लामा नेतृत्व आएको छ।

रविले बोलाए...

पृष्ठ १ बाट क्रमशः

लामिछानेले प्रतिनिधिसभा र राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको बैठक आह्वान गरेका हुन्। महामन्त्री कवीन्द्र बुर्लाकोटीले सभापति लामिछानेले समसामयिक राजनीतिक विषयमा छलफलका लागि बैठक आह्वान गरेको बताए। ‘पछिल्ला घटनाक्रमसहित समग्र समसामयिक विषयमा छलफलका लागि सभापतिज्यूले बैठक आह्वान गर्नुभएको हो,’ बुर्लाकोटीले नयाँ पत्रिकासँग भने, ‘सोमबार बिहान ९ बजे सिंहदरबारस्थित संसद्को सार्वजनिक लेखा समितिको हलमा बोलाइएको छ। बैठकमा संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूबाट पार्टी अध्यक्ष-सभापतिसहित दुईजनालाई सहभागिताका लागि आमन्त्रण गरिएको छ।’

टकराव बढिरहेकै बिचमा १८ जेठमा स्थगित बैठक सोमबार बस्दै छ। बैठकअगावै प्रतिपक्षसँग बढेको दूरी कम गरी संसद् बैठक सुचारु गर्ने काममा सहजीकरण गर्ने उद्देश्यले लामिछानेले बैठक बोलाएका हुन्। त्यसक्रममा उनले आफ्नो भारत भ्रमणलगायत समसामयिक राजनीतिक विषयमा संसद्मा प्रतिनिधित्व गर्ने दलहरूलाई जानकारीसमेत दिने उद्देश्य रहेको छ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	**१) ऋणी फर्म : ए.डि. ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता - अस्मीता घिमिरे** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फ.र.नं. ११७९९/०७९/०८०, दर्ता मिति : २०८०/०३/२५, ठेगाना : जिल्ला सुनसरी, इटहरी उ.म.न.पा. वडा नं. १७
	२) ऋणी : अस्मीता घिमिरे, स्थायी ठेगाना : सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. १२, हालको ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. १७, बाबु : नवराज घिमिरे, ससुरा : डिल्ली प्रसाद पोखरेल, पति : फणिन्द्र प्रसाद पोखरेल
	धितोको विवरण
	१) नवराज घिमिरेको छोरी, फणिन्द्र प्रसाद पोखरेलको पत्नि, सर्लाही जिल्ला, ईश्वरपुर न.पा वडा नं. १२ (हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. १७) बस्ने **अस्मीता घिमिर**को नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, मृगौलिया गा.वि.स. वडा नं. ७ ख स्थित किता नं. ७६१, ७७३, ७७४, ७७५ र ७७६ को क्षेत्रफल क्रमश: ०-०-१०-१, ०-१-५-२, ०-१-६-३, ०-१-१३-० र ०-०-१०-२ (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) **ए.डि. ट्रेडस**को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२	**१) ऋणी फर्म : जेशिका ग्रिल उद्योग, प्रोप्राईटर तथा जमानीकर्ता - जीवन भुजेल** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, सिन्धुलीमा प्रा.फ.नं. ६४४५/०७७/७८, दर्ता मिति : २०७७/१२/०२, ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा. वडा नं. ९
	२) ऋणी : जीवन भुजेल, स्थायी ठेगाना : सिन्धुली जिल्ला, दुधौली गा.वि.स. वडा नं. ६, हालको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९, बाबु : लिल बहादुर भुजेल, बाजे : बुद्धिमान भुजेल
	धितोको विवरण
	१) रुपधरको नाति, बुद्धिमान भुजेलको छोरा, सिन्धुली जिल्ला, दुधौली गा.वि.स. वडा नं. ६ (हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९) बस्ने लिल बहादुर भुजेलको नाममा मालपोत कार्यालय सिन्धुलीको लगतमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, महेन्द्र लदाभिर न.पा./गा.वि.स. वडा नं. २ ख स्थित किता नं. १४६ को क्षेत्रफल ०-६-१०-२ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) **जेशिका ग्रिल उद्योग**को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३	**१) ऋणी फर्म : एमुना पशुपंक्षी तथा कृषि फार्म, प्रोप्राईटर तथा जमानीकर्ता - एमुना राई (गुरुङ)** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, ओखलढुङ्गामा प्रा.फ./सा.फ.र.नं. २२५१/०७७/०७८, दर्ता मिति : २०७७/१२/२३, ठेगाना : जिल्ला ओखलढुङ्गा, सिद्धिचरण न.पा. वडा नं ११
	२) ऋणी फर्म : एम्बर ग्रिन होटल एण्ड लज, प्रोप्राईटर तथा जमानीकर्ता - अम्बर गुरुङ दर्ता नं.: घरेलु तथा साना उद्योग बिकास समिति, शाखा कार्यालय ओखलढुङ्गामा प्रा.फ.नं.घ.ओ. १०४४/०७१/०७२, दर्ता मिति : २०७१/११/२७, ठेगाना : जिल्ला ओखलढुङ्गा, सिद्धिचरण न.पा. वडा नं ४
	धितोको विवरण
	१) पुर्ण बहादुरको नाती, फत्य बहादुरको छोरा, ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. ३ (हाल सिद्धिचरण न.पा. वडा नं. ११) बस्ने **अम्बर गुरुङको** नाममा मालपोत कार्यालय ओखलढुङ्गाको लगतमा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. ३ (हाल ओखलढुङ्गा न.पा. वडा नं. ११) स्थित किता नं. १५२२ को क्षेत्रफल ०-१२-१-२ (रोपनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) **एमुना पशुपंक्षी तथा कृषि फार्म तथा एम्बर ग्रिन होटल एण्ड लज**को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राइटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (सोमबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

देशभर स्वास्थ्य...

पृष्ठ १ बाट क्रमशः

मिल्ने स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीले बताए। ‘स्वास्थ्य मन्त्रालयअन्तर्गतको मौजुदा ८३१ दरबन्दीमा ९७७ नयाँ थप गरी हालै कुल एक हजार ८०८ दरबन्दी कायम भएको छ। थप भएको दरबन्दीमा विभिन्न विधाका विशेषज्ञ चिकित्सकसहित पाँच सयहाराहारी नर्स छन्,’ उनले भने, ‘स्वीकृत दरबन्दीमा अब छिट्टै लोकसेवा आयोगबाट चरणबद्ध खुला प्रतिस्पर्धा गराई छनोट प्रक्रिया अघि बढाइनेछ।’

स्वास्थ्य मन्त्रालयका अनुसार संघीय सरकारी अस्पतालमा एक हजार दुई सय मात्रै विशेषज्ञ चिकित्सक कार्यरत छन्। त्यसमध्ये करिब ५० जना मात्रै संघीय अस्पताल र स्वास्थ्य मन्त्रालयअन्तर्गतका संघसंस्थामा प्रमुखका रूपमा कार्यरत छन्। राजधानीसहित देशभर २६ संघीय अस्पताल छन्।

सरकारी तथ्यांकले देशमा स्वास्थ्य जनशक्ति उत्पादन भने चाहिँदो मात्रामा भएको देखाउँछ। आर्थिक सर्वेक्षण प्रतिवेदनअनुसार ०८२ फागुनसम्म नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषद्, नेपाल आयुर्वेद मेडिकल परिषद्, नेपाल फार्मेसी परिषद् लगायत निकायमा दर्ता भएका स्वास्थ्यकर्मीको संख्या तीन लाख ८५ हजार ३७० पुगेको छ। यो संख्या ०८१ फागुनसम्म तीन लाख ६६ हजार ५०५ थियो। तर, यीमध्ये कति स्वास्थ्यकर्मी बिदेसिएका छन् भन्नेबारे सरकारी तथ्यांक छैन। स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार ०८२ फागुनसम्म ३५ हजार १८७ मेडिकल चिकित्सक, ६ हजार ८३ दन्त चिकित्सक, १२ हजार ९५३ विशेषज्ञ चिकित्सक गरी कुल ५४ हजार २२३ चिकित्सक नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका छन्। तर, उत्पादित जनशक्तिलाई सरकारले प्रयोग गर्न नजान्दा सरकारी स्वास्थ्य संस्थाहरूमा उपचार सेवा कठिन बनिरहेको सेवाग्राहीको गुनासो छ।

नेपाल चिकित्सक संघले उत्पादित जनशक्तिलाई सरकारले बेवास्ता गर्दा सार्वजनिक स्वास्थ्य क्षेत्रमा अभाव देखिएको जनाएको छ। संघका निवर्तमान अध्यक्ष डा. अनिलविक्रम कार्कीले सरकारी अस्पतालमा धेरै स्वास्थ्यकर्मी कार्यरत रहेको भनी हल्ला फैलाए पनि त्यसमा कुनै सत्यता नरहेको बताए। ‘कुनै पनि सरकारी अस्पताललाई स्तर र मागअनुसारको जनशक्ति दिइएको छैन। सरकारले निजी अस्पतालका समेत स्वास्थ्यकर्मीलाई सरकारीमा कार्यरत रहेको भनी हल्ला फैलाएको छ, यो मिथ्यांकले हुँदैन। वास्तवमा भन्नुपर्दा मुलुकमै उत्पादन भएका जनशक्तिलाई सरकारले काम दिन सकेको छैन,’ कार्कीले भने, ‘पहिले ५० बेडसंख्या भएको अस्पतालमा दुई सय बेड पुग्यो, तर जनशक्ति उही छ। एउटा सिफ्ट तथा आइसियू चलाउन कम्तीमा चारजना नर्स चाहिन्छ। तर, आठ आइसियूका लागि चारजना नर्स राखिएको छ। जनशक्ति बढाउने हो भने आठ आइसियूलाई १६ नर्स चाहिन्छ।’

कार्कीले वीर अस्पतालमा नयाँ भवन बनेपछि सेवा बढे पनि जनशक्ति नबढाइएको र सेवा प्रवाह झन् कठिन पारिएको बताए। संघको तथ्यांकअनुसार हाल संघीय स्वास्थ्य संरचनामा कार्यरत विशेषज्ञ चिकित्सक संख्या एक हजार दुई सय हो, त्यसमा पनि तीन सयलाई अस्पतालको प्रमुख बनाइएको छ। फिल्डमा काम गर्ने जनशक्ति नौ सय मात्रै छ। हाल प्रदेश र स्थानीय तहले छात्रवृत्ति करारमा चिकित्सक राखेका छन्।

आर्थिक सर्वेक्षणमा स्वास्थ्य सेवा तथा जनशक्ति ११.४ प्रतिहजार जनसंख्यामा चिकित्सक तथा नर्स बढेको दाबी गरिएको छ। ०८२ फागुनसम्म प्रतिहजार जनसंख्यामा १.८६ चिकित्सक र ४.४२ नर्स छन्। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः १.१ चिकित्सक र २.८६ नर्स थियो। सर्वेक्षणमा सरकारी सेवाअन्तर्गत नेपालभर हाल एक लाख चार हजार ७५६ स्वास्थ्य जनशक्ति कार्यरत रहेको उल्लेख छ। तर, स्वास्थ्य मन्त्रालयकै सूचना अधिकारी डा. केसीले संघ, प्रदेश, जिल्ला र पालिकास्तरसम्मका सरकारी अस्पतालमा कार्यरत दरबन्दी संख्या ३३ हजार ४८० मात्रै रहेको बताए। यो संख्या हालै नयाँ थपिएको ९७७ दरबन्दी बाहेकको हो। ०८२ फागुनसम्म डाक्टर, नर्स, अनमि, कविराज, वैद्य, स्वास्थ्य सहायक तथा महिला स्वास्थ्य स्वयंसेविकासहित उक्त संख्या पुगेको सर्वेक्षणको दाबी छ।

आर्थिक वर्ष ०७८ मा सात हजार ५६६ स्वास्थ्य संस्था रहेकामा ०८२ असारसम्म यो संख्या बढेर आठ हजार ९७६ पुगेको छ। यस अवधिमा अस्पतालको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको छ। ०७८ मा १२५ अस्पताल रहेकामा ०८२ सम्म आइपुग्दा ४२० पुगेको छ। उपस्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रको संख्या दुई हजार ९७१ बाट बढेर चार हजार ३४६ पुगेको छ। स्वास्थ्य चौकीको संख्या भने घट्दो क्रममा देखिएको छ। ०७८ मा तीन हजार ८७० रहेको स्वास्थ्य चौकी ०८२ सम्म तीन हजार ६०३ मा झरेको तथ्यांकमा उल्लेख छ।

१४ लाखको...

पृष्ठ १ बाट क्रमशः

गरेको खरिद दरलाई आधार मान्दा उक्त सिमेन्ट प्याकिङ गर्ने बोरा प्रतिगोटा १७ रुपैयाँका दरले ८२ हजार बोराको १३ लाख ९४ हजार मात्रै पर्छ।

‘पाँच हजार बोरा सिमेन्ट त प्रयोग गर्न नमिल्ने अवस्थामै पुगिसक्यो। ६-७ महिनासम्म प्याकिङ गर्न सकिएन भने बाँकी ५५ हजार बोरा तयार सिमेन्ट र २७ हजार बोरा सिमेन्ट उत्पादन गर्न सकिने क्लिंकर पनि नष्ट हुन्छ,’ उत्पादन विभाग प्रमुख देवले भने, ‘प्याकिङ गर्ने बोरा नै छैन, हामी के गरौँ? व्यवस्थापनलाई पटक-पटक जानकारी गराएका छौँ, तर आवश्यक पहल हुनै सकेन। यसमा हाम्रो दोष छैन।’ उत्पादन भएको लामो समय प्याकिङ नगरे सिमेन्टको उपयोग क्षमता पनि बिग्रिँदै जाने उनले बताए।

उद्योग प्रशासनले बोरा खरिद गर्न आवश्यक रकम नभएकाले उत्पादित सिमेन्ट बिक्री गर्न नसकिएको जनाएको छ। प्रशासन प्रमुख गम्भीरजंग खत्रीले प्रतिबोरा ७७५ रुपैयाँका दरले मूल्यांकन गर्दा ६ करोड ३५ लाख ५० हजार मूल्यबराबरको सिमेन्ट र क्लिंकर मौज्दात रहेको, तर प्याकिङका लागि आवश्यक बोरा किन्ने पैसा नभएको बताए। ‘बोरा खरिद गर्न नसक्दा उत्पादन भएको सिमेन्ट बिक्री गर्न सकिएको छैन। अहिलेकै अवस्थामा पनि गोदाममा रहेको सिमेन्ट करिब ६-७ महिनासम्म सुरक्षित रहन सक्ला। तर, बोरा उपलब्ध नभए स्थिति झन् जटिल बन्छ,’ उनले भने, ‘उद्योगसँग बोरा खरिद गर्ने पैसा छैन।’

उत्पादित सिमेन्ट प्याकिङ गर्न १४ लाखको बोरा किन्ने क्षमतासम्म नभएको उद्योगको आर्थिक अवस्था जर्जर छ। आर्थिक अभावकै कारण उद्योग बन्द छ। ‘उद्योग पुनः सञ्चालन गर्न सकिने अवस्था छ, तर केही उपकरण मर्मत गर्नुपर्छ,’ खत्रीले भने, ‘तर, उद्योगसँग आवश्यक बजेट छैन।’

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव तथा उद्योग सञ्चालक समिति अध्यक्ष रामबन्धु सुवेदीले गोदाममा रहेको सिमेन्ट बिक्रीको प्रक्रिया अघि बढाइएको दाबी गरे। ‘प्याकिङ हुन बाँकी तथा बिक्री हुन नसकेको सिमेन्टलाई जोगाउन तत्काल आवश्यक व्यवस्था गर्न निर्देशन दिएका छौँ,’ उनले भने।

संघीय पुल दरबन्दी...

पृष्ठ १ बाट क्रमशः

पद	मौजुदा दरबन्दी	थप
ब./क. न्युक्लियर मेडिसिन फिजिसियन	२	१
ब./क. रेडियोथेरापिस्ट/रेडिएसन अंकोलोजिस्ट	१	४
ब./क. एनेस्थेसियोलोजिस्ट	१२	८
ब./क. इ.एन.टी. सर्जन	१	३
ब./क. हेमाटोप्याथोलोजिस्ट	१	१
ब./क. माइक्रोबायोलोजिस्ट	१	२
ब./क. बायोकेमिस्ट	१	१
ब./क. हिप्टोप्याथोलोजिस्ट	१	१
ब./क. पारासाइटोलोजिस्ट	१	१
ब./क. इम्युनोलोजिस्ट	१	१
ब./क. भाइरोलोजिस्ट	१	१
ब./क. मोलेकुलर प्याथोलोजिस्ट	१	१
ब./क. ट्रान्सफ्युजन मेडिसिन	१	१
ब./क. मेडिकल जनरलिस्ट	२	२२
ब./क. साइक्याट्रिस्ट	१	४
ब./क. अप्थल्मोलोजिस्ट	२	२
ब./क. अब्स्टेट्रिक्स एन्ड गाइनोकोलोजिस्ट	२	६
ब./क. इन्डोडोन्टिस्ट	१	१
ब./क. ओरल तथा मेक्जिलो फेसियल सर्जन	१	१
ब./क. प्रोस्थोडोन्टिस्ट	१	१
ब./क. पेरियोडोन्टिस्ट	१	१
ब./क. अर्थोडोन्टिस्ट	१	१
ब./अस्पताल नर्सिङ प्रशासक	२	३
स.प्र./उ.प्र. फिजियोथेरापिस्ट	१	१
ब./क्लिनिकल फर्मासिस्ट	१	१
ब./मेडिकल फिजिसिस्ट प्रशासक	१	१
ब./क्लिनिकल साइकोलोजिस्ट	१	१
ब./औषधि व्यवस्थापक	-	३
ब./क. डर्माटोलोजिस्ट	-	४
ब./क. प्याथोलोजिस्ट	-	२
ब./क. हेमाटोलोजिस्ट	-	१
ब./क. पल्मोनोलोजिस्ट	-	१
ब./क. क्लिनिकल जेनेटिस्ट	-	१
ब./क. पेडियाट्रिसियन	-	८
ब./क. निओनेटोलोजिस्ट	-	२
ब./क. डेन्टल सर्जन	-	२
ब./क. मेडिकल अंकोलोजिस्ट	-	२
ब./क. पेडियाट्रिक अंकोलोजिस्ट	-	१
ब./क. कार्डियोथोरासिक सर्जन	-	१
ब./क. न्युरोलोजिस्ट	-	३
ब./कम्युनिटी नर्सिङ प्रशासक	-	२
ब./क. शालाक्य चिकित्सक	-	१
ब./इम्ब्रोयोलोजिस्ट	-	१
ब./जेनोमिक मेडिसिन	-	१
ब./क. मोलेकुलर बायोलोजिस्ट	-	१
ब./क. न्युक्लियर मेडिसिन फिजिसियन	-	१
ब./क. जेरियाट्रिक फिजिसियन	-	१
ब./ जेरियाट्रिक नर्सिङ प्रशासक	-	१
ब./ पलियाट्रिभ नर्सिङ प्रशासक	-	१
ब./बायोटेक्नोलोजिस्ट	-	१
प्रमुख पोषण अधिकृत	-	१
ब./क. ओरल प्याथोलोजिस्ट	-	१
ब./क. ओरल मेडिसियन तथा रेडियोलोजिस्ट	-	१
ब./क. कम्युनिटी डेन्टिस्ट	-	१
ब./क. पिडो डेन्टिस्ट	-	१
कानुन अधिकृत	१	-
कम्प्युटर इन्जिनियर	१	-
मेडिकल अधिकृत	५०	१६४
बायोमेडिकल इन्जिनियर	१	५
डेन्टल सर्जन	-	११
आयुर्वेद चिकित्सक	-	४
ब./नर्सिङ अधिकृत	१९	४
ब./मेडिकल ल्याब टेक्नोलोजिस्ट	८	५
ब./अडियोलोजिस्ट	१	५
ब./स्पीच थेरापिस्ट	१	५
ब./रेडियोग्राफी टेक्नोलोजिस्ट	९	-
ब./रेडियोथेरापी टेक्नोलोजिस्ट	२	-
ब./न्युक्लियर मेडिसिन टेक्नोलोजिस्ट	२	-
ब./मेडिकल फिजिसिस्ट	२	-
क्लिनिकल साइकोलोजिस्ट	१	६
ब./फिजियोथेरापिस्ट	३	५
फार्मेसी अधिकृत	१	५
ब./हाउसकिपिङ अधिकृत	१	-
ब./परफ्युजिनिस्ट	१	१
ब./कम्युनिटी नर्सिङ अधिकृत	-	२
ब./मिडवाइफ अधिकृत	-	८
ब. अक्युपेसनल थेरापिस्ट	-	२
ब./अप्टोमेट्रिस्ट	-	४
इलेक्ट्रिसियन	१	-
कम्प्युटर टेक्निसियन	२	-
बायोमेडिकल टेक्निसियन	३	७
डेन्टल ल्याब टेक्निसियन	२	१
मर्मत सम्भार टेक्निसियन	२	२
रेडियोग्राफर	४	५
फार्मेसी सहायक	२१	१४
डाइटिसियन सुपरभाइजर	१	१
अप्टिसयन सहायक	१	४
ल्याब टेक्निसियन	८	७
फिजियोथेरापी असिस्टेन्ट	५	१०
स्टाफ नर्स	५६६	४८१
मिडवाइफ नर्स	-	८
हेल्थ असिस्टेन्ट	-	५
प्लम्बर	३	-
डेन्टल हाइजिनिस्ट	१०	५

दोहोरो मारमा मकै किसान

उत्पादन हुने वेला हावाहुरी र वर्षाले क्षति पुऱ्यायो, बेच्न मूल्य पाएनन्

झापामा **चिरञ्जीवी घिमिरे**

मकै उत्पादनको समयमा आएको हावाहुरी र वर्षा तथा उत्पादनपछि मूल्य घट्दा झापाका किसान दोहोर मर्कामा परेका छन् । अहिले धमाधम मकै उठाउने सिजन भए पनि किसानलाई दोहोरो चिन्ता थपिएको छ । फागुन अन्तिम सातादेखि चैत दोस्रो सातासम्म आएको हावाहुरी र असिनासहितको वर्षाले मकैमा क्षति पुऱ्याउँदा र उत्पादनपछि मूल्य नपाउँदा किसान समस्यामा परेका हुन् ।

गत वर्ष प्रतिमन एक हजार ३२० रुपैयाँसम्म बिक्री भएको मकै यसपटक भने प्रतिमन एक हजार एक सय रुपैयाँसम्म मात्रै बिक्री भइरहेको छ । एकातिर हावाहुरी र वर्षाले मकैमा क्षति हुनु र हुरीले जोगिएपछि पनि भाउ नपाउँदा समस्यामा परेको शिवसताक्षी नगरपालिका- ७ का स्थानीय त्रिनारायण काफ्लेले बताए । १५ कट्ठामा गत वर्ष करिब ६० मन मकै उत्पादन भएको उनी बताउँछन् ।

तर, यसपटक भने २० मन पनि पुग्न मुस्किल भएको उनको भनाइ छ । त्यसमा पनि मकैको मूल्य घट्दा लगानी उठाउनसमेत मुस्किल भएको काफ्ले बताउँछन् । '१५ कट्ठामा मकै लगाएको छु । यसपटक २० मन पनि फलेन । गत वर्ष त एक कट्ठामा चार मन फलेको थियो । मकैको मूल्य पनि घटेको छ,' उनले भने, 'गत वर्ष प्रतिमन एक हजार चार सय रुपैयाँसम्म बेचेको मकै अहिले एक हजारदेखि एक हजार एक सय रुपैयाँसम्म पनि बिक्री हुँदैन । अहिले त किसानको बिजोग भएको छ । भाउ पनि घट्यो । हावाहुरीले मकैमा ठुलो क्षति पुऱ्यायो ।' प्राकृतिक प्रकोपले मकैमा पुऱ्याएको क्षतिको क्षतिपूर्ति उपलब्ध गराउन र उत्पादन भएको मकैको बजारीकरण गरिदिन उनको सरकारसँग आग्रह छ ।

शिवसताक्षी- ७ की देवशी राजवंशीले पनि १५ कट्ठा क्षेत्रफलमा मकै खेती लगाएकी थिइन् । लघुवित्तबाट ऋण लिएर मकै खेती गरेकी राजवंशीको यसपटक लगानी उठ्ने सम्भावना पनि नरहेको उनी बताउँछिन् । 'अहिले खेतमा लगाउने ट्र्याक्टर, मजदुर, सबैको मूल्य बढेको छ । तर, मकैको मूल्य घट्दा समस्या भएको छ । हामी त अहिले धेरै समस्यामा परेका छौं,' उनले भनिन्, 'हावाहुरीले सबै मकै सखाप बनायो । रहेको पनि भाउ नहुँदा ऋण कसरी तिर्ने भन्ने समस्या भएको छ । राज्यले हेरे त हुने हो ।'

कृषि ज्ञान केन्द्र झापाका अनुसार गत फागुन अन्तिम र चैत पहिला साता आएको हावाहुरी र वर्षाले झापामा मात्रै एक अर्ब ३२ करोडबराबरको मकैमा क्षति पुगेको छ । कृषि ज्ञान केन्द्र झापाका अनुसार गत वर्ष ४४ हजार ६२० हेक्टरमा तीन लाख ५१ हजार ४२६ मेट्रिकटन मकै उत्पादन भएको थियो । यस वर्ष ४६ हजार एक सय हेक्टरमा मकै खेती विस्तार भए पनि प्राकृतिक प्रकोपका कारण करिब १५ प्रतिशत मकै उत्पादन घट्ने कृषि ज्ञान केन्द्र झापाले जनाएको छ । 'हामीले विवरण संकलन गरेर सम्बन्धित निकायमा पुऱ्याएका छौं । तर, किसानले क्षतिपूर्तिचाहिँ पाएका छैनन्,' कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले भने ।

हाइब्रिड मकै खेती गर्ने चलन झापामा पछिल्लो सयम बढ्दै गएको छ । यसरी खेती गर्दा महँगो बिउ र अधिक मलको प्रयोग गर्नुपर्ने भएकाले किसानको लगानीसमेत बढ्ने गरेको कृषि ज्ञान केन्द्र झापाका प्रमुख विष्टको भनाइ छ । तर, राम्रो उत्पादन हुँदा नाफा पनि राम्रो हुने भएकाले किसानले चैते धान छाडेर पछिल्लो समय मकै खेतीलाई जोड दिन थालेको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए । यद्यपि, यस वर्ष प्राकृतिक प्रकोप र उत्पादनको समयमा मकैको मूल्य घट्दा किसान दोहोरो मर्काका परेको विष्टले बताए ।

गत वर्ष प्रतिमन एक हजार ३२० रुपैयाँसम्म बिक्री हुँदै आएको मकै यस वर्ष प्रतिमन एक हजार एक सय रुपैयाँसम्म मात्रै बिक्री भइरहेको उनले बताए । यद्यपि, मकैको मूल्य घट्नुको कारण भने जानकारी नभएको उनको भनाइ छ । 'किसान यसपटक दोहोरो मर्कामा छन् । प्राकृतिक प्रकोपले मकै सखाप बनाएको छ । मकैको विगतको जस्तो मूल्य पनि छैन । मूल्य घट्नुको कारण पत्ता लागेको छैन । उत्पादन बढेर भनौं भने गत वर्षको भन्दा घट्ने अवस्थामा छ,' उनले भने, 'दाना उद्योगसँग कुरा गर्दा भारतबाट आउने मकैको मूल्य कम भएका कारण यहाँको मकैको मूल्य पनि घटेको बुझेका छौं । झापाको दाना उद्योगलाई यहींको मकैले पुग्दैन । भारतबाट पनि आयात गर्नुपर्ने अवस्था छ ।'



मकै भित्र्याउँदै झापा शिवसताक्षीका किसान



● **सागर विष्ट**, प्रमुख, कृषि ज्ञान केन्द्र झापा

किसान यसपटक दोहोरो मर्कामा छन् । प्राकृतिक प्रकोपले मकै सखाप बनाएको छ । मकैको विगतको जस्तो मूल्य पनि छैन । मूल्य घट्नुको कारण पत्ता लागेको छैन । उत्पादन बढेर भनौं भने गत वर्षको भन्दा घट्ने अवस्थामा छ । दाना उद्योगसँग कुरा गर्दा भारतबाट आउने मकैको मूल्य कम भएका कारण यहाँको मकैको मूल्य पनि घटेको बुझेका छौं । झापाको दाना उद्योगलाई यहींको मकैले पुग्दैन । भारतबाट पनि आयात गर्नुपर्ने अवस्था छ ।

लामो खडेरी र फौजी किराले चिन्तामा किसान



धनकुटामा **सन्तोष रुचाल**

धनकुटाको पाख्रीबास र महालक्ष्मी नगरपालिकाका तल्लो भेगका किसान लामो खडेरीका कारण मारमा परेका छन् । खडेरी र मकैमा फौजी किराको प्रकोप देखिएपछि उनीहरू दोहोरो मार खेप्न बाध्य हुँदै आएका छन् । पर्याप्त मात्रामा वर्षा नहुँदा मकैबाली सुक्न थालेपछि किसानहरूलाई यस वर्षको उत्पादन मात्र होइन, आगामी वर्षका लागि बिउ जोगाउने चिन्तासमेत थपिएको छ । वैशाखयता पर्याप्त वर्षा नहुँदा पाख्रीबास नगरपालिका- ५ अन्तर्गतका डिकुरे, गैरीगाउँ, दियाले, कटहरे, डडुवालगायत क्षेत्रका खेतबारीमा हरियाली देखिनुपर्ने मकैका बोट पहेँलिँदै सुक्न थालेका छन् ।

पाख्रीबास नगरपालिका- ५, गैरीगाउँका कुमार तामाङले पाँच रोपनी क्षेत्रफलमा लगाएको मकै लगभग नष्ट भएको बताए । उनले भने, 'यस वर्ष मकैको बिउ पनि जोगाउन सकिँदैन होला । चैतमा थोरै पानी परे पनि त्यसपछि वर्षा भएको छैन । मकै मात्र होइन, वस्तुभाउलाई खुवाउने घाँससमेत सुक्न थालेको छ ।'

अर्का किसान गोपालबहादुर थापाले मकैमा दाना लाग्ने समयमा चर्को घामले बालीलाई गम्भीर क्षति पुऱ्याएको बताए । मुखमुखमा धानचामर आउने वेला खडेरीले सबै मकै सुकाएको उनले गुनासो सुनाए ।

कृषिमा निर्भर स्थानीयका लागि खडेरीको प्रभाव मकैमा मात्र सीमित छैन, अकासे पानीमा निर्भर अधिकांश क्षेत्रमा बर्खे धानको तयारीसमेत प्रभावित भएको छ । मंसिरमा पाक्ने धानका लागि यतिवेला ब्याड राखिसक्नुपर्ने भए पनि पर्याप्त पानी नहुँदा धेरै किसानले धानको ब्याड तयार गर्न सकेका छैनन् । समयमै वर्षा नभए धान उत्पादनमा समेत असर पर्ने चिन्ता किसानहरूमा बढेको छ ।

अहिले महालक्ष्मी नगरपालिकाको लेगुवा र सालघारी क्षेत्रमा खडेरीको प्रत्यक्ष असर देखिएको छ । किसानले लगाएको मकै बाली सुक्दै गएको छ । महालक्ष्मी नगरपालिकावासीले लामो समयदेखि पानी पर्न नसक्दा कतिपयले मकै छर्ने नपाएको र उम्रिएका बिरुवासमेत सुक्न थालेको बताएका छन् ।

सुदूरपश्चिममा मन्त्रिपरिषद् पुनर्गठन हुँदै

कांग्रेसमा मन्त्रीको नाम छान्न सकस, एमालेले पठायो चार नाम

धनगढीमा **तेजराज भट्ट**

बजेट ल्याउन एक साता मात्र बाँकी रहँदा सुदूरपश्चिम प्रदेशमा मन्त्रीहरू फेरबदल गर्न लागिएको छ । संसदीय दलभित्र देखिएको विवाद मिलाउन सत्ताको नेतृत्व गरिरहेको कांग्रेसले आफ्ना सबै मन्त्री फेरबदल गर्ने निर्णय गरेपछि सत्तासाझेदार एमालेले पनि मन्त्रीहरू फिर्ता बोलाएर नयाँलाई पठाउने तयारी गरेको छ । सोमबार मन्त्री नियुक्ति र शपथ गराउने तयारी छ ।

कांग्रेस र एमालेले सबै मन्त्री फिर्ता बोलाएर नयाँलाई पठाउन लागेकाले सरकारमा मुख्यमन्त्री कमलबहादुर शाहबाहेक सबै मन्त्री फेरिँदै छन् । कांग्रेसमा दलभित्र उत्पन्न विवादका कारण दलका नेतासमेत रहेका मुख्यमन्त्री शाहबाहेक अरू सबै मन्त्री फिर्ता बोलाउने र नयाँलाई पठाउने सहमतिमा टुंगिएको छ । भागबन्डाका आधारमा मन्त्री फेरबदल गर्ने सहमति भएपछि कांग्रेसका दुवै पक्ष मन्त्रीको नाम टुंग्याउन छलफलमा छन् ।

मुख्यमन्त्री शाहलाई दलको नेता र मुख्यमन्त्रीबाट हटाउन संसदीय दलमा नौजना सांसदले गत मंगलबार अविश्वासको प्रस्ताव दर्ता गरेपछि कांग्रेस संसदीय दलमा विवाद चर्किएको थियो । प्रदेश सभामा रहेका कांग्रेसका १८ मध्ये नौ सांसद विपक्षमा उभिँदा धरापमा परेको मुख्यमन्त्री शाहको पद हस्ताक्षर गर्नेमध्येका सांसद रक्षा महरालेत्यही दिन बेलुकी फिर्ता लिएको घोषणा गरेसँगै जोगिए पनि संसदीय दलभित्रको विवाद भने कायम थियो । संसदीय दलमा देखिएको विवाद समाधानका लागि कांग्रेसले खटाएका पार्टीका सहमहामन्त्री उदयशमशेर राणा र केन्द्रीय सदस्य राजन केसीको उपस्थितिमा दुवै पक्षबिच भएको छलफलमा मन्त्रीहरूलाई फिर्ता बोलाएर भागबन्डाका आधारमा नयाँ मन्त्री नियुक्त गर्ने सहमति जुटेको हो ।



सोमबार मन्त्रिपरिषद् पुनर्गठन हुँदै छ । अहिलेका सबै मन्त्री फिर्ता बोलाएर नयाँलाई पठाउन लागिएको हो ।

● **विक्रमसिंह धामी**, प्रमुख सचेतक, कांग्रेस सुदूरपश्चिम

मुख्यमन्त्रीलाई कायम राखेर मन्त्री फिर्ता बोलाउने र दुवै समूहबाट नयाँलाई नियुक्त गर्ने सहमति भएपछि संसदीय दलमा देखिएको विवाद तत्कालका लागि समाधान भएको अविश्वासको प्रस्तावको अगुवाइ गरेका सांसद दिवानसिंह विष्टले बताए । दलमा अविश्वासको प्रस्ताव पेस गर्ने पक्षले दुई मन्त्री र एक राज्यमन्त्री लिने तथा मुख्यमन्त्रीले आफ्नो पक्षबाट एक मन्त्री र एक राज्यमन्त्री नियुक्त गर्ने सहमति छ ।

सांसद विष्ट, महरासहित मानबहादुर रावल, पदमबहादुर शाही, गीताकुमारी चौधरी, तुलसी देवकोटा, बेलबहादुर रानामगर, ललिता सुनार र जुनाकुमारी दानीले शाहविरुद्ध अविश्वासको प्रस्ताव ल्याएका थिए । त्यसको नेतृत्व गरेका विष्टले भने आफू मन्त्री नबन्ने र समूहबाट अरूलाई पठाउने बताएका छन् । १८ सांसदमध्ये १५ सांसद निवर्तमान सभापति शेरबहादुर देउवा पक्षबाट र विष्टसहित तीनजना इतर समूहबाट निर्वाचित भएका थिए । शाहलाई मुख्यमन्त्रीबाट हटाउने विषयमा भने देउवा पक्षमै दुई धार देखिँदै आएको छ ।

एमालेबाट प्रदेश सरकारमा आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्की, भूमि व्यवस्थामन्त्री वीरबहादुर थापा, भौतिक पूर्वाधारमन्त्री सुरेन्द्रबहादुर पाल र राज्यमन्त्री निर्मलादेवी साउद छन् । नयाँ मन्त्रीमा एमालेले दलको उपनेता सन्तोष थापा शर्मा, प्रमुख सचेतक चक्र मल्ल, दमन भण्डारी र जानकी ऐर बमको नाम मुख्यमन्त्रीलाई पठाएको छ ।

संक्षेप

नियमावली संशोधनविरुद्ध एमाले अदालत जान्छ : अर्याल

काठमाडौं/ एमाले संसदीय दलकी उपनेता पद्मा अर्याललले संसद् सञ्चालनसम्बन्धी नियमावली जबर्जस्ती पारित गरिएको भन्दै अदालतमा रिट हाल्ने बताएकी छिन् । सभामुख डिपी अर्याललले संसदीय प्रक्रिया नपुऱ्याई संविधानविपरीत संसद्को नियमावली पारित गराएको दाबी गर्दै उपनेता अर्याललले आइतबार सञ्चारकर्मीलाई त्यसविरुद्ध अदालत जाने गरी छलफल चलिरहेको बताइन् । नियमावलीमा पहिले सर्वसम्मत सहमतिको खोजी गरिने र सहमति हुन नसके प्रक्रियामा लैजाने सहमतिपछि मात्र संसदीय प्रक्रियामा लैजाने संविधानको भावना र संसदीय अभ्यासविपरीत जोरजबर्जस्ती पारित गरिएको विपक्षीहरूको आरोप छ । अदालतमा फौजदारी मुद्दा सहकारी ठगी र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाबाट रास्वपाका सभापति रवि लामिछानेलाई सांसद पदबाट निलम्बन हुनबाट जोगाउन संविधान र संसदीय प्रक्रिया मिचेर नियमावली पारित गरिएको एमालेसहित विपक्षी दलहरूको आरोप छ ।

'संघ र प्रदेश सांसदलाई सहयोगी कर्मचारी आवश्यक'

धनगढी/ नौबुँदे टीकापुर सन्देशपत्र जारी गर्दै अन्तरव्यवस्थापिका सम्मेलन आइतबार सम्पन्न भएको छ । सम्मेलनले संघ र प्रदेश सभाका सदस्यलाई सहयोगी कर्मचारी अत्यावश्यक रहेको ठहर गर्दै कर्मचारी व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरेको छ । सम्मेलनपछि जारी सन्देशपत्रमा 'संघ र प्रदेश सभा सदस्यहरूको कार्यगत दक्षता अभिवृद्धि गरी कानुन तर्जुमाको कार्य एवं संसदीय क्रियाकलापलाई गुणस्तरीय र प्रभावकारी तुल्याउन संघीय संसद् र प्रदेश सभाका सदस्यलाई अत्यावश्यक रहेको सहयोगी कर्मचारी व्यवस्था गर्न सम्बन्धित निकायमा पहल गर्ने' भनिएको छ । संघ र प्रदेश सांसदले नेपाल सरकारले तलब दिने गरी एकजना स्वकीय सचिव राख्न पाउने सुविधा सुशीला कार्की नेतृत्वको अघिल्लो सरकारले हटाएको थियो ।

प्रदेश सभामा कर्मचारी व्यवस्थापनको समस्याले सभा सञ्चालन र कानुन निर्माणलगायत काममा प्रत्यक्ष प्रभाव परेकाले प्रदेश सभाहरूमा कर्मचारी व्यवस्थापन गर्न संघीय संसद् र प्रदेश सभाका कर्मचारीका लागि एउटै सेवा गठनसम्बन्धी आवश्यक कानुन निर्माण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय पनि सम्मेलनले गरेको छ ।

हुन्डी कारोबारको आरोपमा साढे १९ लाखसहित एक पक्राउ

काठमाडौं/ हुन्डी कारोबारको आरोपमा साढे १९ लाखसहित रसुवाबाट एकजना पक्राउ परेका छन् । शनिबार स्याफ्रुबेंसीबाट काठमाडौंतर्फ जाँदै गरेको ना.१ज ४८०७ नम्बरको भाडाको सुमो चेकजाँच गर्ने क्रममा गोसाइँकुण्ड गाउँपालिका- ३ का ३५ वर्षीय मिङमार छिरिङ गुरुङ पक्राउ परेका हुन् । अस्थायी प्रहरी पोस्ट धुन्चेबाट खटिएको प्रहरी टोलीले पासाङ ल्हामु राजमार्ग सडकखण्डमा चल्ने सवारीसाधन तथा मानिसलाई रोकी चेकजाँच गर्ने क्रममा धुन्चे बजारबाट गुरुङ पक्राउ परेका हुन् । गुरुङले बोकेको झोलाभित्र १००० दरका नोट एक हजार ८४५ थान (१८ लाख ४५ हजार), ५०० दरका नोट २१३ थान (एक लाख ६ हजार ५००) र १०० दरका नोट ६ थान (६ सय) गरी जम्मा १९ लाख ५२ हजार एक सय नेपाली रुपैयाँ फेला परेको प्रहरीले जनाएको छ ।

■ सदस्यता अद्यावधिक नगर्ने अडानमा कांग्रेस इतर समूह

१५औं महाधिवेशनमा भाग लिनबाट कोही वञ्चित हुने छैनन् : खड्का

नयाँ पत्रिका

कांग्रेसको इतर पक्षले क्रियाशील सदस्यता अद्यावधिकको विषय १५औं महाधिवेशनको आधार बन्न नसक्ने दाबी गरेको छ । नवीकरणलाई आधार मान्नुपर्ने र अद्यावधिक जरुरी नहुने इतर पक्षले स्पष्ट पारेको छ ।

पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले अद्यावधिक नगरेको निहुँमा कसैलाई १५औं महाधिवेशनमा भाग लिनबाट वञ्चित गर्न/गराउन नसक्ने बताएका छन् । '१५औं महाधिवेशनका लागि नवीकरण गराएका र नयाँ क्रियाशील सदस्यता लिएका साथीहरूलाई अद्यावधिक नगरेको निहुमा कसैलाई १५औं महाधिवेशनमा भाग लिनबाट कसैले वञ्चित गर्न/गराउन सक्दैन,' खड्काले आइतबार सामाजिक सञ्जालमा भनेका छन्, 'सबैलाई महाधिवेशनमा स्वतः भाग लिन पाउने व्यवस्थाको सुनिश्चितता गर्नु हाम्रो जिम्मेवारी हो दुक्क हुनुस् ।'



नेताहरूको क्रियाशील सदस्यता अद्यावधिक स्वतः केन्द्रले गराइदिन्छ भनी फैलाइएका अफवाह पार्टीपंक्तिमा भ्रम पार्न गराइएका हल्ला मात्र भएको खड्काले दाबी गरेका छन् । उनले सभापति गगन थापासँग कुनै पनि प्रकृतिको संवाद नभएको ३१ दिन भएको पनि स्पष्ट पारेका छन् ।

दुई महिनादेखि पार्टीको सम्पूर्ण एकताका लागि इमानदार प्रयत्न गर्दा पनि खासै कुनै प्रगति नभएको उनले बताएका छन् । 'दुई महिनादेखि पार्टीको सम्पूर्ण एकताका लागि इमानदार प्रयत्न गर्दा पनि खासै कुनै प्रगति भएको छैन । अहिले आएर केही दिनयता पार्टीबारे चलाइएका यथार्थभन्दा फरक हल्ला र विकसित घटनाक्रमबाट चिन्तित भएको छु । १५औं महाधिवेशनका लागि नवीकरण गराएका र नयाँ क्रियाशील सदस्य साथीहरूलाई अद्यावधिकको नाममा दिइएका दबाबका कुराहरू देशैभरिबाट फोनबाट चार-पाँच दिनदेखि मलाई साथीहरूले जुन तरिकाले जानकारी गराइराख्नुभएको छ, यो प्रवृत्ति पार्टी जीवनका लागि अत्यन्त घातक छ, म सम्बन्धित पक्षको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु,' खड्काले भनेका छन् ।

इतर पक्षका नेता मीन विश्वकर्मा आन्तरिक एकताको बाधक मानसिक तत्परता भएको बताउँछन् । 'बाधक मानसिक तत्परता हो । मिलाउने कि नमिलाउने भन्ने कुरा हो । मिल्ने विषय ठुलो छैन । १४औं महाधिवेशनको कार्यसमितिमा रहेका र विशेष महाधिवेशनमा भाग नलिएकालाई मिलाएर लैजाने कुरा हो । मिल्न सकिन्छ, अद्यावधिक नगरेकै कारणलाई आधार मान्नुभएन,' उनले भने, 'जग्गाको सन्दर्भमा हालसाबिक नभएकै कारण बिक्री-वितरण नगर्ने भन्ने होइन, किनबेच भएपछि पनि अद्यावधिक गर्न सकिन्छ । पार्टीको सन्दर्भमा पनि नवीकरणलाई आधार मानौं, अद्यावधिकलाई होइन ।'

अहिलेसम्म बनेका समितिलाई समावेशी बनाउने, निष्पक्ष, स्वतन्त्र महाधिवेशनको ग्यारेन्टी गर्ने, क्रियाशील सदस्यता छानबिन समितिमा सहमतिका आधारमा अघि बढ्ने विषय मुख्य भएको उनले बताए । 'कम्तीमा १५औं महाधिवेशनसम्म अल्पमत, बहुमत गर्नुभएन । कांग्रेसको अभ्यास पनि यही हो । विगतमा सहमतिमै निर्णय हुँदै आएका छन् । १५औं महाधिवेशनसम्म मनको प्रयोग गरौं,' उनले भने, 'मुलुकको राजनीतिक परिस्थिति विषम छ । एकताबद्ध भएर कांग्रेसले चुनौतीको सामना गर्नुपर्छ । कांग्रेसको आन्तरिक एकताले अस्थिरताका धेरै बादल फाट्दै जान्छन् । भित्र हुनेले के गर्नुहुन्छ, त्यसैमा भर पर्छ ।'

कम्बोडियामा बसेका ६६ नेपालीलाई १२ जुनभित्र स्वदेश फर्किन दूतावासको आग्रह

काठमाडौं/ भिसा अवधि समाप्त भएपछि पनि नवीकरण नगरी कम्बोडियामा बसिरहेका ६६ जना नेपाली नागरिकलाई तत्काल स्वदेश फर्किन थाइल्यान्डस्थित नेपाली दूतावासले आग्रह गरेको छ । दूतावासले सार्वजनिक सूचना जारी गर्दै सम्बन्धित नेपाली नागरिकहरूलाई आवश्यक यात्रा व्यवस्था मिलाएर तोकिएको समयभित्र नेपाल फर्किन निर्देशन दिएको हो ।



दूतावासका अनुसार विभिन्न प्रयोजनका लागि कम्बोडिया पुगेका ६०२ जना नेपालीमध्ये भिसा अवधि सकिएपछि पनि त्यहाँ बसिरहेका नागरिकहरूको स्वदेश फिर्ताका लागि कम्बोडिया सरकारसँग समन्वय गरिएको थियो । सो क्रममा भिसा शुल्क तथा जरिवाना मिनाहा गराउँदै उनीहरूको फिर्ता प्रक्रियालाई सहजीकरण गरिएको थियो । यद्यपि इमेल, टेलिफोन तथा ह्वाट्सएपमार्फत पटक-पटक सम्पर्क गर्दा पनि ६६ जना नेपालीले स्वदेश फर्किन आवश्यक पहल नगरेको दूतावासले जनाएको छ । कम्बोडिया सरकारले अवैध रूपमा बसोबास गर्ने विदेशी नागरिकविरुद्ध कानुनी कारबाही थप कडा बनाएको दूतावासले उल्लेख गरेको छ । नयाँ कानुनी व्यवस्थाअनुसार अपराधको प्रकृतिअनुसार उच्च जरिवाना तथा आजीवन कारावाससम्मको सजाय हुन सक्ने चेतावनी दिइएको छ ।

दूतावासले सम्बन्धित नेपाली नागरिकलाई कनेक्टिङ फ्लाइटसहितको टिकट व्यवस्था गरी सन् २०२६ जुन १२ भित्र अनिवार्य रूपमा नेपाल फर्किन अनुरोध गरेको छ । साथै, परिवारजन तथा आफन्तलाई समेत आफ्ना सदस्यहरूको सुरक्षित स्वदेश फिर्ताका लागि आवश्यक सहयोग गर्न आग्रह गरिएको छ ।

साउनदेखि निजामतीलाई पनि स्वास्थ्य बिमामा आबद्ध गराइँदै

सयदिने कार्ययोजनामा केन्द्रित भएर काम गरिरहेको स्वास्थ्यमन्त्रीको दाबी

● स्वास्थ्य मन्त्रालयका सचिव **डा. विकास देवकोटा भन्छन्-**



बिमा सुधारका धेरै कुरा आएका छन्, अहिले जति काम गरिरहेका छौं ती तुरुन्त गर्नुपर्ने हुन्, यसबाहेक अब बिमा ऐन संशोधन गर्नुपर्ने हुन्छ । अब १ साउनदेखि क्याबिनेटमा लगेर हुन्छ कि कसरी हुन्छ सबै निजामती कर्मचारीलाई समेट्नेबारेमा गृहकार्य भइरहेको छ । बिमा सरकारको प्राथमिकतामा परेको छ, यसबाहेक १० प्रतिशत कोटामा विपन्न र दुर्गम क्षेत्रका मानिसलाई उपचार हुने व्यवस्था मिलाउँदै छौं ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारले आगामी १ साउनदेखि निजामती कर्मचारीलाई अनिवार्य स्वास्थ्य बिमामा समेट्ने तयारी गरेको छ । स्वास्थ्य बिमा ऐन, २०५४ र स्वास्थ्य बिमा नियमावली, २०७५ मा सरकारी कर्मचारीले अनिवार्य बिमा गर्नुपर्ने र तलबको एक प्रतिशत बिमामा योगदान गर्नुपर्ने व्यवस्था छ । तर, स्वास्थ्य बिमामा सरकारी कर्मचारीलाई जोड्न सकिएको छैन । हाल बिमा गर्नेको संख्या ६५ लाख पुगेको छ भने हरेक दिन ६० हजारहाराहारीले स्वास्थ्य बिमामा उपचार गराउँछन् ।

बिमा गर्नेमध्ये अधिकांश सेवा लिनेमध्येका बिमित भएकाले बिमा कार्यक्रममा उपचारको भार बढेको छ । सरकारले बजेटमा स्वास्थ्य बिमामा सबैलाई अनिवार्य आबद्धता गराउने घोषणा गरेको छ । हाल स्वास्थ्य बिमा बोर्डले विभिन्न स्वास्थ्य संस्थाहरूलाई तिर्नुपर्ने बक्यौता १९ अर्ब पुगेको छ । आगामी आर्थिक वर्षका लागि सरकारले १५ अर्ब रुपैयाँ स्वास्थ्य बिमामा छुट्याएको छ । तर, हालकै अवस्था र मोडालिटीमा चल्ने हो भने पनि उक्त रकम अपुग हुने बोर्डले जनाएको छ । हाल निजामती कर्मचारी अस्पताल (सिभिल) र कर्मचारी सञ्चय कोषको सुविधाका कारण अधिकांश कर्मचारी यसमा आबद्ध हुन आनाकानी गरिरहेका छन् । ऐन र नियमावलीमा अनिवार्य आबद्ध हुनुपर्ने व्यवस्था भए पनि सरकारकै कमजोरीले कार्यान्वयन हुन सकेको छैन ।

आगामी साउनदेखि भने निजामती कर्मचारीलाई स्वास्थ्य बिमामा आबद्ध गर्ने व्यवस्था कार्यान्वयन गरिने स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटाले बताए । आइतबार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आयोजना गरेको पत्रकार भेटघाट तथा छलफलमा उनले निजामती तथा औपचारिक क्षेत्रलाई १ साउनदेखि बिमामा जोडेर अघि बढ्ने तयारी सरकारले गरिरहेको जानकारी दिए ।

'बिमा सुधारका धेरै कुरा आएका छन्, अहिले जति काम गरिरहेका छौं ती तुरुन्त गर्नुपर्ने हुन्, यसबाहेक अब बिमा ऐन संशोधन गर्नुपर्ने हुन्छ । अब १ साउनदेखि क्याबिनेटमा लगेर हुन्छ कि कसरी हुन्छ सबै निजामती कर्मचारीलाई समेट्नेबारेमा गृहकार्य भइरहेको छ,' उनले भने, 'बिमा सरकारको प्राथमिकतामा परेको छ, यसबाहेक १० प्रतिशत कोटामा विपन्न र दुर्गम क्षेत्रका मानिसलाई उपचार हुने व्यवस्था मिलाउँदै छौं ।'



स्वास्थ्यमन्त्री निशा मेहताले सरकारले अघि सारेका सयदिने कार्ययोजनामै केन्द्रित भएर काम गरिरहेको प्रतिक्रिया दिएकी छिन् । मन्त्रालयद्वारा आयोजित पत्रकार भेटघाट तथा छलफल कार्यक्रममा मेहताले सयदिने कार्ययोजना र प्रधानमन्त्रीको निर्देशनमा केन्द्रित भएर काम गरिरहेको बताइन् ।

मन्त्री बनेको ७२ दिनपछि पत्रकार सम्मेलन आयोजना गर्दै उनले सञ्चारकर्मीको सुझाव र प्रश्न संकलन गरिन् । 'यहाँहरूसँग सुझावहरू लिनुपर्ने थियो, केही ढिलो भयो, हामी सय बुँदालाई कसरी कार्यान्वयन गर्ने भन्नेमा केन्द्रित छौं, विशेषगरी सम्मानीयज्यूकै मुख्य निर्देशनअनुसार सय बुँदालाई कसरी पूरा गर्ने भनेर सबैजना उतातिर 'फोकस' भयौं, पत्रकारहरूको पनि सल्लाह-सुझाव लिनेतिर हाम्रो ध्यान नै गएन,' मन्त्री मेहताले भनिन्, 'अब १५ दिन वा एक महिनामा यहाँहरूसँग छलफलमा बस्नेछौं, यसलाई निन्तरता दिनेछौं, यो छलफल सुझावका लागि हो, यहाँहरूबाट आएका सुझाव संकलन गरेका छौं, कमीकमजोर र राम्रो पक्षमा पनि ध्यान दिएर काम गरिरहेका छौं ।' उनले सयदिने बुँदामा अधिकांश कार्यसम्पादन भइसकेको दाबीसमेत गरिन् । आफ्नो कार्यसम्पादनबारे चाँडै विज्ञप्ति जारी गर्ने र पूरा भएका कामबारे जानकारी गराउने मन्त्री मेहताले बताइन् ।

तराईका दलितको सिप र संस्कृतिको सम्मान कहिले ?

तराईका दलितहरू ज्ञानका वाहक, संस्कृति निर्माणकर्ता, सिपका धनी र प्रकृतिसँगको सहअस्तित्वमा बाँच्ने समुदाय पनि हुन्

● भोला भट्टराई
● सञ्जय महरा
● विश्वास नेपाली

अग्रलेख



नेपालमा दलित समुदायबारे लेखिने अधिकांश लेख, अध्ययन र नीति दस्तावेजमा एउटा साझा प्रवृत्ति देखिन्छ, त्यो हो दलितलाई मुख्यतः पीडा, विभेद, गरिबी र बहिष्करणको दृष्टिले हेर्ने । निःसन्देह, जातीय विभेद र छुवाछुत नेपाली समाजका गम्भीर ऐतिहासिक अन्याय हुन् र तिनको अन्त्य अपरिहार्य छ । तर, प्रश्न उठ्छ- के दलित समुदायको सम्पूर्ण इतिहास केवल पीडाको मात्र हो ? के उनीहरूसँग ज्ञान छैन, सिप छैन, संस्कृति छैन वा प्रकृतिसँगको सम्बन्ध छैन ? विशेषगरी तराई-मधेशका दलित समुदायलाई नजिकबाट हेर्दा यी प्रश्न अझ गहिरो रूपमा उठ्छन् ।

डोम, मुसहर, चमार, दुसाध, तत्मा, खत्वेलगायत समुदाय केवल विभेदका सिकार मात्र होइनन्, उनीहरू ज्ञानका वाहक, संस्कृति निर्माणकर्ता, सिपका धनी र प्रकृतिसँग सहअस्तित्वमा बाँच्ने समुदाय पनि हुन् । उनीहरूले समुदाय र सिंगो राष्ट्रलाई नै ठुलो योगदान दिएका छन् । दुर्भाग्यवश, राज्य, राजनीतिक दल, विश्वविद्यालय, संस्था र विभिन्न आन्दोलनले उनीहरूको यही पक्षलाई लामो समयसम्म उपेक्षा गर्दै आएका छन् ।

दलित विमर्शमा एउटा गम्भीर विडम्बना देखिन्छ । हामी उनीहरूमाथि भएको अन्यायको चर्चा गर्छौं, तर उनीहरूले समाजलाई दिएको योगदानको चर्चा कम गर्छौं । उनीहरूको योगदानबारे कहींकतै बोल्दैनौं । खासमा यसको इतिहास पनि कम लेखिएको छ र लेखिए पनि योगदानलाई केन्द्रीय विषय बनाएको पाइँदैन । अधिकारको बहस गर्छौं, तर ज्ञानको मूल्यांकन गर्न बिर्सिन्छौं । समानताको कुरा गर्छौं, तर सांस्कृतिक सम्पदालाई सार्वजनिक स्मृतिमा स्थान दिँदैनौं । अधिकारको कुरा गर्छौं, तर अधिकार स्थापना गराउन दबाब दिँदैनौं ।

उदाहरणका लागि, डोम समुदायलाई हेर्यौं, तराईका धेरै गाउँमा विवाह, उत्सव र सामाजिक समारोहमा बज्ने नरसिंगा, ढोल र अन्य बाजासँग उनीहरूको ऐतिहासिक सम्बन्ध रहेको छ । नरसिंगा केवल बाजा होइन, यो सांस्कृतिक इतिहास पनि हो । बाँस र निगालोबाट टोकरी, डालो र अन्य सामग्री बनाउने सिप केवल जीविकोपार्जन होइन, पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको प्राविधिक ज्ञान हो । तर, आधुनिक समाजले यसलाई सम्मानित ज्ञान वा कला होइन, तल्लोस्तरको पेसाका रूपमा हेर्‍यो ।

मुसहर समुदायलाई प्रायः गरिबी र भूमिहीन मात्र ठानिन्छ । भलै तराईका अधिकांश दलित भूमिहीन छन् । घरवासका लागि जग्गा माग्दै लामो संघर्ष गरिरहेका छन् । उनीहरूकै बसोबास असुरक्षित छ । कतिपय परिवार पुस्तौंपुस्तादेखि नागरिकताबाट समेत वञ्चित छन् । मुसहरहरू माटो, जमिन, पानी, मौसम र स्थानीय पारिस्थितिकीका गहिरा जानकार हुन् भन्ने कोणबाट कहिल्यै हेरिन्न । खेतीयोग्य जमिनको प्रकृति, पानीको बहाव र स्थानीय वनस्पति तथा खाद्य स्रोतबारे उनीहरूको व्यावहारिक ज्ञान अमूल्य छ । तर, यस्तो ज्ञानलाई कहिल्यै औपचारिक मान्यता दिइएन । हालको आर्थिक प्रणाली, विशेष गरी नवउदारवाद र बजारकेन्द्रित विकास मोडेलले दलित समुदायलाई मुख्यतः सस्तो श्रमशक्तिमा सीमित गरेको छ । श्रमको कम विकल्पको कारण उनीहरू सस्तो र न्यून ज्यालामा काम गर्न बाध्य छन् । यसले उनीहरूको ज्ञान, सिप र उत्पादनशीलतालाई पूर्ण रूपमा मान्यता दिन सकेको छैन ।

दलित समुदाय, विशेष गरी तराईका दलित, बजारमा 'कामदार'को भूमिकामा मात्र सीमित गरिएका छन् । उनीहरूका परम्परागत सिप र स्थानीय ज्ञान प्रणालीलाई आर्थिक मूल्यमा रूपान्तरण गर्ने अवसर कमजोर बनाइएको छ । उदाहरणका लागि, मुसहर समुदायलाई केवल भूमिहीन श्रमिकका रूपमा मात्र होइन, उनीहरूलाई भूमि-स्वामित्वबाट संरचनात्मक रूपमा वञ्चित गरी 'स्थायी कामदार वर्ग' बनाएको देखिन्छ । जहाँ उनीहरूको सामाजिक-आर्थिक गतिशिलता सीमित छ । यसले उनीहरूको श्रमलाई बजारमा निर्भर बनाएको छ, तर उत्पादनका साधनमाथिको पहुँच कमजोर बनाएको छ ।

यस सन्दर्भमा, तराईको कुल जनसंख्याको करिब १८ प्रतिशत दलितमध्ये झन्डै ४५ प्रतिशतसँग जमिनको स्वामित्व र पहुँच नरहेको तथ्य बिर्सिनु हुँदैन । यो केवल आर्थिक समस्या मात्र होइन, संरचनात्मक सामाजिक न्यायको गम्भीर प्रश्न पनि हो । जो ऐतिहासिक रूपमै जमिनको भोगाधिकारबाट वञ्चित बनाइएका समुदाय हुन्, जसको अहिले पनि जमिनमा पहुँच र स्वामित्व दुवै छैन । चमार समुदायका महिलाको ज्ञान पनि ऐतिहासिक रूपमा महत्त्वपूर्ण छ । सुत्केरी स्याहार, नवजात शिशुको हेरचाह, घरेलु उपचार र सामुदायिक स्वास्थ्य अभ्यासमा उनीहरूको भूमिका लामो समयसम्म आधारभूत रहिआएको छ । आधुनिक स्वास्थ्य प्रणालीको विस्तार सकारात्मक भए पनि स्थानीय ज्ञान प्रणालीलाई पूर्ण रूपमा विस्थापित गर्नु उचित होइन । ज्ञानलाई परिष्कृत गर्न सकिन्छ, तर अदृश्य बनाउन सकिँदैन ।

खानपानको संस्कृति पनि यसै सन्दर्भमा महत्त्वपूर्ण छ । बगिया, दुध, पुवा, ठेकुवा, पेडकीलगायत परिकार केवल स्वादका विषय होइनन्, ती स्थानीय कृषि प्रणाली, श्रम र सामाजिक सम्बन्धसँग जोडिएका सांस्कृतिक पहिचान हुन्, जो अझै अभ्यासमा छन् । तर, हाम्रो सामाजिक दृष्टिकोणले यस्ता परिकारलाई 'सांस्कृतिक सम्पदा'भन्दा बढी गरिबीको संकेतका रूपमा व्याख्या गरी उल्टै उनीहरूमाथि विभेद लादिएको छ ।

उपयुक्त नीति, अवसर र प्रविधिमा पहुँच सुनिश्चित गरिएको हुन्थ्यो भने दलित समुदाय, विशेष गरी तराईका दलित युवा र बालबालिका, उत्पादनशील श्रमशक्ति मात्र होइन, नवप्रवर्तन र स्थानीय विकासका महत्त्वपूर्ण स्रोत बन्न सक्थे । उदाहरणका लागि, सिप र प्रविधिमा दलित बालबालिका तथा युवालाई व्यवस्थित रूपमा समावेश गर्न सकिने हो भने उनीहरूको क्षमताबाट स्थानीय उत्पादन, साना उद्यम र सेवा क्षेत्रमा उल्लेखनीय सुधार सम्भव थियो ।

त्यस्तै, चमार समुदायका महिलामा विद्यमान सुत्केरी स्याहार, नवजात शिशु हेरचाह तथा घरेलु स्वास्थ्य ज्ञान प्रशिक्षण, प्रमाणीकरण र पेसागत संरचनासँग जोडिएको हुन्थ्यो भने ग्रामीण स्वास्थ्य सेवाको पहुँच र गुणस्तर दुवै सुधार गर्न सकिन्थ्यो । तर, यस्तो स्थानीय ज्ञानलाई 'अनौपचारिक' भन्दै राज्य प्रणालीबाट अलग राखिँदा यसको सामाजिक उपयोग सीमित भएको छ ।

> दलित समुदायको समस्या केवल 'गरिबी' वा 'विभेद' मात्र होइन, यो त राज्यको नीति कार्यान्वयन, आर्थिक संरचना, शिक्षाप्रणाली र सामाजिक दृष्टिकोणबिचको समग्र असन्तुलनको परिणाम पनि हो

तराईका दलित युवामा बढ्दो बेरोजगारी एक गम्भीर संरचनात्मक समस्या बनेको छ । रोजगारीका अवसर सीमित हुँदा उनीहरू वैदेशिक श्रम, अस्थिर श्रमबजार वा जोखिमपूर्ण आर्थिक गतिविधितर्फ धकेलिने अवस्था छ । यसले दीर्घकालीन रूपमा सामाजिक असुरक्षा र आर्थिक निर्भरता बढाइरहेको छ । परिणामस्वरूप विद्यालय छोड्ने दर, बालविवाहजस्ता सामाजिक समस्या बढ्दै छन् । शिक्षा र रोजगारीबिचको सम्बन्ध कमजोर हुँदा युवाहरू भविष्यप्रति निराश हुने, वैकल्पिक जोखिमपूर्ण बाटो रोज्ने र गरिबीको चक्रमा पुनः फस्ने अवस्था देखिन्छ ।

दलित समुदायको समस्या केवल 'गरिबी' वा 'विभेद' मात्र होइन, यो राज्यको नीति कार्यान्वयन, आर्थिक संरचना, शिक्षा प्रणाली र सामाजिक दृष्टिकोणबिचको समग्र असन्तुलनको परिणाम पनि हो । यी सबै पक्षलाई समेटेर समाधानमुखी, समावेशी र उत्पादनमुखी नीति-निर्माण गरिएन भने दलित समुदायको सम्भावना मात्र होइन, सम्पूर्ण समाजको विकास क्षमता पनि अपूर्ण नै रहनेछ ।

दलित महिलामा देखिने गहिरो धार्मिक आस्था र सांस्कृतिक अभ्यासलाई लामो समयदेखि अन्धविश्वास, अशिक्षा वा चेतनाको कमीका रूपमा चित्रण गर्ने प्रवृत्ति छ । त्यस्तै, उनीहरूको भाषा, अभिव्यक्ति शैली र सांस्कृतिक प्रतीकलाई पनि 'कमजोरी' ठान्ने गरिन्छ । तर, तराई क्षेत्रको समुदाय भ्रमणको अनुभव र अवलोकनबाट यो व्याख्या अपूर्ण देखिन्छ । दलित महिलामा रहेको धार्मिक आस्था केवल अन्धविश्वास होइन, यो उनीहरूको सामाजिक अस्तित्व, मानसिक सन्तुलन, सामूहिक एकता र सांस्कृतिक निरन्तरतासँग गहिरो रूपमा जोडिएको अभ्यास हो । उनीहरूमा सांस्कृतिक मूल्यलाई संरक्षण गर्ने र पुस्तान्तरण गर्ने अद्भूत क्षमता पाइन्छ ।

प्रकृतिसँगको सम्बन्धलाई उनीहरूले जीवनको अभिन्न अंगका रूपमा अभ्यास गरेका छन् । माटो, पानी, वनस्पति, बीउ र ऋतुचक्रसँगको उनीहरूको व्यावहारिक सम्बन्ध केवल आर्थिक आवश्यकतामा सीमित छैन, यो जीवनदर्शनसँग जोडिएको ज्ञान प्रणाली पनि हो । यसलाई 'कमजोरी'का रूपमा होइन, बरु वैकल्पिक पर्यावरणीय र सांस्कृतिक ज्ञानका रूपमा बुझ्न आवश्यक छ । यस्ता अभ्यास आफैंमा न त नकारात्मक हुन्, न त हीनताको संकेत । समस्या त हाम्रो व्याख्या प्रणालीमा छ । हामीले यी अभ्यासलाई कसरी बुझ्छौं, कसरी अर्थ लगाउँछौं र कसरी सार्वजनिक भाष्य निर्माण गर्छौं भन्नेले समाजको दृष्टिकोण निर्धारण गर्छ ।

हामीले यी अनुभव र अभ्यासलाई सही अर्थमा बुझ्ने प्रयास गर्‍यौं भने दलित महिला केवल 'पीडित' होइनन्, बरु सांस्कृतिक मूल्य, सामाजिक सम्बन्ध र प्रकृतिसँगको सहअस्तित्वलाई जोगाउने ज्ञान-निर्माता समुदायका रूपमा देखिन्छन् । यो समस्या राज्यको मात्र होइन, प्रगतिशील भनिएका राजनीतिक आन्दोलनहरू पनि यसबाट पूर्ण रूपमा मुक्त छैनन् । वाम आन्दोलनले सामाजिक न्यायको बहसलाई अगाडि बढाएको भए पनि दलित समुदायलाई प्रायः 'शोषित वर्ग'का रूपमा मात्र हेर्ने दृष्टिकोणले उनीहरूको विशिष्ट सांस्कृतिक पहिचान, ज्ञान प्रणाली र ऐतिहासिक अनुभवलाई पर्याप्त स्थान दिन सकेको छैन ।

यहाँ वर्गीय विश्लेषण आवश्यक छ, तर जातीय उत्पीडनसँगै ज्ञानको अवमूल्यन र सांस्कृतिक अदृश्यकरणको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ । दलित समुदायलाई केवल पीडितका रूपमा चित्रण गर्नु अन्ततः अपूर्ण दृष्टिकोण हो । यसले समुदायको आत्मविश्वास कमजोर बनाउँछ र समाजलाई पनि उनीहरूको योगदान बुझ्नबाट रोक्छ । कुनै पनि समुदायको मुक्ति केवल अधिकारप्राप्तिमा सीमित हुँदैन, त्यसमा सम्मान, पहिचान र ज्ञानको मान्यता पनि समावेश हुनुपर्छ ।

आजको आवश्यकता दलित समुदायका ज्ञान, सिप, खाद्य संस्कृति, लोक परम्परा, महिला ज्ञान प्रणाली, कृषि अभ्यास र सांस्कृतिक सम्पदामाथि व्यवस्थित अध्ययन र दस्तावेजीकरण गर्नु हो । विश्वविद्यालयहरूले अनुसन्धान गर्नुपर्छ, स्थानीय सरकारले अभिलेखीकरण गर्नुपर्छ, विद्यालयका पाठ्यक्रमले स्थान दिनुपर्छ र सांस्कृतिक नीतिले संरक्षण र प्रवर्द्धनको विषय बनाउनुपर्छ ।

सामाजिक न्यायको बहस त्यतिवेला मात्र पूर्ण हुन्छ जब दलित समुदायलाई केवल विभेदका सिकारका रूपमा होइन, ज्ञानका स्रोत, संस्कृतिका निर्माता र समाजका सहनिर्माताका रूपमा पनि स्वीकार गरिन्छ । तराईका दलित समुदायको इतिहास केवल अपमानको इतिहास होइन, यो त ज्ञान, श्रम, सिर्जना, प्रतिरोध र सांस्कृतिक समृद्धिको इतिहास पनि हो ।

यो लेखले संरचनागत विभेदभन्दा बढी दलित समुदायसँग रहेका क्षमता, सिप र अभ्यासलाई उजागर गर्नुपर्ने आवश्यकतामाथि जोड दिन खोजेको छ । तर, यसले संरचनागत समस्या नै समाधान भइसकेको छ भन्ने निष्कर्ष निकाल्दैन । बरु, यी दुवै पक्ष संरचनागत अन्याय र समुदायको आन्तरिक ज्ञान क्षमतालाई एकसाथ बुझ्न सक्दा मात्र सामाजिक न्यायको बहस पूर्ण हुन सक्छ ।

यसरी, दलित समुदायलाई केवल पीडितका रूपमा होइन, समाज निर्माणका सक्रिय सहभागी र ज्ञानका स्रोतका रूपमा पनि स्वीकार गर्ने दृष्टिकोणविना, समावेशी र न्यायपूर्ण समाजको कल्पना अधुरो नै रहन्छ ।

गत २१ फागुनको निर्वाचनपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिलो दल बन्यो । झन्डै दुईतिहाइ सिटसहित रास्वापाले यतिवेला सरकार सञ्चालन गरिरहेको छ । सो पार्टीका सभापति रवि लामिछानेले संसद्को पहिलो बैठकमा सम्पूर्ण दलित समुदायसँग माफि मागेका थिए । यद्यपि, अझै पनि दलित समुदायले खोजेजस्तो परिवर्तन महसुस गर्न सकेको छैन । अबका दिनमा दलित समुदायलाई मानवीय व्यवहार, सम्मान, काम पेसा र उनीहरूले समुदायलाई गर्ने श्रम र योगदानको सम्मान गर्ने वातावरण बन्नुपर्छ ।

(भट्टराई पर्यावरणीय अध्येता, महरा दलित अभियन्ता र नेपाली भूमि अभियन्ता हुन्)

३ प्रश्न

सर्वोच्च बारका सचिव अधिवक्ता **रमण कर्ण**लाई



परीक्षा दिन गएका विद्यार्थीबाट खोसिएका मोबाइल सेट प्रहरीले नष्ट गर्नु कति जायज हो ?

प्रहरीबाट गरिएको यो कार्य कुनै पनि कोणबाट जायज मान्न सकिन्न । हो, परीक्षार्थीले परीक्षामा मोबाइल लान निषेध गरिएको छ । तर, लगेको अवस्थामा के गर्ने भन्ने प्रस्ट कानुन छैन । यस्तोमा विद्यार्थीले लगेको मोबाइल लिएर पछि फिर्ता गर्न पनि सकिन्थ्यो । पहिलोपटक उनीहरूलाई सम्झाइबुझाई गरेर अर्को दिनदेखि नल्याउन सचेत गराउँदा पनि हुन्थ्यो । तर, प्रहरीले विद्यार्थीबाट खोसेका झन्डै पाँच सयजति मोबाइल सेट पानीमा डुबाएर नष्ट गर्नु भनेको व्यक्तिको सम्पत्तिको हकको ठाडो उल्लंघन हो । अहिलेको मोबाइल व्यक्तिको सम्पत्ति मात्र होइन, त्यसभित्र उसका अनेकौं सामग्रीहरू हुन सक्छन् । उसका कैयौं महत्त्वपूर्ण डेटा पनि हुन सक्छ । यस्तोमा सिधै मोबाइल सेट नष्ट गर्नु भनेको प्रशासन र प्रहरीको सनकको उदाहरण हो ।

यो विषयमा कानुनी परीक्षण हुन सक्छ कि सक्दैन ?

यस्तो संवेदनशील विषयमा कानुनी परीक्षण हुन नसक्ने भन्ने त सवालै छैन । यसमा सरकार जिम्मेवार हुनुपर्छ । नागरिकको सम्पत्ति यसरी विनाकानुनी आधार नष्ट गरिसकेपछि सरकारले क्षतिपूर्ति दिनुपर्छ । यस्तो विषयमा सरकार स्वयंले जिम्मेवारी लिएर नागरिकको सम्पत्तिसम्बन्धी हक सुरक्षित गराउनुपर्छ ।

व्यक्तिको सम्पत्ति सुरक्षामा प्रहरीले कस्तो सचेतता अपनाउनुपर्ला ?

रक्षक नै भक्षक भएको देखिनु अकल्पनीय घटना हो । अदालतमा मुद्दा पुगेको अवस्थामा राज्यले क्षतिपूर्ति त दिनैपर्छ । त्यसबाट राज्यलाई आर्थिक क्षति त हुने नै भयो । त्यसैले, यस घटनामा पीडितलाई क्षतिपूर्ति दिएर मात्र हुँदैन, नष्ट गर्ने कार्यमा संलग्न पदीय जिम्मेवारी र अधिकार वहन गर्न नसक्ने कर्मचारीमाथि विभागीय कारबाहीसमेत हुनुपर्छ ।

प्रेरक प्रसंग

गुरु नानक र राजा

एकपटक गुरु नानक यात्राका क्रममा एउटा नौलो राज्यमा पुगे । त्यहाँका राजा जनतालाई सताउने, उनीहरूको सम्पत्ति हडप्नेजस्ता कार्यमा अलि बदनाम छन् भन्ने उनले सुनेका थिए । राजाले पनि गुरु नानकको नाम र महानताबारे सुनेका थिए । त्यसैले, उनी गुरु नानकलाई भेट्न उनी बसेकै स्थानमा आए ।



कुराकानीका क्रममा गुरु नानकले राजासित केही पत्थर धरौटी राखेर आफूलाई रकम दिन अनुरोध गरे । गुरु नानकको अनुरोध सुनेपछि राजाले भने- हुन्छ महात्मा, तपाईंले भनेजस्तै धरौटी राखेर रकम दिन कुनै समस्या छैन, म व्यवस्था मिलाइदिन्छु । तर, हजुर यी पत्थर लिन कहिले आउनुहुन्छ ?

गुरु नानकले भने- म फकिरजस्तो मानिस, घुम्दाघुम्दै कता पुग्छु पत्तो हुँदैन । म यो फिर्ता लिन आउन भ्याउँदिनँ । म तपाईंभन्दा अगाडि नै यो संसार छाडेर गइसकेको हुनेछु । त्यसैले, जब तपाईं यो संसार छाडेर आउनुहुन्छ अनि मेरा यी पत्थर पनि उतै ल्याइदिनू, म उतै लिउँला नि हुन्न ?

गुरु नानकका कुरा सुनेपछि छक्क पर्दै राजाले भने- हजुर के भन्दै हुनुहुन्छ गुरु ? कहीं मरेर गएका मानिसले पनि साथमा यी पत्थर, धनसम्पत्ति लिएर जान सक्छन् त ? राजाका कुरा सुनेपछि हल्का मुस्कुराउँदै गुरु नानकले भने- मरेर जाँदा साथमा लान नसकिने भए तपाईं अहिले सम्पत्ति थुपार्न किन यत्रो मरिहत्ते गर्दै हुनुहुन्छ त ? गुरु नानकका कुरा सुनेपछि राजा झसंग भए । उनले गुरु नानकसित माफी मागे र त्यस दिनदेखि उनले जनतालाई कहिल्यै सताएनन् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

युवालाई स्वदेशमै काम देऊ

नेपालका बेरोजगार युवा भन्छन् स्वदेशमै काम देऊ, हामी गर्न तयार छौं । युवाको स्वदेशमै काम गरौं, देशमै अध्ययन गरौं भन्ने चाहना हुँदाहुँदै पनि बाध्यतावश काम पाउन र उच्च शिक्षा प्राप्त गर्न ऋण काढेर बिदेसिनुपरिरहेको छ । यस्तो अवस्थामा वर्तमान सरकारले बेरोजगार युवालाई देश विकासमा समाहित गर्न स्वदेशमै काम दिनेछ भन्ने धेरैको आशा र विश्वास छ । देशका विश्वविद्यालयहरूलाई व्यवस्थित गराई स्वदेशको आवश्यकताअनुसार दक्ष जनशक्ति उत्पादनमा ध्यान दिनुपर्छ । यसरी उत्पादित जनशक्तिलाई स्वदेशमै गरिखाने वातावरण राज्यले मिलाइदिनुपर्छ । अनि मात्र देशले विकासको गति समात्न सक्छ । अन्यथा, पुराना सरकार र नयाँ सरकारबिच कुनै अन्तर हुनेछैन ।

बलराम थापा, क्षेत्रपाटी, काठमाडौं

मोबाइल किन नष्ट गरियो ?

परीक्षामा जाँदा सिराहाका विद्यार्थीले बोकेका मोबाइल खोसेर पानीमा डुबाई नष्ट गरिएको समाचार सुन्दा अचम्म लाग्यो । विद्यार्थीलाई परीक्षामा मोबाइल लान नदिनु गलत होइन । त्यसलाई रोक्नैपर्थ्यो, रोकियो, राम्रो भयो । तर, त्यसरी मोबाइल खोसेर नष्ट गर्नुभन्दा त परीक्षा केन्द्रमै सुरक्षित राखेर परीक्षापछि फिर्ता गर्नुपर्ने होइन र ? राज्यले यसरी अरूको सम्पत्ति कानुनविपरीत खोसेर नष्ट गर्न मिल्छ र ? मिल्दैन भने दोषीमाथि छानबिन गरी कारबाही गरियोस् ।

● **भरत साह,** जनकपुरधाम, धनुषा

यसो गरे कसो होला ?

पछिल्लो समय छोराछोरी देशबाहिर हुने र हेरचाह गर्ने कोही नहुने अवस्थाले गर्दा हाम्रो समाजका ज्येष्ठ नागरिकहरू समस्यामा पर्न थालेका देखिन्छन् । यसको समाधानका लागि सरकारले सम्भव भएसम्म सबै जिल्लामा र नभए पनि कम्तीमा सबै प्रदेशमा पर्ने गरी सुविधासम्पन्न ज्येष्ठ नागरिक आवास निर्माण गर्ने र त्यहाँ आश्रय लिन चाहने ज्येष्ठ नागरिकबाट मासिक शुल्क लिने व्यवस्था गरेर ती ज्येष्ठ नागरिक आवास सञ्चालन गर्ने व्यवस्था मिलाए कसो होला ?

● **गौरिका रस्तेल,** गुर्जुधारा, काठमाडौं

'दोषी चस्मा' सफा गरौं

भारतको पाँचदिने भ्रमण पूरा गरी स्वदेश फर्केका रास्वपा सभापति रवि लामिछानेलाई भाजपाले 'रेड कार्पेट'मा पुष्पवर्षासहित राजकीय शैलीमा भव्य स्वागत गरेको देखियो । रविलाई स्वागत गर्नुको पछाडि उसको के स्वार्थ छ, थाहा भएन । तर, त्यो स्वागतका लागि हामी नेपालीले गर्व गर्नुपर्छ । हिजो देशका प्रधानमन्त्री जाँदासमेत खासै महत्त्व नदिने भारतले अहिले रविलाई यत्रो सम्मान दियो । यसलाई गलत अर्थले बुझ्नु हुँदैन । लामिछाने अहिलेको अवस्थामा एकजना व्यक्ति मात्र नभई देशकै प्रमुख पार्टीका सभापति हुन् ।

हाम्रोजस्तो अल्प विकसित देशले भारतसँग पौंठेजोरी खोजेर माथि उठ्न सकिन्न । बरु ऊसँग सहकार्य गरेर अघि बढ्ने हो भने हाम्रो देश विकासको गतिमा अघि बढ्न सक्छ । उदाउँदो शक्तिका रूपमा देखिएको भारतसँगको सहकार्य हाम्रा लागि राम्रो विकल्प हुन सक्छ । भाजपाले लामिछानेको स्वागतमा कुनै कसर बाकी राखेन । भारतीय गृहमन्त्री एवं भाजपाका पूर्वपार्टी अध्यक्ष अमित शाहले कोही पनि विदेशी नेतालाई नभेटेको सन्दर्भमा रास्वपाका अध्यक्ष रविलाई भेट्नु सकारात्मक मान्नुपर्छ । हरेक कुरालाई गलत नजरबाट हेर्ने हाम्रो 'दोषी चस्मा'लाई सफा गर्ने वेला भएको छ । भविष्यमा यो भ्रमणको कुनै गलत परिणाम आएमा फरक कुरा, नत्र अहिलेलाई विरोध नै गर्नुपर्ने कारण देखिन्न ।

● **पुरुषोत्तम घिमिरे,** जोरपाटी, काठमाडौं

अफ्रिकाबाहिर फैलिएको इबोलाविरुद्ध बढ्दो सतर्कता

चिन्ताबिच केही देशहरूले कंगोबाट फर्केका आफ्ना नागरिकलाई अनिवार्य २१ दिनको क्वारेन्टाइनमा राख्न थालेका छन्

देश/विदेश

● अरबार चुगताई
● होली सिल
● मोहम्मद सैफुल इस्लाम

(चुगताई, सिल र इस्लाम तीनैजना लेखक अस्ट्रेलियाको 'युनिभर्सिटी अफ न्यु साउथ वेल्सका अध्यापक हुन्)

पछिल्लो इबोला प्रकोपले अहिलेसम्म कमजोर हुने कुनै संकेत देखाएको छैन । २४ अप्रिलमा डेमोक्रेटिक रिपब्लिक अफ द कंगो (डिआरसी)मा इबोलाको दुर्लभ भेरिएन्ट 'बुन्डिबुग्यो स्ट्रेन'को पहिलो शंकास्पद 'केस' भेटिएको थियो । मे १७ सम्ममा विश्व स्वास्थ्य संगठनले सो प्रकोपलाई 'अन्तर्राष्ट्रिय रूपमा चिन्ताजनक सार्वजनिक स्वास्थ्य संकटकाल' घोषणा गऱ्यो । यो प्रकोप रेकर्ड राख्न थालिएपछिको तेस्रो सबैभन्दा ठुलो हो । २७ मेसम्म यसका ९०६ शंकास्पद केस र २२३ मृत्यको रेकर्ड छ । भाइरस अफ्रिकाबाहिर पनि फैलिएको हुन सक्छ ।

स्वास्थ्य अधिकारीले अहिले इटालीमा एक शंकास्पद केस र ब्राजिलमा दुई सम्भावित केसमाथि अनुसन्धान गरिरहेका छन् । तीनैजना डिआरसी वा युगान्डा घुमेर फर्किएका यात्रु हुन् । इबोला भाइरस पोजेटिभ देखिएका एकजना अमेरिकी पुरुषको हाल जर्मनीमा उपचार भइरहेको छ । चिन्ता बढ्दै जाँदा, महामारी तयारीसम्बन्धी 'कोलिसन अफ एपिडेमिक प्रिपेर्डनेस इन्नोभेसन्स'ले बुन्डिबुग्यो स्ट्रेनलाई लक्षित गर्दै तीन सम्भावित खोपलाई छिटो बनाउन ६ करोड अमेरिकी डलरभन्दा बढी कोष प्रदान गर्ने प्रतिबद्धता जनाएको छ ।

इबोला दुर्लभ तर घातक भाइरस हो । यो मुख्यतया संक्रमित व्यक्तिको रगत, च्याल, दिसा र बान्ताका छिटाजस्ता शरीरबाट निस्कने तरल पदार्थसँग प्रत्यक्ष सम्पर्कमा आएका मानिसमा सर्छ । संक्रमितमा प्रारम्भिक रूपमा घाँटी र टाउको दुख्ने, ज्वरो आउने, थकान लाग्ने र शरीर दुख्ने लक्षण देखिन्छ । गम्भीर अवस्थामा संक्रमितमा छालामा दाग देखिने, सास फेर्न गाह्रो हुने, बान्ता भइरहने, पखाला लाग्ने, पेट दुख्ने समस्या आउँछ । इबोला पहिलोपटक सन् १९७६ मा मानिसमा पहिचान गरिएको थियो । त्यसवेलादेखि, विश्वभर ४० भन्दा बढी ससाना प्रकोप देखिइसकेका छन्, जसमध्ये धेरैजसो अफ्रिकी महादेशमै देखिएका छन् ।



हाल डिआरसी र युगान्डाको सिमानामा फैलिएको तेस्रो प्रकोप हो । विगतका अधिकांश प्रकोप योभन्दा थप घातक 'जायर स्ट्रेन'बाट हुने गर्थ्यो । 'बुन्डिबुग्यो स्ट्रेन'बाट संक्रमितमध्ये ३४ प्रतिशतको मृत्यु हुन्छ भने 'जायर स्ट्रेन'बाट संक्रमितमध्ये ९० प्रतिशत मानिस पर्ने गरेको पाइएको छ । डिआरसी-युगान्डा सिमानामा अहिले देखिएको इबोलामा सुरुतिर प्रायः संक्रमितमा देखिने लक्षण नदेखिँदा यसले फैलने मौका पायो । यस्तै, अवस्था सन् २०१४-१६ को विनाशकारी पश्चिम अफ्रिकी प्रकोपमा पनि देखिएको थियो । प्रकोपका सुरुवाती केसमा रोग यकिन गर्न सकिने लक्षण नदेखिँदा सतर्कता अपनाउनु र प्रकोपको घोषणाअघि धेरैलाई संक्रमित बनाइसकेको थियो । सन् २०१४-१५ को प्रकोपमा झन्डै ११ हजारभन्दा बढीको ज्यान गएको थियो ।

दुवै प्रकोपमा घनाबस्ती भएका सहरी क्षेत्र केन्द्र बने । त्यसबाहेक स्वास्थ्योपचार गर्ने केन्द्रभित्रै संक्रमणको व्यापक विस्तार प्रकोप फैलावटको कारण बनिरहेको छ । राजनीतिक अस्थिरता र सामाजिक अशान्तिले पनि दुवै प्रकोपमा योगदान पुऱ्याए । असन्तोषबिच डिआरसीमा यसपटक भिडले संक्रमितका लागि अस्पतालमा बनाइएका पालमा आगो लगायो । झडपका कारण केही बिरामी आइसोलेसन वार्डबाट भागे र फर्किएर आएनन् । त्यसबाहेक अफ्रिकी देशमा मृत्युसंस्कारमा अपनाइएका शवलाई सबै मलामीले छोएर बिदा गर्ने परम्परागत सांस्कृतिक अभ्यासले पनि दुवै प्रकोपको फैलावटलाई तीव्र बनाउन सघाएको हुन सक्छ ।

मुख्यतः पछिल्लो इबोला प्रकोप यात्रुका माध्यमबाट अन्य महादेशमा फैलिएको छ । डिआरसीमा काम गर्न गएका एकजना अमेरिकी पुरुषमा इबोला पोजेटिभ देखिएपछि उनलाई जर्मनीमा उपचार गरिएको छ । उनको अवस्था स्थिर रहेको बताइएको छ । इटालीमा पनि अधिकारीले डिआरसीबाट फर्केका एक यात्रुको निगरानी गरिरहेको बताएका छन् ।

केही समाचारअनुसार, ब्राजिलका अधिकारीले दुई संदिग्ध इबोला केसमाथि जाँच गरिरहेका छन् । दुईमध्ये एकजना डिआरसीबाट साओ पाउलो फर्केका थिए भने अर्का व्यक्ति युगान्डाबाट रियो दी जेनेरियो सहर गएका थिए । दुवै संदिग्ध अन्य रोगको उपचारका धलागि अस्पताल गएका बखत निगरानीमा परेका हुन् । साओ पाउलोका व्यक्ति गम्भीर मेनिन्जाइटिस र रियो दी जेनेरियोका व्यक्ति रुघाखोकी र पखालाको साथमा मलेरिया जचाउन अस्पताल गएका थिए । उनीहरूमा पहिलोपटक इबोलाको परीक्षण गर्दा नकारात्मक देखिए पनि निगरानीमा राखिएको अधिकारीले बताएका छन् ।

यसैबिच, धेरै देशले इबोलालाई आफ्नो सीमाभित्र आउन रोक्न यात्रामा प्रतिबन्ध लगाएका छन् । अमेरिका र क्यानडा दुवैले डिआरसी, युगान्डा र दक्षिण सुडानबाट आउने यात्रुको प्रवेशमा अस्थायी प्रतिबन्ध लगाएका छन् । केही देशले डिआरसीबाट फर्केका आफ्ना नागरिकका लागि २१-दिनको क्वारेन्टाइन अनिवार्य गरेका छन् । अमेरिका, भारत र मेक्सिकोजस्ता देशले पनि विशेषगरी विमानस्थलमा स्वास्थ्य परीक्षण र रोग निगरानीका उपाय बलियो बनाएका छन् ।

द कन्भरसेसनबाट

सामान्य छैन बंगलादेशमा खाद्य असुरक्षा चेतावनी

सन् २०२५ मा बंगलादेशका डेढ करोड मानिसले संकटस्तर वा त्योभन्दा पनि खराब अवस्थाको खाद्य असुरक्षा सामना गरे



● डा. सेलिम राइहान
डा. राइहान ढाका विश्वविद्यालयका प्राध्यापक हुन्



> खाद्य असुरक्षाको निरन्तरताले कम र अस्थिर आय, कमजोर क्रयशक्ति, क्षेत्रीय अभाव, जलवायु जोखिम, अपर्याप्त पोषण परिणाम र सामाजिक सुरक्षामा विभेदजस्ता विभिन्न समस्यालाई औंल्याउँछ

सन् २०२६ को खाद्य संकटसम्बन्धी विश्वव्यापी प्रतिवेदन (जिआरएफसी)ले बंगलादेशका लागि असहज सन्देश ल्याएको छ। देशले न अनिकालको सामना गरिरहेको छ, न त यसले विनाशकारी खाद्य संकट झेलिरहेको छ । कुनै पनि देश उच्चस्तरको तीव्र खाद्य असुरक्षाको सामना गर्ने सबैभन्दा धेरै मानिस भएका शीर्ष १० देश र क्षेत्रहरूमा पर्न चाहँदैनथ्यो। तैपनि २०२५ मा बंगलादेशका डेढ करोड मानिसले संकटस्तरको खाद्य असुरक्षा वा त्योभन्दा पनि खराब अवस्थाको सामना गरेका थिए। यद्यपि, रिपोर्टमा उल्लेख गरिएको छ कि विश्लेषण गरिएको जनसंख्याले सम्पूर्ण देशलाई होइन, कुल जनसंख्याको ५९ प्रतिशतलाई मात्र समेट्छ।

प्रतिवेदनअनुसार सन् २०२४ को तुलनामा बंगलादेशमा सुधार देखिएको छ। उक्त अवधिमा ७६ लाख कम मानिसहरूले उच्चस्तरको तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका थिए। यो सुधार २०२५ को सुरुमा ठुला प्रकोपहरूको अनुपस्थिति, खाद्य मुद्रास्फीतिमा गिरावट र रेमिट्यान्स प्रवाहमा वृद्धिसँग जोडिएको थियो। तर, यही कारणले गर्दा यो निष्कर्ष चिन्ताजनक छ। तुलनात्मक रूपमा राम्रो वर्षमा पनि कम ठुला प्रकोप झट्का र खाद्य मुद्रास्फीतिबाट केही राहतको साथ, बंगलादेश अझै पनि तीव्र खाद्य असुरक्षामा परेका मानिसहरूको विश्वको सबैभन्दा ठुलो निरपेक्ष संख्यामध्ये एक हो।

यसले बंगलादेशको खाद्य असुरक्षा समस्या बाढी, चक्रबात, खडेरी वा अचानक मूल्यवृद्धिका बारेमा मात्र होइन भन्ने संकेत गर्छ। अवश्य पनि यी झट्काले अर्थ राख्छन् किनकि तिनीहरूले कमजोर घरपरिवारलाई तत्काल संकटमा धकेल्न सक्छन्। तर, खाद्य असुरक्षाको निरन्तरताले कम र अस्थिर आय, कमजोर क्रयशक्ति, क्षेत्रीय अभाव, जलवायु जोखिम, अपर्याप्त पोषण परिणाम र सामाजिक सुरक्षामा विभेदजस्ता विभिन्न समस्यालाई औंल्याउँछ। धेरै घरपरिवारका लागि, संकट यो होइन कि बजारमा खाना उपलब्ध छैन, बरु संकट त्यो हो कि खाना किन्नै नसकिने महँगो छ, आहार कमजोर छ, र सामना गर्ने संयन्त्र पहिले नै काम नलाग्ने अवस्थामा पुगेका छन्। बंगलादेशमा हालैका वर्षमा खाद्य मुद्रास्फीति गरिबहरूका लागि अस्थायी असुविधा भएको छैन। यसले घरायसी व्यवहारमा परिवर्तन ल्याएको छ। परिवारले प्रोटिनको सेवन घटाएका छन्, सस्तो मुख्य उत्पादनमा सरेका छन्, स्वास्थ्य खर्च स्थगित गरेका छन्, अनौपचारिक स्रोतबाट ऋण लिएका छन् र बालबालिकाको आवश्यकतामा कटौती गरेका छन्। जब चामल, खाद्य तेल, दाल, अन्डा, माछा र तरकारी लामो समयसम्म महँगो रहन्छन्, पोषणस्तरमा क्षति हुन्छ। बालबालिकाहरू चुपचाप पीडित हुन्छन्। महिलाहरू प्रायः अन्तिममा खान्छन् र कम खान्छन्। गरिब घरपरिवारका वृद्धवृद्धा अनियमित सहयोगमा बढी निर्भर हुन्छन्।

२०२५ मा रेमिट्यान्सले सहयोग गऱ्यो। त्यो उत्साहजनक छ, तर यो सन्तुष्टिको कारण बन्नुहुँदैन। रेमिट्यान्स प्रवाह क्षेत्र र घरपरिवारमा असमान रूपमा वितरित छ। यसले धेरै परिवारहरूलाई सहयोग गर्छ, तर त्यसले राष्ट्रिय खाद्य सुरक्षा रणनीतिको विकल्प लिन सक्दैनन्। आप्रवासी कामदारविनाको घरपरिवार, मौसमी बेरोजगारीको सामना गरिरहेको भूमिहीन मजदुर, उच्च भाडा तिर्ने सहरी कामदार र सीमित आय भएको महिला नेतृत्वको घरपरिवारले रेमिट्यान्सबाट स्वतः लाभ उठाउँदैनन्। त्यसैले, खाद्य सुरक्षा चुनौती पनि असमानताको प्रश्न हो।

रोहिंग्या संकटले अर्को आयाम थपेको छ। जिआरएफसीले उल्लेख गरेको छ कि रोहिंग्या शरणार्थीहरूको हालैको आगमन, बाढी र मानवीय सहयोगमा कमीका कारण दुई बंगलादेशी जिल्लामा म्यानमारबाट विस्थापितमा तीव्र खाद्य असुरक्षा बढेको छ। यो केवल मानवीय मुद्दा मात्र होइन। यो कक्स बजार र वरपरका आश्रयदाता समुदायका लागि विकसित मुद्दा पनि हो। जब सहायता घट्छ, पहिले नै कमजोर स्थानीय श्रमबजार, वन, सार्वजनिक सेवा, जलस्रोत र सामुदायिक सम्बन्धमा दबाब बढ्छ। बंगलादेशले वर्षौंदेखि यो बोझ बोकेको छ। अन्तर्राष्ट्रिय समुदायले यसलाई बिर्सिएको संकटको रूपमा व्यवहार गर्नुहुँदैन।

पहिलो नीतिगत असर स्पष्ट छ : खाद्य सुरक्षा नीति खाद्य उपलब्धताभन्दा बाहिर जानुपर्छ। बंगलादेशले चामल उत्पादन बढाउन र मुख्य आपूर्ति कायम राख्न उचित रूपमा राम्रो काम गरेको छ। तर, खाद्य सुरक्षाको विषय पहुँच, पोषण, स्थिरता र मर्यादाको बारेमा पनि हो। नीतिको दृष्टिकोण 'के पर्याप्त चामल छ ?' बाट 'के गरिब घरपरिवारले वर्षभरि पौष्टिक आहारा किन्न सक्छ ?' मा परिवर्तन हुनुपर्छ। यसका लागि मुद्रास्फीति मात्र नभई खाद्यान्न बास्केटको नियमित अनुगमन आवश्यक छ।

दोस्रो, झट्काको समयमा सामाजिक सुरक्षालाई अझ बढी उत्तरदायी बनाउनुपर्छ। बंगलादेशमा धेरै कार्यक्रम छन्, तर धेरैजसो कार्यक्रम खण्डित, कमजोर लक्षित र प्रशासनिक रूपमा ढिला छन्। मूल्यवृद्धि हुँदा, बाढी आउँदा वा मौसमी रोजगारी ध्वस्त हुँदा खाद्य असुरक्षित घरपरिवारलाई समयमै नगद वा खाद्य सहयोग चाहिन्छ। डिजिटल डेटाबेसले मद्दत गर्न सक्छन्, तर तिनीहरू अद्यावधिक, समावेशी र राजनीतिक कब्जाबाट सुरक्षित हुनुपर्छ। कम आय भएका सहरी घरपरिवारहरूले आफूले उपभोग गर्ने लगभग सबै चिज किन्नुपर्ने भएकाले खाद्य असुरक्षालाई पनि थप ध्यान दिन आवश्यक छ। तेस्रो, बजार प्रशासनमा सुधार हुनुपर्छ। कमजोर प्रतिस्पर्धा, सूचनाको खाडल, भण्डारणमा कुव्यवस्थापन र अचानक आयात निर्णयले प्रायः मूल्य अस्थिरतालाई बिगार्छ। एक स्मार्ट खाद्यबजार नीतिले राम्रो सार्वजनिक स्टक व्यवस्थापन, आवश्यक पर्दा समयमै आयात, पारदर्शी बजार र मिलेमतो व्यवहारविरुद्ध बलियो कारबाहीलाई संयोजन गर्नेछ। किसानहरूले उचित मूल्य प्राप्त गर्नुपर्छ। तर, उपभोक्ताहरूलाई बजार हेरफेरबाट बन्धक बनाउन सकिँदैन।

चौथो, पोषण खाद्य नीतिको केन्द्रमा हुनुपर्छ। लक्ष्य केवल क्यालोरी पर्याप्तता हुनुहुँदैन। विद्यालयमा खुवाउने, मातृ पोषण, बाल पोषण सेवा, सुदृढ खाना, सुरक्षित पानी, सरसफाइ, र प्राथमिक स्वास्थ्य सेवा सबै महत्त्वपूर्ण छन्। खाद्य असुरक्षा र कुपोषण एक-आपसमा सम्बन्धित छन्, तर तिनीहरू समान छैनन्। एउटा परिवारले हरेक दिन खाना खाला, तर पनि पोषणबाट भने वञ्चित हुन सक्छ।

अन्तमा, जलवायु लचिलोपनलाई खाद्य सुरक्षा नीतिको रूपमा व्यवहार गर्नुपर्छ। बाढी नियन्त्रण, लवणता व्यवस्थापन, जलवायु लचिलोपन बाली, बाली बिमा, भण्डारण सुविधा, ग्रामीण सडक र पूर्वचेतावनी प्रणाली छुट्टाछुट्टै विकास परियोजना होइनन्। तिनीहरू राष्ट्रिय खाद्य सुरक्षाको संरचनाको हिस्सा हुन्।
त्यसैले, जिआरएफसी २०२६ लाई असफलताको फैसलाको रूपमा नभई चेतावनीको रूपमा पढ्नुपर्छ। बंगलादेशले प्रगति गरेको छ, र २०२५ मा केही सुधार देखिएको छ। तर, उच्चस्तरको तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका १.६ करोड मानिसहरू अल्पविकसित राष्ट्रको स्थितिबाट स्तरोन्नति भएर उच्च मध्यम आयको महत्त्वाकांक्षातर्फ अघि बढ्न चाहने देशका लागि धेरै ठुलो संख्या हो। वास्तविक परीक्षा यो होइन कि बंगलादेशले सामान्य वर्षमा पर्याप्त खाद्य उत्पादन गर्न सक्छ कि सक्दैन। सवाल यो हो कि हरेक घरपरिवारले पर्याप्त, पौष्टिक र निरन्तर खान सक्छ कि सक्दैन ? जब मूल्य बढ्छ, बाढी आउँछ, रोजगारी हराउँछ वा सहायता घट्छ। त्यसका लागि देशले अझै धेरै काम गर्न बाँकी छ।

- द डेली स्टारबाट

इतिहासमा आज



सन् १८६७ : फ्रान्ज जोसपद्वारा हंगेरीको राजाको ताज पहिरिएको दिन।

सन् १९४९ : जर्ज अरवेलको प्रख्यात उपन्यास नाइन्टिन एटिफोर प्रकाशन। यो उनको अन्तिम कृति हो, जुन सन् १९५० मा ट्युबरकुलर रक्तस्रावबाट उनको मृत्यु हुनुभन्दा केही समयअघि लेखिएको थियो। यसले अधिनायकवादले कब्जा गरेको संसारको उत्पीडन र अन्यापूर्ण दृश्य प्रस्तुत गर्छ।

सन् १९६७ : भूमध्यसागरमा इजरायली हवाईजहाजले अमेरिकाको एक गस्ती जहाजमा आक्रमण गर्दा ३४ नौसेनाको मृत्यु।

सन् १९८७ : न्युजिल्यान्ड आणविकमुक्त क्षेत्र घोषित। न्युजिल्यान्ड आणविकमुक्त क्षेत्र, निःशस्त्रीकरण र हतियार नियन्त्रण ऐन १९५० ले कुनै पनि आणविक शक्ति वा आणविक सशस्त्र जहाजलाई देशमा प्रवेश गर्न प्रतिबन्ध लगाएको छ। सन् १९५० को दशकमा आणविकमुक्त क्षेत्रका लागि कानुन बनाउने पहिलो देश न्युजिल्यान्ड थियो।

'तौल घटाउने औषधिले घटाउँछ क्यान्सरको जोखिम'

न्युयोर्क / तौल घटाउन प्रयोग हुँदै आएको औषधिले स्तन क्यान्सरको जोखिम ३० प्रतिशतसम्म घटाउन सक्ने एक अध्ययनले देखाएको छ। यो निष्कर्ष हाल विश्वको करोडौं मानिसले मोटोपनको उपचारमा प्रयोग गरिरहेका जिएलपी-१औषधिको प्रयोगबाट देखिएको हो। विश्वको सबैभन्दा ठुलो क्यान्सरविरुद्धको सम्मेलनमा प्रस्तुत गरिएका तीनवटा अध्ययनमध्ये तीनैवटाले जिएलपी-१ औषधिले क्यान्सरको जोखिम घटाएको देखायो। स्तन क्यान्सर विश्वमा सबैभन्दा धेरै देखिने क्यान्सर हो। तीनमध्ये पहिलो अध्ययनको विश्लेषणबाट जिएलपी-१ औषधि लिनेमा सो औषधि नलिनेको तुलनामा स्तन क्यान्सर हुने सम्भावना ३० प्रतिशत घटेको पाइयो।

दोस्रो अध्ययनले स्तन क्यान्सरका लागि हाल प्रयोग हुने मानक उपचार विधिमा तौल घटाउने औषधिसमेत थपेर दिँदा रोगीको मृत्यु हुने जोखिम नै ३० प्रतिशतले कम भएको पाइयो। स्तन, फोक्सो, आन्द्रा वा कलेजोको क्यान्सर भएका बिरामीमा गरिएको तेस्रो अनुसन्धानले तौल घटाउने औषधि खानेहरूमा रोग फैलिने सम्भावना ५० प्रतिशतसम्म कम भएको पाइएको थियो। सिकागोमा मे २९ देखि जुन २ बिच सम्पन्न 'अमेरिकन सोसाइटी अफ क्लिनिकल अन्कोलोजी'को वार्षिक बैठकमा यी अध्ययनका निष्कर्ष साझा गरिएको थियो। जिएलपी-१ वर्गका औषधि खासमा शरीरमा प्राकृतिक रूपमा पाइने ग्लुकागनजस्तै पेप्टाइड १ भनिने हर्मोनको नक्कल गर्ने औषधिको एक वर्ग हो। यसले रगतमा चिनीको मात्रा घटाउने मात्र होइन, भोक लागेको महसुस हुन नदिँदा कम खान मन लाग्छ। सुरुमा 'टाइप २' भनिने मधुमेहको उपचार गर्न प्रयोग गरिने यस यो वर्गको औषधि अहिले व्यापक रूपमा तौल घटाउन प्रयोग गरिन थालिएको छ।

'अमेरिकन सोसाइटी अफ क्लिनिकल अन्कोलोजी'को वार्षिक बैठकमा पेस गरिएको पहिलो अध्ययनमा ४५ देखि ८० वर्ष उमेरका एक लाख १० हजार महिला समावेश गरिएको थियो। यस विश्लेषणका क्रममा जिएलपी-१ औषधि लिनेलाई नलिनेको तुलनामा स्तन क्यान्सर हुने सम्भावना ३० प्रतिशत कम भेटियो। दोस्रो अध्ययनमा २७ हजार स्तन क्यान्सरका बिरामीलाई समेटिएको थियो। अध्ययन इटलीको मेल्डोला सहरमा रहेको क्यान्सर केन्द्रले गरेको थियो।

आप्रवासीको हत्याले तरंगित ब्रिटिस समाज

आप्रवासीविरोधी राजनीतिक उभारले कालान्तरमा मुस्लिम, सिख, अन्य भारतीय समुदायविरुद्ध घृणाभाव फैलाउने निश्चित छ



गत्त वर्षको अन्तिमतिर बेलायतमा १८ वर्षीय विद्यार्थी हेनरी नोभाकको हत्या भयो। घटना बेलायतको साउथह्याम्प्टन सहरमा भएको थियो। ब्रिटिस मुलका सिख नागरिक विक्रम डिग्वाले चक्कु हानेपछि उनको ज्यान गएको थियो। लामो अनुसन्धानपछि केही दिनअघि मात्र घटनाको आधिकारिक अवस्थाबारे तथ्य सार्वजनिक हुनथाल्यो। यस घटनाबारे थप तथ्य सार्वजनिक हुँदै जाँदा ब्रिटिस समाज तरंगित भएको छ। घटना घटेको साउथह्याम्प्टन सहरमा दंगा नै भड्कियो।

आशा, योजना र सम्भावनाले भरिएको एकजना नवयुवकको जीवन अपराधका कारण अल्पायुमै टुंगिनु हरेक हिसाबमा दुःखद क्षति थियो। नोभाकका बुबा मार्क नोभाकले यस घटनाले उनको परिवारलाई 'बाँकी जीवनभर' शोक छाडेर गएको बताएका छन्। तथापि, उनले आफ्नो छोराको मृत्युलाई समाजमा थप विभाजन, घृणा वा तनाव बढाउन प्रयोग नगर्न अपिल गरेका छन्। परिवार सदस्यको अपिलका बाबजुद, एक पोलिस आप्रवासीको छोरा नोभाकको हत्याको ठुलो राजनीतिकरण भएको छ। यस प्रकरणलाई पछिल्लो समय जनमत बढाउँदै लगेका ब्रिटिस उग्रदक्षिणपन्थीले फाइदा लिने प्रयास गरेका छन्।

उता अमेरिकी दक्षिणपन्थी समूह तथा व्यक्तित्वले घटनाबारे टिप्पणी गरेर झन् आक्रोशलाई बढाउने प्रयास गरे। अमेरिकी उपराष्ट्रपति जेडी भान्स र व्यापारी एलन मस्कले गोरामाथि अनुचित व्यवहार बढ्दै गएको प्रतिक्रिया दिएर आप्रवासीविरोधी भावनालाई मलजल गरे। जे भयो त्यो दुःखद र भयानक थियो। मुख्यतः घटनासँग जोडिएको एक भिडियो सामाजिक सञ्जालमा भाइरल बनेपछि धेरै प्रभावित भएको हुन सक्छ। उक्त भिडियोमा, नोभाकले प्रहरीसामु गएर आफूलाई चक्कुले हानिएको बताउँछन्। जवाफमा एकजना प्रहरी अधिकारीले भनेको सुनिन्छ, 'मलाई त तिमीलाई चक्कु हानिएकोजस्तो लाग्दैन, मित्र।'

समाजमा क्रोध र निराशा

निश्चित रूपमा यस्ता भिडियोले क्रोध र निराशा जगाउँछन्। एकजना मद्दत खोजिरहेको पीडित व्यक्तिलाई प्रहरीले नै गम्भीरतापूर्वक नलिइएको देख्दा स्वाभाविक रूपमा निराशा उत्पन्न हुन्छ। तर, प्रश्न यो हो कि यो घटनाले कसरी यत्रो हिंसात्मक प्रतिक्रिया जन्मायो र यति ठुलो राजनीतिक विवादमा परिणत भयो ?

यस प्रश्नको उत्तर आंशिक रूपमा ब्रिटिस सांसद तथा उग्र दक्षिणपन्थी दल रिफर्म युकेका नेता निगेल फराजको प्रतिक्रियामा भेट्न सकिन्छ। सन् २०२१ मार्चमा साथीको घरबाट फर्किँदै गरेकी ३३ वर्षीया युवती सारा एभरार्डलाई बिदामा रहेका प्रहरी वेन कोजेन्सले अपहरण गरेर बलात्कार र हत्या गरे। त्यतिबेला महिलाहरूले घटनाप्रति ठुलो विरोध जनाए। तर, त्यतिबेला उनै फराजले कुनै पनि त्रासदीलाई पुरुष वा संस्थाविरुद्ध व्यापक आक्रमण गर्न प्रयोग गर्न नहुने बताएका थिए। (त्यस घटनामा पीडित र दोषी दुवै गोरा थिए।) तर, अहिले उनको भाषा पूर्ण रूपमा बदलिएको छ। यसपटक शान्तिका लागि अपिल गर्नु त कता हो कता उनी 'दबेको आक्रोश'जस्ता शब्द प्रयोग गरिरहेका छन्।

फराज उनै नेता हुन् जसले कुनै वेला पूर्वी युरोपका बासिन्दाभन्दा भारतीय आप्रवासीलाई बेलायतले प्राथमिकता दिनुपर्ने बताउँथे। सम्भवतः त्यतिबेला उनलाई बेलायतलाई युरोपेली युनियनबाट अलग्याउनुपर्ने अडान जित्नु थियो। अर्थात्, उक्त मन्तव्य ब्रेक्जिट राजनीतिसँग जोडिएको थियो। अहिले उनैले पूर्वी युरोपेली (पोलिस) आप्रवासी परिवारका एक ब्रिटिस नागरिकलाई 'गोरा पहिचान'सँग जोडेका छन्।

यस्तो देखिन्छ, कुनै त्रासदीप्रति गरिने फरक प्रतिक्रिया घटना के हो भन्दा पनि को संलग्न थियो र त्यसको आधारमा कुन राजनीतिक भाष्य निर्माण गर्न सकिन्छ भन्ने कुराले निर्धारण गरिन्छ। बेलायतमा त्रासदीलाई राजनीतिक फाइदाका लागि उपभोग गर्ने प्रवृत्ति सामान्य बन्दै गएको यो अर्को प्रतिनिधि घटना हो। अहिलेको घटनापछि उत्पन्न विवादको व्यापक उद्देश्य 'बढ्दो समावेशिताको अभ्यासकाबिच बहुसंख्यक गोराजाति नै पीडित बनेको' भाष्य सिर्जना गर्नुजस्तो देखिन्छ। अर्थात्, बहुसंख्यक गोरा जनसंख्यालाई अहिले उनीहरूकै देशका संरचनाले बराबर नगरी भेदभाव गर्न थालेको उनको दाबी छ। यसलाई बढाइचढाइ गर्न 'दुई तहको सुरक्षा'जस्ता शब्दावली प्रयोग गर्न थालिएको छ। तर, यस्ता दाबीहरू तथ्यंकद्वारा समर्थित छन् वा छैनन् भन्ने कुरा प्रायः बेवास्ता गरिन्छ। जब कुनै एउटा घटना ठुलो राजनीतिक भाष्यसँग जोडिन्छ तब त्यसैले सबै यथार्थ प्रस्तुत गर्छ भनेजस्तो गरिन्छ।



● आमना बेगम
स्तम्भकार तथा लेखक बेगम 'इन्डिया दिस विक बाई अमाना एन्ड खालिद' नामक युट्युब च्यानल चलाउँछिन्।

राजनीतिक भाष्य कति बलियो हुन्छ भने कुरा यस प्रकरणपछि बहसका बिच यस स्तम्भकारले गरेको एक अध्ययनले चकित पार्ने कुरा देखायो। बेलायतमा बसोवास गर्ने भारतीय मूलका ब्रिटिस नागरिकहरू (मुख्यतः सिख र हिन्दु सम्प्रदाय) फराज नेतृत्वको रिफर्म पार्टीले दोहोऱ्याइरहने दाबी बेलायतका लागि मुस्लिम आप्रवासन वा इस्लाम खतरा हो भन्ने कुरामा विश्वास गर्छन्। र, यस घटनामा पनि ब्रिटिस उग्रदक्षिणपन्थी अभियन्ता टमी रोबिन्सनले प्रहरीचौकीबाहिर उभिए नोभाकको हत्यालाई पाकिस्तानी मुस्लिमसँग जोडिदिए। र, लगत्तै आमब्रिटिस प्रक्रिया वास्तविक त्रासदीसँग विच्छेद भएर अघि बढिरहेको छ।

परिवार भर्सेस विश्व

यस घटनाले कसरी एउटा व्यक्तिगत त्रासदी चाँडै संस्था र राज्यप्रति उग्रदक्षिणपन्थीको आक्रमणको साधन बन्न सक्छ भन्ने देखाएको छ। विशेषतः नोभाक प्रकरणलाई ब्रिटिस उग्रदक्षिणपन्थीले देशको बहुसंख्यक भइकन पनि गोरा समुदायमाथि संस्थागत भेदभाव भइरहेको भन्ने ठुलो राजनीतिक भाष्य निर्माण गर्न सफल भएका छन्। यस्तो आप्रवासीविरोधी राजनीतिक उभारले कालान्तरमा मुस्लिम, सिख, अन्य भारतीय समुदाय, अरू खैरो छाला भएका नागरिक वा आप्रवासीविरोधी भावना फैलाउने निश्चित छ।

नोभाक प्रकरणले राजनीतिक रूप लिएपछि अहिले बेलायतमा सार्वजनिक स्थानमा किरपान (सिख धर्मावलम्बीले बोक्ने सानो चक्कु) प्रतिबन्धका बारेमा बहस उठेको छ। बेलायतमा सार्वजनिक जीवनमा धार्मिक प्रतीकको प्रयोगलाई मान्यता दिइएको छ। तर, हेनरी नोभाकको घटनाले फेरि एकपटक सिखहरूले धार्मिक रूपमा बोक्ने छुट पाएको किरपानमाथि प्रश्न उठायो। निष्पक्ष रूपमा हेर्दा, यो आफैंमा एक ठुलो बहस हो, जसमा धर्म, सुरक्षा, विशेषाधिकार, अल्पसंख्यक अधिकार र समाजले आफ्नो सीमा कहाँ तय गर्ने भन्नेजस्ता कैयौं प्रश्न जोडिएका छन्।

नोभाक प्रकरणलाई उग्रदक्षिणपन्थीहरूले गिजोलिरहेको वेला केही मानिसले भने उनका परिवारका केही सदस्यहरूले घटनालाई ढाकछोप गर्ने प्रयास गरेको आरोप लगाएका छन्। विशेषतः आफ्नो छोराको कुलत ढाकछोप गर्ने प्रयास गरेको तिनको संकेत छ। यहींनेर स्तम्भकारो व्यक्तिगत अनुभव जोड्न मन लाग्यो, जो आफैं बेलायको दक्षिण एसियाली समाजमा हुर्किएँ।

दक्षिण एसियाली समुदायमा बालबच्चा हुर्किँदै बाल्यकालदेखि नै केही मूल्य-मान्यता सिकाइन्छ। यस्ता मूल्य-मान्यतामा, हाम्रा रगतका नातागोतालाई जुनसुकै अवस्थामा पनि सहयोग गर्ने, जे भए पनि आफ्नो परिवारको रक्षा गर्ने, र अन्ततः संसारविरुद्ध लड्नुपरे पनि आफ्नो परिवारलाई साथ दिने भन्ने पर्छ। तर कहिलेकाहीं प्रश्न आउँछ कतै यही सोचले त हामीलाई वृहत्तर कुराप्रति अन्धो त बनाउँदैन। जब परिवारप्रतिको बफादारी सर्वोपरि हुन्छ, हामी बिर्सन्छौं कि हामी पनि वृहत्तर समाज र साझा मानवताको हिस्सा हौं। र, यो यस मुद्दाको सबैभन्दा असहज प्रश्न नै यही हो, यदि तपाईंको आफ्नै परिवारको कुनै सदस्यले यस्तो अपराध गऱ्यो भने, त्यो क्षणमा तपाईं के गर्नुहुन्छ ? के तपाईं परिवारप्रतिको बफादारी रोज्नुहुन्छ, वा सही कुराको लागि खडा हुनुहुन्छ ?

- द प्रिन्टबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २५ जेठ ०८३

■ नेपाल-भारत क्रसबोर्डर डिजिटल भुक्तानी सम्झौता

सीमापार मोबाइलबाटै रकम 'ट्रान्सफर'

परराष्ट्रमन्त्री शिशिर खनालले भारत भ्रमणका क्रममा समकक्षी एस. जयशंकरसँग गरेको सम्झौतापछि सिमापार डिजिटल भुक्तानी प्रणाली कार्यान्वयन

नेपालबाट भारतमा दैनिक १५ हजार र मासिक एक लाख भारुसम्म पठाउन सकिने, भारतबाट नेपालमा भने दैनिक २ लाख भारुसम्म पठाउन मिल्ने

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल र भारतबिच सिमापार डिजिटल भुक्तानी (क्रसबोर्डर अनलाइन पेमेन्ट) सेवालाई विस्तार गरिएको छ। यो सहमतिसँगै अब दुवै देशका नागरिकलाई एक-अर्काको देशमा पैसा पठाउन र मोबाइलबाटै भुक्तानी गर्न निकै सजिलो भएको छ।

शनिबार नयाँदिल्लीमा परराष्ट्रमन्त्री शिशिर खनाल र भारतका विदेशमन्त्री डा. एस. जयशंकरबिच भएको उच्चस्तरीय बैठकमा यो सहमति जुटेको हो। नेपाल क्लियरिङ हाउस लिमिटेड र भारतको नेसनल पेमेन्ट कर्पोरेसन अफ इन्डियाबिच यसअघि नै भएको साझेदारीलाई दुई देशका परराष्ट्रमन्त्रीको बैठकले पूर्णता दिएको हो।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीअनुसार दुवै देशका नागरिकले व्यक्ति-व्यक्तिबिच खातामा पैसा पठाउन पाउने व्यवस्था गरिएको हो।

उनले भने, 'अहिलेसम्म यस्तो कारोबार सीमित रूपमा हुँदै आइरहेको थियो। तर, व्यक्ति-व्यक्तिबिच सहजै कारोबार हुने भएको हो। दैनिक १५ हजार भारतीय रुपैयाँ र महिनाको एक लाख भारुसम्म क्रस बोर्डर कारोबारको व्यवस्था गरिएको छ। आगामी दिनमा व्यक्तिले बैंक खातामा पैसा पठाउनेलगायतका अरू भुक्तानीका आयामहरू विस्तार हुँदै जानेछन्।'

यो सम्झौतापछि नेपालीले पनि भारतमा भुक्तानी गर्न पाउने बाटो खुलेको छ। सन् २०२३ को सम्झौताअनुसार अहिलेसम्म भारतीय पर्यटकले मात्र नेपालमा क्युआर कोड स्क्यान गरेर पैसा तिर्न पाउँथे। अब नयाँ सहमतिअनुसार नेपाली नागरिकले पनि भारत जाँदा आफ्नो मोबाइल बैंकिङ वा डिजिटल वालेट प्रयोग गरेर भारतमा सामान खरिद गर्दा पैसा तिर्न वा नेपालमा पैसा पठाउन सक्नेछन्।

भारतको भुक्तानी प्रणाली (युपिआई) र नेपालको प्रणाली (एनपिआई) एक-आपसमा जोडिने भएकाले सर्वसाधारणले घरमै बसेर सुरक्षित र सजिलो तरिकाले फरक देशमा पैसा पठाउन र पाउन सक्ने अवस्था लागू गरिएको हो।

बैठकमा डिजिटल प्रविधिको विकास र आर्टिफिसियल इन्टेलिजेन्स (एआई)का क्षेत्रमा पनि सहकार्य गर्ने निर्णय भएको छ। भारतले नेपालको एआई प्लाटफर्म विकासका लागि प्राविधिक सहयोग गर्नेछ।

दुवै देशका नागरिकले सहजै पैसा पठाउन पाउने व्यवस्था गरिएको हो

● **निश्चल अधिकारी**, कार्यकारी निर्देशक, राष्ट्र बैंक



दुवै देशका नागरिकले व्यक्ति-व्यक्तिबिच खातामा पैसा पठाउन पाउने व्यवस्था गरिएको हो। अहिलेसम्म यस्तो कारोबार सीमित रूपमा हुँदै आइरहेको थियो। तर, व्यक्ति व्यक्तिबिच सहजै कारोबार हुने भएको हो। दैनिक १५ हजार भारतीय रुपैयाँ र महिनाको एक लाख भारुसम्म क्रसबोर्डर कारोबारको व्यवस्था गरिएको छ। आगामी दिनमा व्यक्तिले बैंक खातामा पैसा पठाउनेलगायतका अरू भुक्तानीका आयाम विस्तार हुँदै जानेछन्। यो सम्झौतापछि नेपालीले पनि भारतमा भुक्तानी गर्न पाउने बाटो खुलेको छ। यसअघिको सम्झौताअनुसार अहिलेसम्म भारतीय पर्यटकले मात्र नेपालमा क्युआर कोड स्क्यान गरेर पैसा तिर्न पाउँथे। अब नयाँ सहमतिअनुसार नेपाली नागरिकले पनि भारत जाँदा आफ्नो मोबाइल बैंकिङ वा डिजिटल वालेट प्रयोग गरेर भारतमा सामान खरिद गर्दा पैसा तिर्न वा नेपालमा पैसा पठाउन सक्नेछन्।



क्रसबोर्डर रेमिट्यान्स सुरु गरेको नबिल बैंकका सिइओ मनोजकुमार ज्ञवाली भन्छन्-

सीमापार भुक्तानीलाई सरल, सुरक्षित र सहज बनाउन डिजाइन गरिएको हो

यो सेवा सीमापार भुक्तानीलाई छिटो र सहज बनाउने दिशामा महत्वपूर्ण कदम हो। यसले नेपाल र भारत दुवै देशमा डिजिटल बैंकिङ सेवा सुधार गर्ने तथा ग्राहक सुविधालाई विस्तार गर्ने हाम्रो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। यस सेवाअन्तर्गत नेपालमा बस्दै आएका भारतीय नागरिकहरूले नबिल बैंकमा खाता खोलेको खण्डमा नेपालबाटै मोबाइल बैंकिङ एप प्रयोग गरी भारतमा रहेका आफ्ना परिवार तथा साथीभाइलाई तत्काल पैसा पठाउन सक्नेछन्।



■ नेपाली बैंकहरूले थाले क्रसबोर्डर पिटुपी



नेपालका वाणिज्य बैंकहरूले नेपाल-भारत-नेपाल क्रसबोर्डर पर्सन-टु-पर्सन (पिटुपी) रेमिट्यान्स सेवा सुरु गरेका छन्। सबैभन्दा सुरुमा नबिल बैंकले थालेको यो सेवामार्फत ग्राहकहरूले नेपाल र भारतबिच सुरक्षित डिजिटल माध्यमबाट तत्काल पैसा पठाउन र प्राप्त गर्न सक्ने जनाएको छ।

यस सेवाअन्तर्गत नेपालमा बस्दै आएका भारतीय नागरिकहरूले नबिल बैंकमा खाता खोलेको खण्डमा नेपालबाटै मोबाइल बैंकिङ एप प्रयोग गरी भारतमा रहेका आफ्ना परिवार तथा साथीभाइलाई तत्काल पैसा पठाउन सक्नेछन्। त्यस्तै, नेपाली तथा भारतीय दुवै नागरिकहरूले नेपालमा रहेका नबिल बैंक प्रयोगकर्ताहरूलाई सजिलै र छिटो रकम पठाउन सक्ने व्यवस्था गरिएको छ।

बैंकका अनुसार यो सेवा दुवै देशका ग्राहकका लागि सीमापार भुक्तानीलाई सरल, सुरक्षित र सहज बनाउन डिजाइन गरिएको हो। 'यो सेवा सिमापार भुक्तानीलाई छिटो र सहज बनाउने दिशामा महत्त्वपूर्ण कदम हो। यसले नेपाल र भारत दुवै देशमा डिजिटल बैंकिङ सेवा सुधार गर्ने तथा ग्राहक सुविधालाई विस्तार गर्ने हाम्रो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ,' नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले बताए। बैंकले सेवाको प्रयोगमा नियामकीय व्यवस्था र सहजता दुवैलाई ध्यानमा राख्दै सीमा तोकिएको छ। नेपालबाट भारततर्फ रकम पठाउँदा ग्राहकले दैनिक अधिकतम भारु १५ हजार र मासिक अधिकतम भारु १ लाख सम्म पठाउन सक्ने बैंकले जनाएको छ। त्यस्तै, भारतबाट नेपालतर्फ दैनिक अधिकतम भारु २ लाखसम्म रकम पठाउन सकिनेछ भने मासिक सीमा लागू हुनेछैन।

अन्तरदेशीय कारोबारमा उल्लेख्य वृद्धि

०८१ चैतमा कारोबार संख्या १ लाख १ हजार २८३, ०८२ चैतमा २ लाख ८२ हजार ८४४
०८१ चैतमा कुल कारोबार २५ करोड २० लाख, ०८२ चैतमा बढेर ७१ करोड ४० लाख



राष्ट्र बैंकको तथ्यांकअनुसार अन्तरदेशीय क्युआर एक्वायरिङको कारोबार संख्या र रकम दुवैमा निरन्तर उल्लेख्य वृद्धि भइरहेको छ। ०८१ चैतमा कारोबार संख्या १ लाख १ हजार २ सय ८३ रहेकोमा ०८२ असारमा बढेर १ लाख ५५ हजार ३ सय ४ पुगेको थियो। गत चैत महिनामा अन्तरदेशीय क्युआर फन् बढेर २ लाख ८२ हजार ८ सय ४४ पुगेको छ।

कारोबार संख्यासँगै कुल कारोबार रकम पनि वृद्धि भएको छ। ०८१ चैतमा कुल २५ करोड २० लाख रुपैयाँको कारोबार भएकोमा ०८२ असारमा बढेर ४४ करोड ७० लाख रुपैयाँ पुगेको थियो। त्यसैगरी, ०८२ फागुनमा ५५ करोड रुपैयाँ र ०८२ चैतमा फन् बढेर ७१ करोड ४० लाख रुपैयाँ पुगेको छ। नेपालीले पनि भारतमा क्रसबोर्डर भुक्तानी गर्न पाउने भएपछि कारोबारको आकार थप बढ्नेछ।

संक्षेप

सुन तोलामा आठ हजार दुई सय रुपैयाँ घट्यो



काठमाडौं/ आइतबार सुनचाँदीको मूल्य उच्चदरले घटेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुनको मूल्य प्रतितोला आठ हजार दुई सय रुपैयाँले घट्दै तीन लाख आठ सय रुपैयाँमा कायम भएको छ।

अघिल्लो दिन सुन प्रतितोला तीन लाख नौ हजार रुपैयाँमा कारोबार भएको थियो। यसअघि गत आइतबार सुनको मूल्य तीन लाख ११ हजार १ सय रुपैयाँ पुगेको थियो।

त्यस्तै, चाँदीको मूल्य पनि उल्लेख्य रूपमा घटेको छ। महासंघका अनुसार चाँदीको भाउ प्रतितोला ३ सय ३५ रुपैयाँले घटेर चार हजार ८९५ रुपैयाँ कायम भएको छ। अघिल्लो दिन चाँदी प्रतितोला पाँच हजार २ सय ३० रुपैयाँमा कारोबार भएको थियो भने गत आइतबार यसको मूल्य पाँच हजार ३४५ रुपैयाँ रहेको थियो ।

आर्थिक सहकार्यलाई तीव्रता दिन निक्कीको आग्रह

काठमाडौं/ नेपाल-भारत उद्योग वाणिज्य संघ (निक्की)ले परराष्ट्रमन्त्री शिशिर खनालको भारत भ्रमणमा भएको विभिन्न सहमतिको स्वागत गर्दै आर्थिक सहकार्यलाई तीव्रता दिन माग गरेको छ। निक्कीले आइतबार विज्ञप्ति जारी गर्दै मन्त्री खनालको भेटवार्तामा भएको सहमतिको स्वागत गरेको हो।

NICCI
Nepal-India Chamber of Commerce & Industry

व्यापार तथा पारवहन, कनेक्टिभिटी, ऊर्जा, विकास साझेदारी तथा जनस्तरको सम्बन्धलगायत विषयमा भएको व्यापक समीक्षा तथा नवप्रवर्तन, स्टार्टअप, डिजिटल तथा वित्तीय प्रविधि र क्षमता अभिवृद्धिमा सहकार्य विस्तार गर्ने प्रतिबद्धतालाई संघले सकारात्मक रूपमा लिएको छ।

भारतको युपिआई र नेपालको एनपिआईबिच सुरु गरिएको पिटुपी भुक्तानी प्रणालीलाई संघले अत्यन्त सकारात्क उपलब्धिको रूपमा लिएको छ। यसले सिमापार रेमिट् यान्स, पर्यटन तथा साना व्यवसायिक कारोबारलाई सहज बनाउने अपेक्षा गरिएको छ।

साथै, संघले व्यापार पूर्वाधार तथा सीमानाकाहरूको आधुनिकीकरण, भन्सार तथा नियामकीय प्रक्रियाको सरलीकरण, रेल, सडक, हवाई तथा बहुआयामिक कनेक्टिभिटी विस्तार, ऊर्जा तथा पूर्वाधार आयोजनाको शीघ्र कार्यान्वयन, द्विपक्षीय लगानी प्रवर्द्धन तथा गैरभन्सार अवरोधको समाधान, डिजिटल भुक्तानी प्रणालीको विस्तार र सरकार र निजी क्षेत्रबिच संस्थागत संवादको सुदृढीकरणमा दुवै सरकारले ध्यान दिनुपर्ने बताएको छ।

किसानलाई हात्ती नियन्त्रण गर्ने कृषिमन्त्रीको आश्वासन



झापा/ कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले झापाको मेचीनगर नगरपालिका- १ र ४ मा पर्ने बाहुनडाँगी क्षेत्रको निरीक्षण गर्दै त्यस क्षेत्रका किसानले जंगली हात्तीबाट खेपिरहेको समस्याबारे जानकारी लिएकी छिन्। दैनिक रूपमा मकै, सुपारीलगायतका बालीमा जंगली हात्तीले क्षति पुऱ्याएको गुनासो गरेपछि मन्त्री चौधरीले नियन्त्रणका लागि पहल गर्ने आश्वासन दिएकीछिन्।

हात्ती नियन्त्रण र स्थानीय सुरक्षाका लागि सरोकारवालासँग समन्वय गर्ने मन्त्री चौधरीले बताइन्। उनले मानव-हात्ती द्वन्द्व दीर्घकालीन रूपमा समाधान गर्न केन्द्र, प्रदेश र स्थानीय तहबिच सहकार्य आवश्यक रहेको बताएकी थिइन्।

बार्नमा नयाँ कार्य समिति, घिमिरे बने अध्यक्ष

काठमाडौं/ बोर्ड अफ एयरलाइन्स रिप्रेजेन्टेटिभ्स इन नेपाल (बार्न)को अध्यक्षमा अनिल घिमिरे निर्वाचित भएका छन्। उनी नेपाल एयरलाइन्स कर्पोरेसनमा आबद्ध छन्।

बार्न नेपालस्थित अन्तर्राष्ट्रिय एयरलाइन्स प्रतिनिधिहरूको साझा संस्था हो। बोर्डको प्रथम उपाध्यक्षमा भोलाविक्रम थापा (इन्डिगो), द्वितीय उपाध्यक्षमा अभित श्रेष्ठ (एओसिएन), महासचिवमा सरिक बोगटी (कतार एयरवेज) र कोषाध्यक्षमा नवराज शाही (फ्लाई दुबई) चयन भएका छन्।

यसैगरी, सदस्यहरूमा सेरकान बसर (टर्किस एयर लाइन्स), जुनु मलेकु (क्याथे प्यासिफिक), धीरज चन्द्र श्रेष्ठ (चाइना साउदर्न एयरलाइन्स), सन्तोषविक्रम राना (थाई एयरवेज), तृप्ति क्षेत्री (मलेसिया एयरलाइन्स), रमेश लामिछाने (इमिरेट्स) र वासु लामिछाने छन्।

नवगठित कार्यसमितिले एयरलाइन्स तथा सरोकारवाला पक्षहरूबिच सहकार्यलाई अझ सुदृढ बनाउँदै नेपालको उड्डयन क्षेत्रको निरन्तर विकास र विस्तारमा योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ।

द.नं.: ३३/०५७/०५८ "आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं।" स्था.ले.नं.: ३००३२८६८०

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.
शंखधरचौक, मध्यपुर थिमि-८, भक्तपुर,फोन नं.: ९७७-०१-५०९३३२३, ५०९३४५५
ईमेल : basic@mail.com.np, वेबसाइट: www.balkumarisaccos.com

यस संस्थामा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ३५ (पैतिस) दिने सूचना

पहिलो पटक प्रकाशित मिति २०८३।०२।२५

यस सहकारी संस्थामा सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणी सदस्यले विभिन्न मितिमा विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा ब्याज तथा ढिलो बुझाए बापत लाग्ने हर्जाना नतिरि नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लंघन गर्नु भएकोमा यस संस्थाबाट सो कर्जा, त्यसको ब्याज र हर्जाना चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गरी नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणीलाई कर्जा तिर्न बुझाउन आउने बारे मिति २०८३ बैशाख ७ गते ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा तिर्न बुझाउन कुनै कदम नचाल्नु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थाको सम्पूर्ण लेना दिएको रकम बुझाउन आउनु हुन कर्जाको ऋणी तथा धनजमानी समेतलाई अनुरोध गरिएको छ। उपरोक्त अनुसारको मितिमा समेत सो सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न नआउनु भएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६ र बागमती प्रदेश सहकारी नियमावली २०७६ ले तोके बमोजिमको कार्यविधि अवलम्बन गरी सो कर्जा लिँदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्री गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा यसै सार्वजनिक सूचनाबाट जानकारी गराईन्छ। यदि सो कर्जा उपरोक्त अनुसारको मितिमा चुक्ता भुक्तानी नगरेमा ३६ औं दिन तथा सो दिन विदा परे कार्यालय खुलेको पहिलो दिन लिलाम डाक बढावढबाट सो घर/जग्गा बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने र ऋणीको धितो लिलाम बिक्री गर्दा समेत संस्थाले लेना रकमको साँवा ब्याज र हर्जाना संस्थालाई नबुझाए वा अपुग भएमा ऋणीको अन्य सम्पत्ति तथा ऋणीका एकाघरका परिवारका सदस्यको नाममा रहेका/भएका चल अचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ। यसै सूचनालाई आधारमानी सो घर जग्गा लिलाम बढावढबाट खरिद गरी लिने इच्छुक सर्वसाधारण/संस्थालाई समेत यो सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	फोटो	धितो विवरण
१	कर्जा नं.: ००१८२००१४९१, ००१BL००००८७ ऋणीको नाम : प्रतिमा आचार्य (खड्का) ससुरा : बाबु काजी खड्का पती : बासुदेव खड्का ठेगाना : साविक दधिकोट गा.वि.स. ४, हाल सूर्यविनायक नगरपालिका वडा नं. ४, भक्तपुर।		भक्तपुर जिल्ला साविक कटुन्जे वडा नं. ८ नक्सा सिट नं. ८(ख) (हाल सूर्यविनायक न.पा. वडा नं. ५) को कि.नं. २२५० क्षेत्रफल ०-४-२-० जग्गा र सो जग्गामा बनेको घर समेत।
	जमानीकर्ताको नाम : बासुदेव खड्का, बाजेको नाम : गणेश बहादुर खड्का, बाबुको नाम : बाबु काजी खड्का ठेगाना : साविक दधिकोट गा.वि.स. ४, हाल सूर्यविनायक नगरपालिका वडा नं. ४, भक्तपुर।		

१) धितो लिलाम बढावढमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबुल गरेको अंकको १०% प्रतिशतले हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढावढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ। तर सूचनामा उल्लेख गरिएका ऋणीका घर/जग्गा पन्चकृत मूल्यको आधारमा लिलाम बिक्री गरिनेछ।

२) लिलाम बढावढमा भाग लिने व्यक्ति/संस्थाले स्वीकृत पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई नामसारी गर्नु पर्नेछ। नामसारी गरि नलिएमा धरौटी बापत रहेको १०% प्रतिशत रकम स्वतः जफत हुनेछ।

३) तोकेको दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खोलिएको पहिलो दिनमा लिलाम बढावढ गरिनेछ।

४) लिलाम बढावढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थालाई सुरक्षित रहनेछ।

५) लिलाम बिक्री हुने घर जग्गा एवं सो सम्बन्धी कागजात हेर्न चाहनु हुने महानुभावहरूले यस संस्थाको कार्यालयबाट कार्यालय समय भित्र जानकारी लिन सक्नेछ।

६) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नु पर्ने माथि उल्लेखित घर जग्गा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थाले उक्त धितोमा रहेको घर जग्गाको स्वामित्व आफूमा लिन सक्नेछ।

७) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरू ऋणी स्वयमले व्यहोर्नु पर्नेछ। धितो नामसारी दा.खा. गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ।

८) संस्थामा सुरक्षणमा रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा निजको एकाघर परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ।

९) लिलाम बढावढ यस संस्थाको कार्यालयमा मिति २०८३ असार २९ गते, सोमबार बिहानको १०:०० बजेदेखि दिनको ४:०० बजेसम्म हुनेछ।

नेपाल-चीनबिच व्यापारिक सम्बन्ध विस्तार गर्न १३ बुँदे प्रतिबद्धता

संखुवासभामा **नवीन गुरुङ**

नेपाल र चीनको व्यापारिक सम्बन्ध विस्तार गर्न १३बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गर्दै 'पर्यटन विकास तथा प्रवर्द्धनसम्बन्धी अन्तर्क्रिया कार्यक्रम' सम्पन्न भएको छ।

संखुवासभाको धर्मदेवी नगरपालिकाको केन्द्र मुढेबजारमा आइतबार सम्पन्न भएको अन्तर्क्रियामा चिनियाँ दूतावासका डेपुटी चिफ अफ मिसन छोउ पानको सहभागिता रहेको थियो। कोशी करिडोरका पर्यटकीय गन्तव्य, सम्पदाको विकास, प्रवर्द्धन र विस्तारका लागि तीनै तहका सरकारसँग समन्वय गरी अघि बढ्ने, पर्यटन विकास गर्न सूक्ष्म सम्भाव्यता अध्ययन गर्ने, सबै पालिकाले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि बजेटसहित उच्च प्राथमिकतामा राख्ने, पर्यटन सूचना केन्द्र स्थापना गर्ने, प्रमुख पर्यटकीय गन्तव्य, संस्कृति, आकर्षण, स्थानीय उत्पादन र परिकारहरूको प्रवर्द्धन र प्रचारप्रसार गर्ने, कृषि, वन पैदावर, जडीबुटी, पशुपालनलगायत विकास र प्रवर्द्धन गर्ने, होटेल रेस्टुरेन्ट र होमस्टेको प्रवर्द्धन र विकास गर्ने, हस्पिटालिटीसम्बन्धी आवश्यक प्रशिक्षण र तालिमजस्ता कार्य स्थानीय तहदेखि नै गर्ने, डिजिटल माध्यमबाट व्यापक प्रचारप्रसारमा लाग्नेलगायतका १३ बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गरेको खाँदबारी सेवा समाजका उपाध्यक्ष जीवनाथ पोखरेलले बताए। उनले छिमेकी शक्तिशाली मित्रराष्ट्र चीनको १ प्रतिशत मात्रै नागरिक संखुवासभा भ्रमणमा आउने हो भने पर्यटन क्षेत्रमा ठुलो योगदान पुग्ने उनले।



चिनियाँ नागरिकहरूलाई कोशी करिडोरभित्र पर्ने पर्यटकीय गन्तव्यसम्म ल्याउने र यहाँको पर्यटन विकासका साथै व्यापारिक सम्बन्ध विस्तार गर्न सकिने तथा आम्दानीको स्रोत बनाउन सकिने भएकाले बहस र अन्तर्क्रिया गरिएको पोखरेलको भनाइ छ। चिनियाँ राजदूतावासका डेपुटी चिफ अफ मिसन छोउ पानले नेपालसँग व्यापारिक सम्बन्ध विस्तार गर्न चाहेको बताएका थिए।

■ विश्वविख्यात हस्पिटालिटी ब्रान्डसँग चौधरी ग्रुपको सहकार्य

नेपाल भित्रियो रिट्ज-कार्लटन र वेस्टिन ब्रान्ड

मेरियट इन्टरनेसनल र सिजी हस्पिटालिटी ग्लोबलबिच नेपालमा दुई अल्ट्रा लग्जरी होटेल, रिट्ज-कार्लटन र वेस्टिन काठमाडौं सञ्चालनका लागि सम्झौता

नयाँ पत्रिका

चौधरी ग्रुपले विश्वप्रसिद्ध ब्रान्डहरू रिट्ज-कार्लटन र वेस्टिन नेपाल भित्र्याएको छ। मेरियट इन्टरनेसनल र सिजी हस्पिटालिटी ग्लोबलबिच नेपालमा दुई अल्ट्रा लग्जरी होटेल सञ्चालनका लागि सम्झौता भएको हो। काठमाडौंमा आइतबार आयोजित कार्यक्रममा मेरियट इन्टरनेसनल इंक र सिजी हस्पिटालिटी ग्लोबलबिच नेपालमा यी दुई ब्रान्ड सञ्चालन गर्ने सम्झौतामा हस्ताक्षर भएको हो। यससँगै मेरियटको पोर्टफोलियोमा करिब ३०० वटा 'की' थपिनेछन् भने मेरियटका विश्वप्रसिद्ध लक्जरी तथा प्रिमियम होटेल ब्रान्डहरू नेपालको राजधानी काठमाडौंमा प्रवेश गर्नेछन्।

सिजी हस्पिटालिटी ग्लोबल चौधरी ग्रुपको तीव्र गतिमा विस्तार भइरहेको हस्पिटालिटी विङ हो। हस्पिटालिटी, एफएमसिजी, वित्तीय सेवा, दूरसञ्चार, शिक्षा, पूर्वाधार, सिमेन्ट, विद्युतीय सवारीसाधन तथा रियल इस्टेटलगायत क्षेत्रमा लगानी गरिरहेको चौधरी ग्रुप नेपालकै ठुलो बहुराष्ट्रिय कम्पनी हो।

एसिया प्रशान्तका अध्यक्ष मेननले यी होटेललाई विशिष्ट हस्पिटालिटी गन्तव्य बनाउनेमा आफूहरू विश्वस्त रहेको बताए। 'उच्च सम्भावना भएको नेपाली बजारमा विश्वस्तरीय हस्पिटालिटी अनुभव विस्तार गर्ने साझा दृष्टिकोणका साथ चौधरी ग्रुपसँगको सहकार्यलाई अझ सुदृढ बनाउन पाउँदा हामी खुसी छौं,' उनले भने, 'यी ऐतिहासिक परियोजनाले मेरियट इन्टरनेसनलका लक्जरी तथा प्रिमियम ब्रान्डहरूको उत्कृष्टता र उच्च मापदण्डलाई झल्काउँछन्। साथै, पर्यटन प्रवर्द्धन, स्थानीय रोजगारी सिर्जना तथा क्षेत्रीय आर्थिक विकासमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउनेछन्।' त्यसैगरी, सिजी हस्पिटालिटी ग्लोबलका प्रमुख कार्यकारी अधिकृत राहुल चौधरीले मेरियटसँगको सहकार्यले नेपाल एवं दक्षिण एसियाको हस्पिटालिटी क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने बताए।

रणनीतिक साझेदारसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्दै सिजी हस्पिटालिटी ग्लोबलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक राहुल चौधरीले मेरियटसँगको सहकार्य नेपाल एवं दक्षिण एसियाको हस्पिटालिटी क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने चौधरी ग्रुपको यात्राको नयाँ अध्याय भएको बताएका छन्।

■ नेपालमा द रिट्ज-कार्लटन पहिलोपटक प्रवेश



नेपालमा द रिट्ज-कार्लटन पहिलोपटक प्रवेश गर्दै छ। काठमाडौंको प्रमुख क्षेत्र ठमेलमा स्थापना हुने द रिट्ज-कार्लटन, काठमाडौंले प्रसिद्ध सेवा तथा आकर्षक सौन्दर्यमार्फत पाहुनाहरूलाई उत्कृष्ट अनुभव प्रदान गर्ने कम्पनीले जनाएको छ। होटेलमा ३० वटा विशाल सुइटसहित १५० वटा आकर्षक रुम रहनेछन्। त्यस्तै, द वेस्टिन काठमाडौंमा १५० वटा प्रिमियम रुम तथा सुइट रहनेछन्। यो होटेल पर्यटकको स्वास्थ्य तथा सन्तुलित जीवनशैलीलाई प्राथमिकता दिने वेस्टिन ब्रान्डको विशेष वेलनेस कार्यक्रममार्फत यात्राको थकान कम गर्ने उद्देश्यका साथ निर्माण हुने छ।

सिजी हस्पिटालिटीले विश्वप्रसिद्ध हस्पिटालिटी ब्रान्ड आइएचसिएल (टाटा इन्टरप्राइज) अन्तर्गतका ताज, ताज सफारी तथा भिभान्ता, जेटविङ, डबल ट्री बाई हिल्टन तथा फेयरमन्टसँग साझेदारी गर्दै आएको छ। सम्झौतापत्र हस्ताक्षर कार्यक्रममा मेरियट इन्टरनेसनल इंकका बोर्ड अध्यक्ष डेभिड मेरियट, चौधरी ग्रुप तथा सिजी हस्पिटालिटी ग्लोबलका अध्यक्ष विनोद चौधरी, सिजी कर्प ग्लोबल तथा सिजी हस्पिटालिटी ग्लोबलका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत राहुल चौधरीलगायतको उपस्थिति थियो।

कुमारी बैंक र बी एन्ड बी अस्पतालबिच छुट सम्झौता



काठमाडौं/ कुमारी बैंक लिमिटेड र बी एन्ड बी अस्पताल प्रालिबिच छुटसम्बन्धी सम्झौता गरिएको छ।

बैंकका ग्राहकलाई अस्पतालबाट प्रदान गरिने स्वस्थ्य सेवामा विशेष छुट प्रदान गर्ने गरी सम्झौता गरिएको हो। सम्झौताअनुसार अस्पतालबाट प्रदान गरिने सेवा अन्तरंग, बहिरंग, आकस्मिक सेवा-सुविधा तथा औषधिमा कुमारी बैंकका ग्राहकले १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्।

यस बैंकले देशभरमा रहेका २८६ शाखा सञ्जाल, २०४ वटा एटिएम, ४१ एक्सटेन्सन काउन्टर तथा ४८ शाखारहित बैंकिङ इकाइमार्फत ग्राहकलाई बैंकिङ सेवा दिँदै आएको छ।

विश्वकपलाई अविस्मरणीय बनाउने टिसिएलको नयाँ योजना



काठमाडौं/ फिफा विश्वकप २०२६ नजिकिँदै गर्दा इलेक्ट्रोनिक्स ब्रान्ड टिसिएलले 'आर यू रेडी फर ग्रेटनेस' अभियान सार्वजनिक गरेको छ। विश्वकपको रोमाञ्चक अनुभवलाई थप भव्य, जीवन्त र अविस्मरणीय बनाउन यो अभियान ल्याइएको बताइएको छ। यस अफरमा आकर्षक क्यासब्याक, विस्तारित वारेन्टी तथा सहज किस्ताबन्दी सुविधा समावेश गरिएको कम्पनीले जनाएको छ। यो योजना ३ साउनसम्म देशभरका आधिकारिक सिजी इलेक्ट्रोनिक्सका सोरुम तथा विक्रेतामार्फत लागू हुनेछ।

यो अभियानले फुटबलप्रेमी नेपालीलाई आफ्नै घरमा स्टेडियमसरहको मनोरञ्जन अनुभव प्रदान गर्ने लक्ष्य कम्पनीले राखेको छ। टिसिएलका अत्याधुनिक टेलिभिजनले हरेक गोल, हरेक उत्साह र हरेक ऐतिहासिक क्षणलाई अझ स्पष्ट, जीवन्त र रोमाञ्चक बनाउने कम्पनीको विश्वास छ। अफरअन्तर्गत टिसिएल टेलिभिजन खरिद गर्ने ग्राहकले दुई लाख २६ हजारसम्म क्यासब्याक प्राप्त गर्न सक्नेछन्। विश्वकपका अविस्मरणीय क्षणलाई अझ विशेष बनाउने यस योजनासँगै टिसिएलले चार वर्षको विशेष वारेन्टी सुविधा पनि उपलब्ध गराएको छ। यसले ग्राहकलाई विश्वसनीय सेवाको भरोसा प्रदान गर्ने कम्पनीको दाबी छ।

टिसिएलले विश्वभर आफ्नो उत्कृष्ट डिस्प्ले प्रविधि, प्रिमियम पिक्चर क्वालिटी, शक्तिशाली अडियो अनुभव तथा स्मार्ट इनोभेसनका लागि विशेष पहिचान बनाएको छ। नेपाली बजारमा पनि टिसिएल टिभी ग्राहकको पहिलो रोजाइमा परेको बताइएको छ। साथै, कम्पनीले नागरिकताका आधारमा सहज किस्ताबन्दी सुविधासमेत उपलब्ध गराएको छ, जसले प्रिमियम होम इन्टरटेन्मेन्टलाई अझ सुलभ बनाउने अपेक्षा गरिएको छ।

नेपालमा एयर कन्डिसनर, टिभी, रेफ्रिजेरेटर, वासिङ मेसिन तथा वाटर डिस्पेन्सरमार्फत उपभोक्तामाझ लोकप्रिय रहेको टिसिएल ब्रान्डलाई सिजी इलेक्ट्रोनिक्सले बिक्री-वितरण गर्दै आएको छ।

कुमुदिनीका विद्यार्थीमाझ उत्प्रेरणामूलक कार्यक्रम



काठमाडौं/ पोखराको गैरापाटनस्थित कुमुदिनी होम्स माध्यमिक विद्यालयमा कक्षा ११ का विद्यार्थीमाझ उत्प्रेरणामूलक कार्यक्रम गरिएको छ। उत्प्रेरक डा. रविन कटवालले २३८ विद्यार्थी तथा अभिभावकलाई 'द लाइफ बियोन्ड द लिमिट्स' शीर्षकमा उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गरेका हुन्।

कार्यक्रममा सीमाभन्दा माथि उठेर जीवनलाई कसरी अर्थपूर्ण र सफल बनाउने भन्नेबारे व्यावहारिक छलफल गरिएको थियो। डा. कटवालले ऊर्जावान् र जीवनोपयोगी शैलीमा विद्यार्थीलाई जीवनका चुनौतीहरूलाई अवसरमा बदल्न प्रेरित गरेका थिए।

डा. कटवालले विद्यार्थी उमेर नै भविष्यको गोरेटो कोर्ने मुख्य समय भएको उल्लेख गरे। उनले सकारात्मक सोच, निरन्तरको प्रयास र आत्म-अनुशासन नै सफलताको त्रिवेणी भएको प्रस्ट पार्दै किताबी ज्ञानसँगै व्यावहारिक र जीवनोपयोगी सिप सिक्न पनि विद्यार्थीलाई आग्रह गरे। यस्ता कार्यक्रमले विद्यार्थीको मानसिक मनोबल उच्च बनाउन र उनीहरूलाई आफ्नो लक्ष्यमा केन्द्रित हुन ठुलो मद्दत पुग्ने विद्यालयले विश्वास व्यक्त गरेको छ।

कान्स कर्पोरेट मिडिया एन्ड टिभी अवार्डको जुरी सदस्यमा आचार्य



काठमाडौं/ १७औँ कान्स कर्पोरेट मिडिया एन्ड टिभी अवार्ड, २०२६ निर्णायकमण्डल (जुरी) सदस्यमा प्रिज्मा एड्भरटाईजिङका प्रमुख कार्यकारी अधिकृत (सिइओ) एवं क्रिएटिभ हेड रञ्जित आचार्य मनोनीत भएका छन्। कर्पोरेट फिल्म, दृश्य कथन (भिजुअल स्टोरी टेलिङ) तथा ब्रान्डेड मिडिया निर्माणको क्षेत्रमा विश्वकै प्रतिष्ठित अवार्ड मानिन्छ।

यस प्रतियोगिताको निर्णायकमण्डलमा नेपालीको प्रतिनिधित्व हुनु समग्र विज्ञापन तथा सिर्जनात्मक उद्योगका लागि ऐतिहासिक उपलब्धि भएको बताइएको छ।

अस्ट्रियाको भियना सहरमा मुख्यालय रहेको कान्स कर्पोरेट मिडिया एन्ड टिभी अवार्डस् प्रत्येक वर्ष फ्रान्सको कान्स सहरमा आयोजना गरिँदै आइएको छ। यो अन्तर्राष्ट्रिय महोत्सवले कर्पोरेट फिल्म, अनलाइन मिडिया उत्पादन, वृत्तचित्र तथा प्रतिवेदन निर्माणका लागि विश्वस्तरीय मापदण्ड निर्धारण गर्दै आएको छ। १७औँ संस्करणका रूपमा आयोजना हुन लागेको सन् २०२६ को अवार्डमा ६३ प्रतिस्पर्धात्मक विधा समावेश छन्।

भुल सुधार

यस ज्योति विकास बैंक लिमिटेडबाट मिति २०८३/०२/२१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा गोप्य शिलबन्दी बोलपत्र मार्फत धितो सम्पत्ती लिलाम गर्ने सम्बन्धी ७ दिने सुचनामा शाखा कार्यालय विराटनगर, मोरङ्ग र बालाजु, काठमाण्डौंको ऋणीहरु क्रमश: **नेपाल स्टार इट्टा उद्योग प्रा. लि. र छाँया नन्दन ट्रेडिङ्ग प्रा.लि.** को बोलपत्र खोलिने मिति २०८३/०२/२९ गते, शुक्रबार दिनको ३ बजे हुनुपर्नेमा अन्यथा हुन गएकोले उपरोक्त अनुसार हुने गरि भुल सुधार गरिएको छ।

ज्योति विकास बैंक लि. JYOTI BIKASH BANK LTD. More than a Bank
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

एनसेलका ग्राहकलाई अल्टिमा ग्याजेट किन्दा ६० प्रतिशतसम्म छुट

काठमाडौं/ एनसेलका ग्राहकले अल्टिमा लाइफस्टाइलका विभिन्न सामग्री खरिद गर्दा ६० प्रतिशतसम्म छुट पाउने भएका छन्। एनसेल र अल्टिमाबिच भएको साझेदारीसँगै एनसेल ग्राहकले अल्टिमाका विभिन्न ग्याजेटमा छुट प्राप्त गर्ने भएका हुन्।

सम्झौताअनुसार ९९ रुपैयाँ वा सोभन्दा माथिको सक्रिय डेटा, भ्वाइस वा कम्बो प्याक उपभोग गरिरहेका एनसेलका प्रिपेड ग्राहक र रेन्टल प्लान सक्रिय रहेका पोस्टपेड ग्राहक यो छुट योजनाका लागि योग्य हुनेछन्। यस योजनाअन्तर्गत खरिद गरिने जुनसुकै सामान नेपालभर डेलिभरी हुने व्यवस्था अल्टिमा लाइफस्टाइले गरेको जनाइएको छ। ग्राहकले अल्टिमाको लाइफस्टाइलका साउन्ड बार, स्पिकर, वायरलेस एअर बड, स्मार्टवाच, पावर बैंकलगायत



ग्याजेटमा विशेष छुट प्राप्त गर्न सक्नेछन्।

योजनाको लाभ उठाउन ग्राहकले एनसेल एप खोलेर पार्टनर्स सर्भिसेसमा गई अल्टिमा लाइफस्टाइल छान्नुपर्नेछ। प्रयोगकर्ताको नाममा दर्ता भएको मोबाइल नम्बरमार्फत स्वतः योग्यता जाँच भई ग्राहकले छुटसहितको तिर्नुपर्ने मूल्य एनसेल एपमै देखिने एनसेलले जनाएको छ। यो योजनाको लाभ उठाउन योग्य नभएका ग्राहकले भने ९९ वा सोभन्दा माथिको कुनै पनि प्याक खरिद गर्न सक्छन् र आफ्नो आवश्यकताअनुरूपका ग्याजेट विशेष छुटमा लिन सक्छन्।

योजनाका लागि योग्य रहेको प्याक वा रेन्टल प्लान सक्रिय रहेको अवधिभर यो छुटलाई ग्राहकले पटक-पटक उपयोग गर्न सक्ने पनि बताइएको छ। 'ग्राहकलाई अल्टिमा ग्याजेटमा ६० प्रतिशतसम्म छुट प्रदान गर्ने योजना सञ्चालनमा ल्याउन पाएकोमा उत्साहित छौं,' एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपांग दत्ताले भने, 'यो सहकार्यले हाम्रा ग्राहकको डिजिटल जीवनशैलीलाई अझ समृद्ध बनाउन मद्दत गर्नेछ।'

विश्व वातावरण दिवसमा स्ट्यान्डर्ड चार्टर्डको वृक्षारोपण



काठमाडौं/ स्ट्यान्डर्ड चार्टर्ड बैंक, नेपाल लिमिटेडले शनिबार कीर्तिपुरस्थित आदिनाथ सामुदायिक वनमा वृक्षारोपण गरी विश्व वातावरण दिवस मनाएको छ। सो अवसरमा फलफूल दिने, फूल फुल्ने तथा छाया दिने विभिन्न प्रजातिका करिब पाँच सय बिरुवा रोपिएको बैंकले जनाएको छ। यस अभियानको उद्देश्य स्थानीय हरियाली अभिवृद्धि गर्नु, जैविक विविधता संरक्षणमा टेवा पुऱ्याउनु तथा दीर्घकालीन वातावरणीय दिगोपनामा योगदान गर्नु रहेको छ। कार्यक्रममा साढे तीन सय कर्मचारी तथा स्थानीय समुदायको सहभागिता रहेको बताइएको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) गोरख राणा र आदिनाथ सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष केदार बस्नेतले संयुक्त रूपमा पहिलो बिरुवा रोपेर कार्यक्रमको सुरुवात गरेका थिए। सिइओ राणाले हरित भविष्यका लागि स्वयंसेवामा सहभागी भएकामा कर्मचारीलाई धन्यवाद दिए।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

नेपाल एसबिआई बैंक लिमिटेडको तपसिलमा उल्लेखित व्यक्तिगत जमानतकर्ताहरूलाई असुल उपर नभएको बाँकी कर्जा चुक्ता भुक्तान गर्न आउने तथा कालोसूचीमा समावेश गर्ने बारेको ९० दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०२/२५ गते

तपसिलमा उल्लेखित ऋणी तथा ऋणी कम्पनीले यस बैंकको विभिन्न शाखाहरुबाट विविध कर्जा शिर्षक अन्तर्गत परियोजना धितो/व्यक्तिगत जमानीमा कर्जा उपभोग गर्दै आउनु भएको ऋण कर्जाको साँवा, ब्याज लगायत अन्य दैदस्तूर, कर्जा लिदाको बखत बैंकसँग गरेको शर्त कबुलियत तथा ऋण स्वीकृती पत्रमा उल्लेख भएको व्यवस्था बमोजिम बैंकलाई समय समयमा तिर्न बुझाउनु पर्ने बक्यौता रकम नतिरी/नबुझाएकोले ऋण/कर्जाको साँवा, ब्याज लगायत सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी बैंकलाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा लिदाका बखत बैंकसँग गरेको शर्त बन्देजहरु उल्लङ्घन गरेकाले कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित लगायत आवश्यक यथासम्भव प्रयास गर्दा समेत असुल उपर हुन नसकेको जानकारी गराउदछौं। अतः उल्लेखित कर्जाको लागि तपाईंले बैंक समक्ष व्यक्तिगत/संस्थागत जमानीको लिखत गरीदिनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र ऋणीले तिर्न बाँकी रहेको रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नेपाल राष्ट्र बैंकको निर्देशन, बैंकको नियम एवं कर्जाका शर्त अनुसार तपाई जमानतकर्ताको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गर्ने तथा बैंकको बाँकी बक्यौता रकम असुल उपरको लागि प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

शाखा कार्यालय : भैरहवा, रुपन्देही

१. कर्जा शिर्षक : सहुलीयतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा

ऋणी

नाम : प्राकृतिक रेष्टुरेन्ट
दर्ता नं. ३०/५/०७६/०७७, दर्ता मिति : २०७७/०३/२६
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ५, पटखौली
प्रोप्राईटर/संचालक/अख्तियार प्राप्त व्यक्ति : उत्तरा बनिया

जमानतकर्ताहरु

१. नाम : उत्तरा बनिया	२. नाम : दिपेन्द्र बनिया
ना.प्र.नं. ३७-०१-७४-१०७५३, जि.प्र.का. रुपन्देही	ना.प्र.नं. ३७३०२३/७०, जि.प्र.का. रुपन्देही
जारी मिति : २०७४/०६/२२	जारी मिति : २०६३/१०/१० मा जारी भई मिति २०७१/०२/२८ मा प्रथम प्रतिलिपि जारी
पतिको नाम : दिपेन्द्र बनिया	बाबुको नाम : मोतीलाल बनिया
ससुराको नाम : मोतीलाल बनिया	बाजेको नाम : गोली बनिया
स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६	स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६
हालको ठेगाना : रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ५, पटखौली	हालको ठेगाना : रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ५, पटखौली

२. कर्जा शिर्षक : सहुलीयतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा

ऋणी

नाम : साईरथ सप्लायर्स
दर्ता नं. प्रा.फ.र.नं. ४६०१८/०७६/७७, स्थानीय व्यापार, दर्ता मिति : २०७६/०९/२३
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८, **प्रोप्राईटर : रिमा रसाईली**

जमानतकर्ताहरु

१. नाम : रिमा रसाईली	२. नाम : अनुप कुमार बुढाथोकी विश्वकर्मा
ना.प्र.नं. २/२१८९५, जि.प्र.का. रुपन्देही	ना.प्र.नं. १३८७५, जि.प्र.का. रुपन्देही
जारी मिति : २०५९/०७/१२	जारी मिति : २०५५/१२/०७
पतिको नाम : अनुप कुमार बुढाथोकी विश्वकर्मा	बाबुको नाम : शिव चरण बुढाथोकी विश्वकर्मा
ससुराको नाम : शिव चरण बुढाथोकी विश्वकर्मा	बाजेको नाम : तुलाराम बुढाथोकी
ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८	स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १
	हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८

शाखा कार्यालय : गौशाला, काठमाडौं

कर्जा शिर्षक : सहुलीयतपूर्ण कर्जा अन्तर्गत व्यवसायिक कृषि तथा पशुपंछी कर्जा

ऋणी

नाम : नेचाली कृषि तथा पशुपन्छी फार्म प्रा.लि.
दर्ता नं. २३९०३३/०७७/०७८, दर्ता मिति : २०७७/०४/१३
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १३, चुनिखेल
संचालक/अख्तियार प्राप्त व्यक्ति : सिर्जना विश्वकर्मा

जमानतकर्ताहरु

१. नाम : सिर्जना विश्वकर्मा	२. नाम : बुद्ध राज विश्वकर्मा
ना.प्र.नं. ११-०१-७३-०१७२४, जि.प्र.का. सोलुखुम्बु	ना.प्र.नं. ११-०१-६९-००८१९, जि.प्र.का. सोलुखुम्बु
जारी मिति : २०७३/०४/२३	जारी मिति : २०६९/०४/०९
पतिको नाम : बुद्ध राज विश्वकर्मा	बाबुको नाम : कुमार विश्वकर्मा
ससुराको नाम : कुमार विश्वकर्मा	बाजेको नाम : गर्व जित कामी
स्थायी ठेगाना : सोलुखुम्बु जिल्ला, नेचा वेतघारी गा.वि.स. वडा नं. १	स्थायी ठेगाना : सोलुखुम्बु जिल्ला, नेचा वेतघारी गा.वि.स. वडा नं. १
हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १३, चुनिखेल	हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १३, चुनिखेल

शाखा कार्यालय : ग्वार्को, ललितपुर

कर्जा शिर्षक : सहुलीयतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा

ऋणी

नाम : हाम्रो मोवाइल सेन्टर
दर्ता नं. ७९५/१७ ज (ललितपुर महानगरपालिका, नगर कार्यपालिको कार्यालय, पुल्चोक, ललितपुर)
दर्ता मिति : २०७४/१०/२१
रजिष्टर्ड ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १७, ग्वार्को
प्रोप्राईटर/संचालक/अख्तियार प्राप्त व्यक्ति : लक्ष्मी कुमारी नेपाल

जमानतकर्ताहरु

१. नाम : लक्ष्मी कुमारी नेपाल	२. नाम : देवेन्द्र नेपाल
ना.प्र.नं. २१४५, जि.प्र.का. रौतहट	ना.प्र.नं. ३२२०७८-१२५, जि.प्र.का. रौतहट
जारी मिति : २०६०/०३/३२	जारी मिति : मिति २०६८/०७/१६ मा जारी भई मिति २०७४/०१/१६ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : लिलाहरि उपाध्याय नेपाल	बाबुको नाम : लिलाहरि उपाध्याय नेपाल
पतिको नाम : महेश भट्टराई	बाजेको नाम : भद्र लाल नेपाल
स्थायी ठेगाना : रौतहट जिल्ला, पौराई गा.वि.स. वडा नं. १	स्थायी ठेगाना : रौतहट जिल्ला, पौराई गा.वि.स. वडा नं. १
हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर ठिमि न.पा. वडा नं. ५	हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर ठिमि न.पा. वडा नं. ५

शाखा कार्यालय : नारायणगढ, चितवन

१. कर्जा शिर्षक : सहुलीयतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा

ऋणी

नाम : एसीन फुड
दर्ता नं. ११९४/०७६/०७७, दर्ता मिति : २०७७/०३/०८
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १०, **प्रोप्राईटर/संचालक/अख्तियार प्राप्त व्यक्ति : कला सुब्बा**

जमानतकर्ताहरु

१. नाम : कला सुब्बा	२. नाम : सुवास सुब्बा लिम्बु
ना.प्र.नं. ५१५/०४४, जि.प्र.का. चितवन	ना.प्र.नं. ४४७, जि.प्र.का. चितवन
जारी मिति : २०६१/१०/१७	जारी मिति : २०५१/०६/१०
पतिको नाम : सुवास सुब्बा लिम्बु	बाबुको नाम : शेर बहादुर लिम्बु
ससुराको नाम : शेर बहादुर लिम्बु	बाजेको नाम : पदम बहादुर लिम्बु
स्थायी ठेगाना : चितवन जिल्ला, पार्वतीपुर उ.म.न.पा./गा.वि.स. वडा नं. ५	स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर नगर/गाँउ पञ्चायत वडा नं. १०
हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १०	हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १०

२. कर्जा शिर्षक : सहुलियतपुर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा

ऋणी

नाम : न्यू सिता फेन्सी
दर्ता नं. प्रा.फ.द.नं. ५३३/०७६/०७७, दर्ता मिति : २०७६/१०/२७
रजिष्टर्ड ठेगाना : नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्ला, गैंडाकोट न.पा. वडा नं. २ (साविक नवलपरासी जिल्ला, गैंडाकोट न.पा. वडा नं. २), **प्रोप्राईटर : अन्जना धिताल**

जमानतकर्ताहरु

१. नाम : अन्जना धिताल	२. नाम : विनोद श्रेष्ठ
ना.प्र.नं. ३६२००५/४५८६, जि.प्र.का. नवलपरासी	ना.प्र.नं. ३६२००५/१४३०, जि.प्र.का. नवलपरासी
जारी मिति : २०७२/०२/२३	जारी मिति : २०६७/०६/०४
पतिको नाम : विनोद श्रेष्ठ	बाबुको नाम : भिमसेन श्रेष्ठ
ससुराको नाम : भिमसेन श्रेष्ठ	बाजेको नाम : भिम बहादुर श्रेष्ठ
स्थायी ठेगाना : नवलपरासी जिल्ला, गैंडाकोट गा.वि.स./उ.म.न.पा. वडा नं. २	स्थायी ठेगाना : नवलपरासी जिल्ला, गैंडाकोट गा.वि.स./उ.म.न.पा. वडा नं. ५
हालको ठेगाना : नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्ला, गैंडाकोट न.पा. वडा नं. ५	हालको ठेगाना : नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्ला, गैंडाकोट न.पा. वडा नं. ५

शाखा कार्यालय : पाटन, ललितपुर

कर्जा शिर्षक : सहुलीयतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा

ऋणी

नाम : समृद्धी डेरी तथा अर्गानिक पसल
दर्ता नं. १८०६/१३ ध, दर्ता मिति : २०७७/०७/०२
रजिष्टर्ड ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १३, कुसुन्ती, **प्रोप्राईटर : विना धिताल**

जमानतकर्ताहरु

१. नाम : विना धिताल	२. नाम : रामहरी घिमिरे
ना.प्र.नं. २६३०४९/६२४, जि.प्र.का. धादिङ्ग	ना.प्र.नं. ३४८७२, जि.प्र.का. ललितपुर
जारी मिति : २०६३/१०/१९ मा जारी भई मिति २०७७/०६/१५ मा प्रथम प्रतिलिपि जारी	जारी मिति : २०६२/०१/२६ मा जारी भई मिति २०७६/०७/२४ मा दोस्रो प्रतिलिपि जारी
पतिको नाम : रामहरी घिमिरे	बाबुको नाम : पूर्णानन्द घिमिरे
ससुराको नाम : पूर्णानन्द घिमिरे	बाजेको नाम : प्रसु नाथ घिमिरे
स्थायी ठेगाना : धादिङ्ग जिल्ला, धुनिबेशी न.पा. वडा नं. १	ठेगाना : ललितपुर जिल्ला, बागमती गा.पा. वडा नं. ५
हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १३	

शाखा कार्यालय : हाकिमचोक, चितवन

कर्जा शिर्षक : सहुलीयतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा

ऋणी

नाम : अर्वन स्ट्रीट
दर्ता नं. प्रा.फ.र.नं. २१०/२०७७/२०७८, स्थानिय व्यापार, दर्ता मिति : २०७७/०५/२५
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १, **प्रोप्राईटर : मञ्जु गुरुङ्ग**

जमानतकर्ताहरु

१. नाम : मेख बहादुर गुरुङ्ग	२. नाम : मञ्जु गुरुङ्ग
ना.प्र.नं. १९६५/०४४, जि.प्र.का. चितवन	ना.प्र.नं. ३३८६०, जि.प्र.का. चितवन
जारी मिति : २०५६/०६/०७	जारी मिति : २०६३/०८/२७
बाबुको नाम : इन्द्र बहादुर गुरुङ्ग	पतिको नाम : मेख बहादुर गुरुङ्ग
बाजेको नाम : दल बहादुर गुरुङ्ग	ससुराको नाम : इन्द्र बहादुर गुरुङ्ग
स्थायी ठेगाना : चितवन जिल्ला, फुलबारी गा.वि.स. वडा नं. १	स्थायी ठेगाना : चितवन जिल्ला, फुलबारी गा.वि.स. वडा नं. १
हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १५	हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १५

शाखा कार्यालय : धनगढी, कैलाली

कर्जा शिर्षक : सहुलियतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा

ऋणी

नाम : एस एण्ड डि कलेक्सन
दर्ता नं.: प्रा.फ.र.नं. २८९११/०७७/७८, स्थानिय व्यापार, दर्ता मिति : २०७७/०५/३१
रजिष्टर्ड ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ४, **प्रोप्राईटर : रेणुका रेग्मी**

जमानतकर्ताहरु

१. नाम : बम बहादुर रोकाया	२. नाम : रेणुका रेग्मी
ना.प्र.नं. १५२७५, जि.प्र.का. बझाङ्ग	ना.प्र.नं. ५२३०२७/२०७, जि.प्र.का. दाङ्ग
जारी मिति : २०५८/११/२८ मा जारी भई २०७३/१०/२४ मा प्रथम प्रतिलिपि जारी	जारी मिति : २०६३/११/१७
बाबुको नाम : दल बहादुर रोकाया	पतिको नाम : बम बहादुर रोकाया
बाजेको नाम : भन्नी रोकाया	ससुराको नाम : दल बहादुर रोकाया
स्थायी ठेगाना : बझाङ्ग जिल्ला, गडराय गा.वि.स. वडा नं. ३	स्थायी ठेगाना : दाङ्ग जिल्ला, डुरुवा गा.वि.स./उ.म.न.पा. वडा नं. ७
हालको ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ४	हालको ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ४

शाखा कार्यालय : इटहरी, सुनसरी

कर्जा शिर्षक : सहुलीयतपुर्ण कर्जा अन्तर्गत महिला उद्यमशिल कर्जा

ऋणी

नाम : दाजु भाई क्याफे
दर्ता नं. २७२, दर्ता मिति : २०७७/०६/१२
रजिष्टर्ड ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ९, **प्रोप्राईटर : भद्र कुमारी खड्का**

जमानतकर्ताहरु

१. नाम : भद्र कुमारी खड्का	२. नाम : कमल ब. खड्का
ना.प्र.नं. ६२१७८, जि.प्र.का. मोरङ	ना.प्र.नं. ६२१७७, जि.प्र.का. मोरङ
जारी मिति : २०५८/०८/१०	जारी मिति : २०५८/०८/१०
पतिको नाम : तारा चन्द्र खड्का	बाबुको नाम : तारा चन्द्र खड्का
ससुराको नाम : कर्ण बहादुर खड्का	बाजेको नाम : कर्ण बहादुर खड्का
स्थायी ठेगाना : मोरङ जिल्ला, सोराभाग गा.वि.स. वडा नं. ६	स्थायी ठेगाना : मोरङ जिल्ला, सोराभाग गा.वि.स. वडा नं. ६
हालको ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ९	हालको ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ९

सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.

भैरहवा, रुपन्देही ०७१-५७४४७१, धनगढी, कैलाली ०९१-५२२१६३, पाटन, ललितपुर ०१-५५३५२६२, गौशाला, काठमाडौं, ०१-४४६५७७३
ग्वार्को, ललितपुर ०१-५५४३०७९८, हाकिमचोक, चितवन ०५६-५९०१९१, इटहरी, सुनसरी ०२५-५८७१२६, नारायणगढ, चितवन ०५६-५९५७७१

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
सोमबार २५ जेठ ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका

फिफा विश्वकपका सात विशेषता

एजेन्सी

आगामी ११ जुनदेखि २३औँ संस्करणको फिफा विश्वकप फुटबल प्रतियोगिता सुरु हुँदै छ। विश्वकपमा सहभागी राष्ट्रहरू अमेरिका, क्यानडा र मेक्सिको पुगिसकेका छन्। यसपटकको विश्वकप इतिहासकै लामो हुनेछ। ३९ दिनसम्म चल्ने प्रतियोगिताले १०४ खेलपछि विजेता पाउनेछ। पहिलोपटक ४८ राष्ट्रका एक हजार २४८ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। फिफाले अमेरिका, मेक्सिको र क्यानडालाई पहिलोपटक संयुक्त रूपमा विश्वकप आयोजक बनाएको हो। सन् २००२ मा एसियामा भएको विश्वकपमा पहिलोपटक दुई राष्ट्र दक्षिण कोरिया र जापान आयोजक थिए। कीर्तिमानी रूपमा मेक्सिकोको एस्टाडियो एज्टेका तीनवटा विश्वकप खेलाउने रंगशाला बन्ने भएको छ। साथै, मेक्सिको पनि तीनपटक विश्वकप आयोजना गर्ने पहिलो राष्ट्र बन्नेछ। फिफा आगामी विश्वकप भव्य बनाउने प्रयासमा छ। सकेसम्म यसलाई विशेषताले भरिपूर्ण बनाउन फिफा अग्रसर देखिन्छ।

पहिलोपटक तीन देशमा आयोजना

सन् २००२ मा एसियाका दक्षिण कोरिया र जापानले संयुक्त रूपमा विश्वकप आयोजना गरेका थिए। फिफाले पहिलोपटक दुई राष्ट्रलाई विश्वकप गर्न दिएको थियो। यो कीर्तिमान बुधबारदेखि सुरु हुने विश्वकपमा तोडिनेछ। फिफाले पहिलोपटक तीन राष्ट्रलाई विश्वकप आयोजक बनाएको छ। अमेरिका, मेक्सिको र क्यानडा यसपटकका आयोजक राष्ट्र हुन्। यसमा फिफाले अमेरिका मुख्य आयोजक र अन्य दुई राष्ट्रलाई सहआयोजक बनाएको छ। अमेरिकाले यसअघि सन् १९९४ मा विश्वकप आयोजना गरेको थियो। यसपटक तीन राष्ट्रमा विश्वकप भइरहँदा सहभागी राष्ट्रहरूले तीनवट देशको भ्रमण गर्नेछन्।

क्यानडा पहिलोपटक आयोजक

फिफाले उत्तर र दक्षिण अमेरिकी महादेशमा सन् २०२६ को विश्वकप आयोजना घोषणा गर्दा क्यानडाले आयोजक हुने अवसर पायो। तीनवटै देशले संयुक्त रूपमा विश्वकप आयोजनाको दाबी गरेका थिए। फिफाले विश्वकपलाई भव्य बनाउन सहजै तीनवटैलाई आयोजक राष्ट्रका रूपमा घोषणा गऱ्यो। अमेरिका र मेक्सिको विश्वकप आयोजनाका अनुभवी राष्ट्र हुन्। मेक्सिकोमा अहिलेसम्म दुईपटक विश्वकप भइसकेको छ। सन् १९७० र १९८६ मा मेक्सिको विश्वकपको आयोजक बनेको थियो। सन् १९८६ को विश्वकपमा अर्जेन्टिना च्याम्पियन हुँदा डिएगो म्याराडोनाको उदय भएको थियो। उनले मेक्सिकोमा एकल प्रयासमा आफ्नो राष्ट्रलाई विश्व च्याम्पियन बनाएका थिए। विश्वकप आयोजक राष्ट्रका रूपमा क्यानडा नयाँ हो।

तीनवटा राष्ट्रमै उद्घाटन खेल

फिफाका अध्यक्ष इन्फाटिनोले आगामी संस्करणको विश्वकप बृहत् र ऐतिहासिक बनाउने घोषणा गरेका छन्। विश्वकपको उद्घाटन खेल विशेष हुने गर्छ। धेरैले आयोजक राष्ट्रले उद्घाटन कस्तो गर्छ भन्ने प्रतीक्षा गर्छन्। इन्फाटिनोले तीनवटा आयोजक राष्ट्रमा उद्घाटन समारोह हुने बताएका छन्। अब क्यानडा, अमेरिका र मेक्सिकोले उद्घाटन समारोह भव्य बनाउन कसरत गरेका छन्। यी तीनवटै राष्ट्रमा उद्घाटन समारोहसँगै खेल हुने फिफाले जनाएको छ। हरेक उद्घाटन समारोह ९० मिनेटको हुनेछ।



> अमेरिका, मेक्सिको र क्यानडाले पहिलोपटक संयुक्त रूपमा आयोजना गर्ने विश्वकप ३९ दिनसम्म चल्नेछ। प्रतियोगिताले १०४ खेलपछि विजेता पाउनेछ भने ४८ राष्ट्रबाट १ हजार २४८ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

६४ बाट १०४ खेल हुने

फिफाले विश्वकपको सहभागी संख्या थप गर्दा खेल संख्या पनि बढेको छ। कतार विश्वकपसम्म ३२ राष्ट्रले भाग लिएका थिए। इन्फाटिनोले यसपटक कीर्तिमानी रूपमा ४८ राष्ट्रलाई विश्वकपमा सहभागी गराएका छन्। इतिहासमै ४८ राष्ट्रबिच विश्वकप हुनु लागेको यो नै पहिलोपटक हो। यसअघि कतार विश्वकपसम्म ६४ खेल भएका थिए। फिफाले प्रत्येक दुई दशकमा सहभागी संख्या बढाउँदै गएको छ। सन् १९९८ मा फ्रान्सले आयोजना गरेको विश्वकपमा फिफाले पहिलोपटक ३२ राष्ट्रबिच प्रतिस्पर्धा गराएको थियो। जसमा ब्राजिलमाथि जित निकाली फ्रान्सले उपाधि जितेको थियो। यसपटक फिफाले ४० खेल बढाएको छ। जसअनुसार समूह चरणमा ७२ खेल र नकआउट चरणमा ३२ खेल हुनेछन्।

४८ राष्ट्र १२ समूहमा विभाजन

फिफाले यसपटकको विश्वकपमा नयाँ ढाँचा लागू गरेको छ। सहभागी ४८ राष्ट्रलाई १२ समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहमा समान चार टोली हुनेछन्। समूहको शीर्ष दुई स्थानमा रहने टोली अर्को चरणमा प्रवेश गर्नेछन्। यसका साथ उत्कृष्ट तेस्रो स्थानमा रहने थप आठ राष्ट्र पनि दोस्रो चरणमा प्रवेश गर्ने फिफाले जनाएको छ। यसलाई फिफाले राउन्ड अफ ३२ भनेको छ। यसपछि मात्र प्रिक्वार्टरफाइनल, क्वार्टरफाइनल, सेमिफाइनल र फाइनल खेल हुनेछन्। सहभागी संख्या थपिँदा यसपटक फाइनल पुग्ने टोलीले कम्तीमा आठ खेल खेल्नुपर्नेछ। अधिल्लो संस्करणसम्म फाइनलिस्टले सात खेल खेल्नुपर्ने थियो। फिफाले तेस्रो तथा चौथो स्थान यथावत् राखेको छ। यसैगरी, इतिहासमै पहिलोपटक फाइनलको हाफटाइममा हाफटाइम सो हुनेछ। फाइनलको बिचमा भव्य सांगीतिक कन्सर्ट हुने फिफाले जनाएको छ।

एसियाबाट दुई राष्ट्रको डेब्यु

कीर्तिमानी रूपमा तीन राष्ट्रहरूले आयोजना गर्ने विश्वकपमा चार राष्ट्रले फरक इतिहास बनाउनेछन्। अफ्रिकी महादेशबाट केप भर्डे, क्यारेबियन क्षेत्रबाट कुराकाओ र एसियाका जोर्डन र उज्बेकिस्तान पहिलोपटक विश्वकपमा छनोट भएका हुन्। फिफाले सहभागी राष्ट्र थप्दा एसियाबाट थप दुई राष्ट्रले मौका पाएका हुन्।

राष्ट्रिय धुन बज्दा सबै खेलाडी मैदानमा हुनुपर्ने

फिफाले यसपटकको विश्वकपमा केही नौलोपना दिने प्रयास गरेको छ। उसले खेल सुरु हुनुअघि बज्ने राष्ट्रिय धुनमा समेत नियम परिवर्तन गरेको छ। अब खेलअगाडि बज्ने राष्ट्रिय धुनमा विश्वकपका लागि घोषित सबै २६ खेलाडी मैदानमा उभिनुपर्नेछ। यसअघि प्रतिस्पर्धा गर्ने अन्तिम ११ खेलाडी मात्र मैदानमा बस्नुपर्ने थियो। साथै रेफ्रीहरू सबै मैदानको बिच भागमा एकसाथ उभिएर राष्ट्रिय गानमा सरिक हुनेपर्ने फिफाले जनाएको छ।

इरान खेलकै दिन अमेरिकाबाट बाहिरिनुपर्ने



अमेरिकाले इरानलाई भिसा उपलब्ध गराएको छ, तर इरानले विश्वकप यात्रामा कडा नियम पालना गर्नुपर्नेछ। भिसा पाए पनि इरानको फुटबल टोली अमेरिकामा खेल भएको दिनमै बाहिरिनुपर्नेछ। यसअघि भिसाका कारण इरानले आफ्नो प्रशिक्षण शिविर अमेरिकाको एरिजोनाबाट सारेर मेक्सिकोको टिजुआनामा राखेको थियो। विश्वकपभरि नै इरानी टोली मेक्सिकोमा बस्नेछ।

मेक्सिकोका लागि इरानी राजदूत अबोलफाजले आफ्नो टोलीका सदस्यलाई अमेरिकामा हुने खेलका दिन मात्र भिसा दिएको बताए। 'हामीलाई अमेरिकामा हुने खेलको दिनका लागि भिसा दिइएको छ। खेल सकिनेबित्तिकै इरानले अमेरिका छाड्नुपर्नेछ,' राजदूत अबोलफाजले भने। यसैगरी, इरान फुटबल महासंघका अध्यक्ष मेहदीले अमेरिकाले प्रतिशोध लिएको बताए। 'अमेरिकाले अरू राष्ट्रलाई प्रतियोगिता अवधिभरको भिसा दिएको छ। तर, हामीलाई भने खेल भएको दिनको मात्र छ,' संघका अध्यक्ष मेहदीले भने, 'हामी बिहान अमेरिका प्रवेश गर्न सक्छौँ र त्यही दिन फर्किनुपर्छ।'

समूह 'जी'मा रहेको इरानले १५ जुनमा लसएन्जलसमा न्युजिल्यान्डविरुद्ध प्रतिस्पर्धा गर्नेछ। २१ जुनमा बेल्जियमसँग र २६ जुनमा सियाटलमा ईजिप्टविरुद्ध खेल्दै समूह चरणको अभियान पूरा गर्नेछ। इरानले टर्कीबाट भिसा आवेदन दिएको थियो। अमेरिकी अधिकारीका अनुसार खेलाडी, प्रशिक्षक, ट्रेनर तथा केही सहयोगी कर्मचारीलाई भिसा दिइएको हो।

अमेरिकी विदेशमन्त्री मार्को रुबिओले विश्वकपमा सहभागी इरानी प्रतिनिधिमण्डलमाथि कडा निगरानी हुने बताएका थिए। 'इरानको शक्तिशाली सैन्य संगठन इस्लामिक रिभोलुसनरी गार्डस् कोर्ससँग सम्बन्धित व्यक्ति टोलीमा हुन सक्ने अनुमान छ,' उनले भने, 'हामीलाई खेलाडी वा सहयोगी स्टाफसँग समस्या छैन, तर खेलसँग सम्बन्ध नभएका र आइआरजिसीसँग जोडिएका व्यक्तिलाई टोलीमा राख्न दिँदैनौँ।' अप्रिलमा इरानी फुटबल महासंघका प्रमुख मेहदी ताजको क्यानडा प्रवेश भिसा रद्द गरिएको थियो। उनको आइआरजिसीसँग पुरानो सम्बन्ध रहेको आरोपका कारण क्यानडाले यस्तो निर्णय लिएको थियो।

युद्धको प्रभाव

गत फेब्रुअरीदेखि अमेरिका र इजरायलले इरानमाथि संयुक्त सैन्य आक्रमण सुरु गरेपछि उसको विश्वकपमा सहभागिता अनिश्चित बनेको थियो। युद्धका कारण घरेलु फुटबल लिगसमेत प्रभावित बनेको थियो।

इरानले गत साता विश्वकपमा सहभागी हुने अन्तिम टोली घोषणा गरेको थियो। जसमा १७ जना घरेलु क्लबका खेलाडी समावेश छन्। गत मार्चमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको स्थानमा इटालीलाई विश्वकपमा स्थान दिनुपर्ने प्रतिक्रिया दिएका थिए। यद्यपि, इटलीले कसैको स्थानमा विश्वकप नखेल्ने घोषणा गरेको थियो। यसपटक पनि इटलीले विश्वकपको छनोट चरण पार गर्न सकेन।

खेल संक्षेप

मार्बलस र भ्याली पब्लिक च्याम्पियन



काठमाडौं/ मार्बलस र भ्याली पब्लिकले दोस्रो तेजस्वी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। मार्बलस पुरुष तथा भ्याली पब्लिक महिलामा विजेता बने। मार्बलस र भ्याली पहिलोपटकको सहभागितामै विजेता बनेका हुन्। तेजस्वी एकेडेमीको कोर्टमा आइतबार भएको पुरुष फाइनलमा मर्बलसले गोल्डेनपिकलाई ५३-४२ ले पराजित गऱ्यो। महिलातर्फको उपाधि भिडन्तमा भ्याली पब्लिकले इडेन ब्रिज एकेडेमी (इबिए) लाई ३२-२९ ले हरायो। पुरुषमा मार्बलसका रोशन कुसवाह तथा महिलामा भ्याली पब्लिककी दृश्य गुरुङ 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। पुरुषमा न्युटनका मिक्सन तामाङ तथा महिलमा फेरिल्यान्डकी खुश्बु मगर उत्कृष्ट 'थ्री प्वाइन्टर' चुनिए। पुरुषमा गोल्डेनपिकका सुशील गिरी तथा महिलामा इबिएकी मेनुका मगर प्रतियोगिताकै सर्वाधिक स्कोरकर्ता बने। १३ जेठदेखि सुरु भएको प्रतियोगितामा पुरुषतर्फ ३१ तथा महिलामा १७ टोलीले भाग लिएका थिए।

प्रवीण र मोनिकालाई स्वर्ण

काठमाडौं/ प्रवीण दियाली, राजु शर्मा र मोनिका चौधरीले दोस्रो खुला जुडो प्रतियोगितामा स्वर्ण जितेका छन्। तीन स्पर्धा प्रतिस्पर्धा भएको प्रतियोगितामा स्वर्ण जित्ने तीनै खेलाडी नेपाल आर्मीका हुन्। पुरुष ७३ केजीमुनि फाइनलमा प्रवीणले आयोजकका सुबोध मण्डललाई पराजित गरे। पुरुष सय केजीमुनि फाइनलमा राजुले ट्राइ फोर्स जुडो क्लब, भुटानका तन्जिन दोर्जीलाई हराए। महिला ५७ केजीमुनिमा मोनिकाले आर्मीकै पार्वती आचार्यलाई फाइनलमा पाखा लगाइन्। पहिलो हुनेले पाँच हजार, दोस्रोले तीन हजार र तेस्रोले दुई हजार रुपैयाँ पाएका छन्। प्रतियोगितामा तीन विभागीय टोली, भुटानका दुई क्लबसहित ११ टिमका ५२ खेलाडीले सहभागिता जनाएका थिए।

बुढानीलकण्ठ विजयी

काठमाडौं/ बुढानीलकण्ठ र ट्रेनिङ ग्राउन्डले पाँचौँ नखीपोट खुला बास्केटबल प्रतियोगिताअन्तर्गत महिलातर्फ जित निकालेका छन्। बुढानीलकण्ठले आइतबार भएको खेलमा आइएस नेपाललाई ६५-१२ ले पराजित गऱ्यो। अर्को खेलमा ट्रेनिङ ग्राउन्डले बलर्सलाई ७३-४१ ले हरायो। पुरुषमा मोफसलका दुईसहित १९ टोलीले भाग लिएका छन्। महिलामा ६ टिमको सहभागिता छ। पुरुषमा नेपाल आर्मी तथा महिलामा माउन्टेन मुभर्स साबिक विजेता हुन्। पुरुषका विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ पाउनेछन्। महिलामा पहिलो हुनेले ५० हजार र दोस्रोले २५ हजार रुपैयाँ पाउने आयोजकले जनाएको छ। पुरुषतर्फ 'मोस्ट भेलुएबल प्लेयर'ले २० हजार र महिलाले १५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन्।

हिमरश्मिले न्युटनलाई हरायो

काठमाडौं/ हिमरश्मि र एन्जल्स हार्ट नेसनल स्कुलले दोस्रो राष्ट्रिय एन्जल्स हार्ट अन्तरविद्यालय-कलेजस्तरीय पुरुष भलिबल प्रतियोगितामा जित हात पारेका छन्। हिमरश्मिले आइतबार भएको खेलमा न्युटन 'बी'लाई २५-१५ र २५-११ को सेटमा हरायो। एन्जल्स हार्ट नेसनलले नेपाल राष्ट्रिय माविविरुद्ध २-१ जित हात पाऱ्यो। एन्जल्स हार्ट माविको आयोजनामा भइरहेको प्रतियोगितामा सेन्ट लरेन्सले पाटन हाई स्कुललाई २-० ले हरायो। न्युटन 'ए'ले गीताञ्जलीमाथि २-० को सहज जित हात पाऱ्यो। ग्रिनफिल्डले सेन्ट लरेन्सलाई २-० को सेटमा निराश बनायो। चाणक्यले न्युटन 'बी'लाई २५-२३ र २५-१७ र नेपाल राष्ट्रिय माविलाई २५-२३, १८-२५ र १५-८ ले निराश बनाए। लिग कम नकआउटअनुसार चलेको प्रतियोगितामा १९ टोलीले भाग लिएका छन्। विजेताले ५० हजार, उपविजेताले ३० हजार र तेस्रो हुने टोलीले १५ हजार रुपैयाँ हात पार्नेछन्।

अभ्यास खेलमा अर्जेन्टिना विजयी



एजेन्सी/ सन् २०२६ को फिफा विश्वकप फुटबल प्रतियोगिताको पूर्वसन्ध्यामा आइतबार भएको मैत्रीपूर्ण अभ्यास खेलमा अर्जेन्टिनाले होन्डुरसलाई २-० ले हराएको छ। अर्जेन्टिनाको जितमा लाउटारो मार्टिनेजले पेनाल्टीमा खेलको ३७औँ र सिमोओनीले ५४औँ मिनेटमा गोल गरेका थिए। प्रतिस्पर्धामा नियमित कप्तान लियोनल मेसीले चोटका कारण खेल्न सकेनन्। प्रशिक्षक लियोनल स्कालोनीले मेसीलाई रेस्टमा राखेका छन्। अर्जेन्टिना विश्वकपको साबिक विजेता हो। यसैगरी, केन्याले लेसोथोलाई ४-० ले हरायो।

डिएभीले जेम्सको सामना गर्ने

नयाँ पत्रिका



तेस्रो जयकुमारनाथ शाह स्मृति यू-१६ इन्टरस्कुल क्रिकेट प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। डिएभी सुशील केडिया, जेम्स, सैनिक आवासीय महाविद्यालय र नेपाल पुलिस क्लबले सेमिफाइनल स्थान बनाएका छन्। पहिलो सेमिफाइनलमा सोमबार डिएभीले जेम्सको सामना गर्नेछ। अर्को खेलमा सैनिक र नेपाल पुलिस भिड्नेछन्। फाइनल मंगलबार हुनेछ।

जेम्सले अन्तिम चारमा स्थान पक्का गर्न मोक्षदा स्कुललाई १० विकेटले हरायो। मोक्षदाले २० ओभरमा नौ विकेट गुमाएर ९५ रन बनाएको थियो। प्रत्युत्तरमा जेम्सले ९.५ ओभरमा विनाविकेट ९६ रन जोड्दै जित निकाल्यो। जेम्सका स्वराज चौलागाईंले ३० बलमा चार चौका र एक छक्काको सहयोगमा ३८ रन बनाए।

जेम्सका सुदिश पौडेलले ३० बलमा सात चौकासहित ४३ रन बनाएका हुन्। मोक्षदाका लागि ऋषुशाह सुवेदीले अविजित ५१ रन बनाए। जेम्सका प्रचेत लाखोटिया र स्वराज चौलागाईंले समान तीन विकेट लिएका थिए। नेपाल पुलिसले रत्नराज्य माध्यमिक विद्यालयलाई ५० रनले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको हो। पहिले ब्याटिङ गरेको पुलिस स्कुलले २० ओभरमा आठ विकेट गुमाएर १४४ रनको बनायो। प्रत्युत्तरमा रत्नराज्य १७.१ ओभरमा ९४ रनमै अलआउट भयो। रत्नराज्यका उदयकुमार मण्डलले सर्वाधिक ३१ रन बनाए।

पुलिसका सुजित यादवले उत्कृष्ट बलिङ गर्दै चार विकेट लिए। काठमाडौं जिल्ला क्रिकेट संघको आयोजनामा चलिरहेको प्रतियोगितामा २४ टोलीको सहभागिता थियो। विजेताले एक लाख ५० हजार तथा उपविजेताले ७५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

२०औँ एसियन क्रिकेट छनोट

नेपालले उपाधिका लागि हङकङसँग खेल्दै



नयाँ पत्रिका

नेपालले २०औँ एसियाली खेलकुद छनोट प्रतियोगिताको उपाधिका लागि सोमबार हङकङविरुद्ध खेल्दै छ। सिंगापुरमा आइतबार भएको सेमिफाइनल खेलमा नेपाल र हङकङले आ-आफ्ना प्रतिद्वन्द्वीलाई पाखा लगाउँदै उपाधि भिडन्त पक्का पारेका हुन्। अहिलेसम्म यी दुवै टोली अपराजित छन्। प्रतियोगिताको पहिलो सेमिफाइनलमा नेपालले ओमानलाई आठ विकेटले हरायो। हङकङले मलेसियामाथि ६ विकेटको जित निकाल्यो। समूह 'ए'मा नेपालले चीन र मलेसियालाई हराएको थियो।

हङकङले ओमान, बहराइन र आयोजक सिंगापुरलाई पाखा लगाएको थियो। ओमान र मलेसियाबिच सोमबार नै तेस्रो स्थानका लागि खेल हुनेछ। सेमिफाइनलमा पुगेका चारै टोली यसअघि नै जापानमा हुने एसियाली खेलुकदमा छनोट भइसकेका छन्। अब एसियाली खेलकुदमा यी चार टोलीसहित आयोजक जापान, टेस्ट राष्ट्रहरू अफगानिस्तान, बंगलादेश, भारत, पाकिस्तान र श्रीलंकाले प्रतिस्पर्धा गर्नेछन्। नेपाल लगातार दोस्रोपटक एसियाली खेलकुदमा छनोट भएको हो।

नेपालको सहज जित

पहिलो सेमिफाइनलमा टस जितेर ब्याटिङ गरेको ओमान १९.४ ओभरमा ९४ रनमा अलआउट भयो। प्रत्युत्तरमा नेपालले ९.२ ओभरमा दुई विकेटको क्षतिमा जित निकाल्यो। नेपालको सानदार जितमा लोकेश बमले २६ बलमा सात चौका र एक छक्कासहित सर्वाधिक ४४ रन बनाए। ओपनर कुशल भुर्तेलले २० रन बनाउन आठ बलमा तीन चौका र एक छक्का प्रहार गरेका थिए। भुर्तेलले यसअघि मलेसिया र चीनविरुद्धको लगातार खेलमा शतकीय इनिङ्स खेलेका थिए। पूर्वकप्तान रोहित पौडेल २० बलमा २१ रनमा अविजित रहे।

ओमानका लागि समिर ओथामनले दुई विकेट लिए। ओमानको ब्याटिङ कमजोर बनाउन नेपालका फास्ट बलर करण केसीले चार ओभरमा २० रन खर्चेर तीन विकेट लिएका थिए। उनी खेलका म्यान अफ दी म्याच बने। ओमानका लागि कप्तान सफियान मोहम्मदले ४२ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक ३८ रन बनाए। जुबिर अली अकबरले १४ बलमा पाँच चौकासहित २२ रन जोडे। सोमपाल कामी र सन्दीप लामिछानेले समान दुई विकेट हात पारे। कुशल मल्ल, शाहब आलम र कप्तान दीपेन्द्रसिंह ऐरीले समान एक विकेट लिए।

हङकङ ६ विकेटले विजयी

दोस्रो सेमिफाइनलमा हङकङले मलेसियालाई ६ विकेट हराएको थियो। मलेसियाले पहिलो ब्याटिङ गरी नौ विकेटको क्षतिमा ११५ रन बनाएको थियो। हङकङले साहिद वासिफको अर्धशतकको सहयोगमा चार विकेट गुमाएर जित निकाल्यो। हङकङले १८.२ ओभरमा जित निकालेको हो। साहिदले अविजित ५९ रन बनाउन ४२ बलमा तीन चौका र ६ छक्का हिर्काएका हुन्। बाबर हायतले अविजित २४ रन बनाए। उनले ३२ बलमा समान एक चौका र छक्का हिर्काएका थिए। मलेसियाका लागि बिरन्दिपले नै ४१ बलमा सर्वाधिक ४५ रन जोडेका थिए। उनले चार चौका र दुई छक्का प्रहार गरे। हङकङका इहसान खानले सर्वाधिक चार विकेट लिएका थिए। आयुष शुक्ला, हसन खानले समान दुई विकेट लिएका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com